# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

असार २०६८




## अङ्ग्रेजी माध्यमको लहर

कक्षा ३ लाई अङ्ग्रेजीमा विज्ञान विषय पढाउँदै तनहुँको सरकारी स्कूलकी एक शिक्षक ।

चिन्तन: सिकाइ उपलब्धि नाप्न सकिन्छ ? | बालकको बौद्धिक विकास र गणित


Dabur
Réal विश्वासको साथ
जिन्दगी रमाउँछ !
Réal
Fruit Power
Mango nectar
The Original Goodness
नेपालको न. १
फ्रुट जुस
HACCP
CERTIFIED
उत्कृष्ट QUALITY को REAL छ...
HEALTHY अनि TASTY...

# शिक्षक
मासिक

वर्ष ४ पूर्णाङ्क ३९

असार २०६८
June-July 2011



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
के.बी. मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी



**कार्यालय**
**ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड**
***(शिक्षक मासिक)***
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु दनं ५३/०६५/०६६





## स्कूलमा अङ्ग्रेजी माध्यमको लहर

# शिक्षकलाई महाभारत

पृष्ठ २२-२८

### अन्य सामग्री


शैक्षिक सामग्री सङ्ग्रहालय १६
सरकारी स्कूल लोभलाग्दा पनि छन्! १८
सफलता एसएलसीसम्मै २९
अङ्ग्रेजी मात्रै राम्रोसित अङ्ग्रेजीमा पढाइदिए पुग्छ
*प्रा. डा. जयराज अवस्थी, ३२*
अङ्ग्रेजी शिक्षाः को बन्ने, 'म' कि 'ऊ' अथवा तेस्रो ?
*डा. विद्यानाथ कोइराला, ३४*
अङ्ग्रेजी भाषाः सन्दर्भ, महत्व र अनुभव
*केशवप्रसाद भट्टराई, ३८*
प्रयोगधर्मी शिक्षक ४२
जापानमा छोरी पढाउँदा...
*सञ्जीव श्रेष्ठ, ४६*
सिकाइ उपलब्धि : नाप्न सकिने कुरा हो ?
*अनुवादः हस्त गुरूङ, ४८*
दिगो विकासका लागि शिक्षा
*डा. तीर्थबहादुर श्रेष्ठ, ५१*
बालकको बौद्धिक विकास र गणित शिक्षण
*जीवन खड्का, ५३*
Teach Idioms Using the Dictionary
*Ram Hari Rijal, ५६*


### समाचार


समाचार १३-१५

युनियनलाई सहयोग रोक्का ■ विज्ञान शिक्षकको पहिलो अधिवेशन ■ पोखरामा क्षेत्रीय शैक्षिक प्रदर्शनी ■ अहिल्यैदेखि एसएलसी सुधार्ने तयारी! ■ तालिममा नेता ■ प्रअ भेलाका पाँच प्रतिबद्धता


### स्तम्भ



विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा १०, जिज्ञासा र जवाफ ५९, फुर्सद ६१, आलोपालो ६४


*शिक्षक* को ग्राहक बन्दा आधिकारिक व्यक्तिबाट मात्र बन्नुहोस्। पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला।



# रेडियो कथा प्रतियोगिता

# लेख्वे दुनियाँले सुन्छ नलेख्वे हराएर जान्छ



## प्रिय शिक्षक साथीहरू,

तपाईंका विद्यार्थीमा अवश्य पनि अनेकथरी प्रतिभा छन् । तर तीमध्ये कतिपय प्रतिभा प्रस्फुटित हुन नपाइरहेका हुनसक्छन् । उनीहरूको लेखनको प्रतिभालाई मद्दत गर्न एउटा कार्यक्रम शुरू भएको छ- *रेडियो कथा* लेखन प्रतियोगिता । आफ्ना विद्यार्थीलाई यस प्रतियोगितामा भाग लिन प्रोत्साहन र सहयोग गरिदिनुहुन हाम्रो हार्दिक अनुरोध छ ।

लेखन अभिव्यक्तिको एकदमै लोकप्रिय माध्यम हो । यसको कारण हो, लेख्न गाह्रो छैन; लेखनमा कुनै खर्च पनि छैन । सिर्जना गर्ने रूचि र जाँगर भएको व्यक्तिसित अलिकति कागज र एउटा कलम मात्र भयो भने पनि गतिलो रचना तयार हुनसक्छ । लेख्नका लागि गीत सङ्गीतमा जस्तो बाजागाजा पनि चाहिने होइन । चित्रकला वा मूर्तिकलामा जस्तो अनेक उपकरण र रङ-क्यानभास पनि चाहिँदैन । कसैले थाहै नपाई, एक्लै अभ्यास गरेर पनि राम्रा राम्रा साहित्यको सिर्जना हुनसक्छ ।

तर किशोरकिशोरी र नवयुवाहरूलाई लेखनका लागि एउटा कुरा भने नभई हुँदैन । त्यो हो- लेख्ने प्रेरणा, वातावरण र 'मैले लेखेको कुरा खेर जाँदैन' भन्ने विश्वास । लेखेको कुरा राम्रो भएमा त्यसले पुरस्कार पनि पाउँछ भन्ने भयो भने त झन् सुनमा सुगन्ध नै हुन्छ ।

### लेख्ने किन ?

लेखन सबभन्दा पहिले आफ्नो मनका कुरा सुनाउने चाखलाग्दो र इज्जतिलो विधा हो । लेखनले मान्छेको आक्रोशलाई समेत मनछुने ढङ्गले पोखिने मौका दिन्छ । लेखनले प्रेमलाई बढाउँछ; विरह, पीर र व्यथाहरु घटाउँछ । लेखनकै माध्यमबाट हामी आफूले देखे-भोगेका राम्रा-राम्रा कुरा संसारलाई बताउन सक्छौं । हामी अरूले लेखेका कुरा जति चाख मानेर पढ्छौं, हामीले लेखेका कुरा अरूले त्यसरी नै पढ्छन् । लेख्दा लेख्दै कतिपय गाँठा फुक्छन्, लेख्ने क्रममा कतिपय प्रश्नको जवाफ समेत पाइन्छ र ती कुरा संसारले पनि थाहा पाउँछ ।

लेखनले हामी बाँचेको समाज र संसारका कुराको अभिलेख राख्ने काम गर्छ । प्रभावकारी लेखनले हाम्रो पहिचान समेत उजिल्याउँछ ।

त्यसैले हामी तपाईंसित आफ्ना विद्यार्थीहरूलाई *रेडियो कथा* लेखन प्रतियोगितामा सहभागी हुन प्रोत्साहित गरिदिन अनुरोध गर्छौं । सानै उमेरदेखि आफ्ना मनका कुरा निष्फिक्री भन्न सिके भने हाम्रा युवाहरूले जीवनको सबै क्षेत्रमा सफलता पाउन सक्छन् ।

### लेखेन भने के हुन्छ ?

लेख्ने मान्छेका मनका कुरा र उसले देखे-भोगेका कुरा संसारले थाहा पाउँछ । नलेखिएका कुरा जस्तै महत्वपूर्ण भए पनि विस्मृतिको खाडलमा दबिएर जान्छन् ।

लेख्ने अभ्यासले तपाईंका विद्यार्थीलाई लेखक बनाउँछ र उनीहरूमा मन लागेका कुरा मिलाएर भन्ने क्षमताको विकास हुन्छ ।

### लेख्ने अभ्यास कसरी गर्ने ?

जस्तोसुकै प्रतिभा पनि अभ्यास र साधना विना बाहिर आउन सक्दैन । जतिसुकै मीठो स्वर भएको व्यक्तिलाई

पनि सङ्गीतको आधारभूत तालिम चाहिन्छ । कलाका अरु विधामा चाहिने सीप र ज्ञान लेखनमा पनि चाहिन्छ । लेखक बन्नका लागि केही आधारभूत सीप जान्नै पर्छ; धेरैभन्दा धेरै पढ्नुपर्छ र लेख्ने अनवरत अभ्यास गर्नुपर्छ ।

यसै कुरालाई ध्यानमा राखेर संसारका धेरै मुलुकमा सृजनशील लेखनको पढाइ नै हुन्छ । लेख्न सिकाउने तालिम पनि हुन्छन् र अनेक किसिमका प्रतियोगिता गरेर बालबालिका र किशोरकिशोरीहरूलाई लेख्नका लागि प्रेरित गरिन्छ ।

लेख्ने अभ्यास र सीपका बारेमा थप कुरा रेडियो कार्यक्रम *कथा संसार* मा प्रसारण गरिनेछ ।

## *कथा संसार* के हो ?

यही २०६८, असारको पहिलो शनिबारदेखि रेडियो नेपालका सबै प्रसारण केन्द्र र सबै फ्रिक्वेन्सीहरूबाट प्रत्येक शनिबार बिहान ९:१५ बजेदेखि प्रसारण हुने कार्यक्रम *कथा संसार* मा कथा र संस्मरण लेख्ने सीपहरूका बारेमा चर्चा गरिनेछ । हिमाल एसोसिएसनको सहकार्यमा रेडियो नेपालबाट प्रसारित *कथा संसार* कार्यक्रम नियमित सुन्ने गरेमा विद्यार्थीले लेखनका सीपहरु सिक्न सक्नेछन् ।

## '*कथा संसार*' र '*रेडियो कथा*' मा अल्मलिनुपर्दैन

*कथा संसार* हिमाल एसोसिएसनको सहकार्यमा रेडियो नेपालबाट प्रसारण हुने सृजनशील लेखन सिकाउने कार्यक्रम हो । *रेडियो कथा* भने किशोरकिशोरीहरूको कथा लेखन प्रतियोगिता हो । *रेडियो कथा* मा प्राप्त भएका र छानिएका रचनाहरू पनि *कथा संसार* कार्यक्रमबाट प्रसार हुन्छन् ।

## *रेडियो कथा* कस्तो कार्यक्रम हो ?

*रेडियो कथा* किशोरकिशोरीबीच कथा प्रतियोगिता गराएर छानिएका कथाहरू रेडियोमा पढ्ने प्रतियोगिता हो । तर यो रेडियोमा मात्र सीमित हुने छैन । प्रतियोगितामा प्राप्त कथाहरु इन्टरनेटमा राखिनेछन् । पुरस्कृत कथाहरूको चाहिं पुस्तक नै प्रकाशित गरिनेछ ।

पुरस्कृत कथा लेखकहरूले अन्य पुरस्कारका अतिरिक्त आगामी शरदऋतुमा काठमाडौंमा आयोजना हुने प्रत्यक्ष तालिम कार्यक्रममा सहभागी हुने समेत मौका पाउनेछन् ।

## *रेडियो कथा* मा कसरी सहभागी हुने ?

यो कार्यक्रममा १२ देखि १८ वर्षभित्रका किशोरकिशोरीले भाग लिन पाउनेछन् । यसमा भाग लिने तरिका हो, आफूले भोगेका वा नजिकबाट देखेका कुरा लेखेर पठाउने ।

छानिएका लेखकहरूले काठमाडौंमा भेला भएर फेरि कथा लेख्नुपर्नेछ र पुरस्कृत कथाहरूको सँगालो पनि प्रकाशित गरिने छ । १२-१४ वर्षको उमेर समूह र १५-१८ वर्षको उमेर समूहको मूल्याङ्कन फरक-फरक मापदण्डमा हुनेछ ।

इन्टरनेट सेवा उपलब्ध भएका ठाउँमा www.radiokatha.com लग अन गरेमा यसको पृष्ठ खुल्छ । नेपालीमा टाइप गर्न नजाने पनि त्यहाँ सीधै नेपालीमा लेख्न सकिन्छ ।

## *रेडियो कथामा* सहभागी हुन:

१. १२ वर्ष पुगेको र १८ वर्ष ननाघेको हुनुपर्छ । विद्यार्थीको उमेर विद्यालयले प्रमाणित गर्नुपर्नेछ । विद्यालय बाहिर रहेका सहभागीहरूले जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पठाउनुपर्नेछ । उमेर नाघेको प्रमाणित भएमा प्रतियोगिताबाट बाहिरिनुपर्नेछ ।

२. कथा इमेलबाट पठाए सजिलो हुन्छ । इमेलबाट पठाइएको कथा तुरुन्तै इन्टरनेटमा प्रकाशित हुनसक्छ । कथा हुलाकबाट पठाए पनि हुन्छ । जसरी पठाए पनि सफा र बुझिने अक्षरमा भने हुनुपर्छ ।

३. सहभागीहरूले तलका जानकारी र विवरण पूरा भर्नुपर्नेछ ।

नामः ............... जन्ममिति ............... विद्यालयको नाम ...............
जिल्ला ............... गाउँ/नगर............... फोन नम्बर ...............
तपाईंले दिएको फोन नम्बर कसको हो ? आफ्नै ? अभिभावकको ? स्कूलको ? शिक्षकको ? छिमेकीको ? वा ..........

हुलाकबाट पठाएका खण्डमा कथाको एउटा प्रति आफूसित सुरक्षित राख्नुहोला ।

फोन नम्बर हुने सहभागीलाई कथा प्राप्त भएको जानकारी फोनबाट पनि दिइनेछ ।

## शिक्षकको भूमिका

- विद्यार्थीलाई उनीहरूको मन छोएका, उनीहरूले नजिकबाट अनुभव गरेका वा भोगेका कुरा लेख्न प्रेरित गरिदिनुहोस् । उनीहरूले जे लेखे पनि आफ्नै मनबाट र आफ्नै भाषा शैलीमा लेखून् ।
- विद्यार्थीलाई मौलिक हुन हौसला दिनुहोस् । अर्काले लेखिसकेका कुरा दोहोऱ्याएर कोही पनि लेखक हुनसक्दैन भन्ने कुरा उनीहरूले सानैदेखि बुझ्नु आवश्यक हुन्छ ।
- विद्यार्थीलाई *कथा संसार* सुन्न र *रेडियो कथा* मा भाग लिन प्रेरित गरिदिनुहोस् । उनीहरूलाई सृजनशीलताको बाटोमा हिंड्न मद्दत गरिदिनुहोस् ।
- आफूले लेखेका कुरा कसैले पनि नहेरी *रेडियो कथा* मा पुग्छ र उनीहरूका रचनालाई कसैले पनि सेन्सर (जाँचपास) गर्दैन भन्ने कुरा विद्यार्थीहरूलाई बुझाइदिनुहोस् ।
- तपाईंका विद्यार्थीहरू इन्टरनेट चलाउँछन् भने www.radiokatha.com.np मा लग अन गर्न वा फेसबुकमा *रेडियो कथा* को पृष्ठ हेर्न सुझाव दिनुहोस् ।
- विद्यार्थीलाई लेख्न हौसला दिनुहोस् तर नसिकाइदिनुहोस् । आज तपाईंले सिकाएर लेखे भने पनि पुरस्कृत भएपछि उनीहरूले काठमाडौंमा आएर आफैं नै लेख्नुपर्नेछ । त्यतिबेला उनीहरू लज्जित हुनु नपरोस् ।

## *रेडियो कथा* को मर्म हो

तपाईंका कथा तपाईंले लेख्नुभयो भने संसारले सुन्छ, लेख्नु भएन भने तपाईंले बिर्सिनुहुन्छ र कसैले सुन्न पनि पाउँदैन ।

---

**कथा पठाउने ठेगाना**

**रेडियो कथा**

हिमाल एसोसिएसन
Himal Association

पाटनढोका, पो.ब.नं. १६६, ललितपुर, नेपाल
फोनः ५५४२५४४, ५५४८१४२, फ्याक्सः ५५४११९६
इमेलः radiokatha@gmail.com
radiokatha

■ केदार शर्मा

# 'डान्गेरोउस फुटुरे' बाट बचौं !

**देवनागरी** लिपि चिन्ने मानिसले जे देख्छ त्यही पढ्छ भने नेपाली सजिलै उच्चारण गर्न सक्छ । देवनागरी लिपिमा लेखिने भाषाहरू संस्कृत, नेपाली, हिन्दी आदिमा एकथोक लेखिने र अर्को थोक उच्चारण हुने समस्या छैन । तर अङ्ग्रेजी यस्तो भाषा हो जहाँ उच्चारणका अनियमितताहरू अत्यन्त धेरै छन् । हामी सबैलाई थाहा छ, अङ्ग्रेजी शब्दमा छँदाखाँदाका सग्ला अक्षरहरू कहिले मौन (साइलेन्ट) भइदिन्छन् अनि उही अक्षरहरू फरक-फरक शब्दमा फरक-फरक ढङ्ले उच्चारण भइदिन्छन् । do मा उकार उच्चारण हुने o (ओ) अक्षर go वा so मा ओकार बनिदिन्छ । त्यही अक्षर of मा 'अ' उच्चारण हुन्छ । read को वर्तमान काल उच्चारण गर्दा 'रिड' हुन्छ र भूतकालमा 'रेड' भइदिन्छ ।

अङ्ग्रेजी भाषाको अनियमित उच्चारण पद्धतिलाई अङ्ग्रेजीकै विद्वान् र भाषाविद्हरूले मजाले उडाएका छन् । त्यसको एउटा चरम उदाहरण हो GHOTI = फिस (fish) । सीधा 'घोटी' देखिने/पढिने शब्द कसरी फिस उच्चारण हुनसक्छ त ?

- tough/tʌf/ (टफ) मा जसरी gh को उच्चारण फ /f/ हुन्छ
- women/'wɪmɪn/ (विमिन) मा जसरी o को उच्चारण इ /ɪ/ हुन्छ, र,
- nation/'ne͡ɪʃən/ मा जसरी ti को उच्चारण श /ʃ/ हुन्छ ।

यसरी अङ्ग्रेजी GHOTI लाई 'फिस' पनि उच्चारण हुनसक्ने सम्भावना भएको भाषा हो । तर यसैसित जोडिएको अर्को सत्य हो– यति अनियमित नियम भएको भाषा भए तापनि यो वर्तमान युगको गति र प्रगतिको भाषा हो, ज्ञानको भाषा हो र अन्तर्राष्ट्रिय सम्पर्कको सबभन्दा बलियो भाषा हो । अप्ठ्यारो मात्रै भएको भए यो भाषा यति लोकप्रिय र शक्तिशाली बन्न सक्ने थिएन ।

अङ्ग्रेजी सिक्ने सबभन्दा प्रभावकारी उपाय त्यो भाषा जान्नेहरूबाट सिक्नु नै हो । सही वा राम्रो उच्चारण गर्न जान्नेहरूसितको सङ्गतबाटै उच्चारण सुध्रिँदै जाने हो । टेलिभिजन र फिल्म हेर्ने, रेडियो सुन्ने आदि पनि उच्चारण सुधार्ने राम्रा तरिका हुन् । उच्चारण चिन्ह (phonetics) को सहाराबाट पनि सही उच्चारण गर्न सकिन्छ । तर यी सबैका लागि पनि अङ्ग्रेजीको केही आधार त चाहिन्छ नै । अब विचार गरौँ, नेपालका कति शिक्षक, त्यो पनि प्राथमिक कक्षाका शिक्षकहरूलाई यी सुविधा उपलब्ध होलान् र तिनले विद्यार्थीलाई अङ्ग्रेजी शब्दको अर्थ र उच्चारण सही तरिकाबाट सिकाउन सक्लान् ?

समस्या उच्चारणमा मात्र छैन । हामीकहाँ पाठ्यपुस्तक बाहेकका अङ्ग्रेजीका चाखलाग्दा किताब सहज रूपले उपलब्ध छैनन् । किताब भइहाले पनि सही उच्चारणका साथ पढेर सुनाइदिने वा बुझाउने क्षमता अधिकांश गुरु र अभिभावकहरूमा छैन । हाम्रो शब्दभण्डार पनि फराकिलो छैन । फलतः अधिकांश सरकारी स्कूलहरूमा अझसम्म पनि अङ्ग्रेजीको पढाइ नेपालीमा हुन्छ । त्यसले गर्दा बोध क्षमता, उच्चारण र




शब्दभण्डार तीनै कुरामा नराम्रो असर पर्छ । यी कुरा राम्रो नहुनुको परिणाम अङ्ग्रेजी बोल्न नसक्नु मात्र होइन, अर्काले बोलेको अङ्ग्रेजी बुझ्न कठिनाई हुनु पनि हो । सफलताको लक्ष्य हासिल गर्न अङ्ग्रेजीको राजमार्ग नदौडिई नहुने अहिलेको अवस्थामा अङ्ग्रेजीकै आधार कमजोर हुनु भनेको ठूलो र अपूरणीय क्षति हो ।

यसैकारण हिजोआज धेरै सरकारी विद्यालयले अङ्ग्रेजी माध्यममा पढाउन थालेका छन् । परिस्थितिले सिर्जना गरेको यस्तो मागका कारण हिजोसम्म कहिल्यै अङ्ग्रेजी नपढाएका शिक्षकहरूलाई पनि अङ्ग्रेजीमै पढाउने दबाव आएको कुरा यसपटक हामीले प्रकाशन गरेका लेखहरूले बताएका छन् । M N लाई एम एन होइन, यम यन पढेर आएका शिक्षक साथीहरूलाई यसबाट ठूलो सकस भएको हुनुपर्छ । अङ्ग्रेजीको अत्यन्त ठूलो माग छ, तर माग अनुसारको आपूर्ति गर्न सक्ने अवस्था छैन । आपूर्ति भन्दा माग ठूलो भएको बजारमा मिसावट शुरु हुनु स्वाभाविक हुन्छ । अङ्ग्रेजीको पठन-पाठन गतिलो नभएको (एसएलसीको रिजल्टको आधारमा) अवस्थामा सरकारी स्कूलमा पनि 'बोर्डिङमा जस्तै' पढाउने अहिलेको लहर र दबाबले यो स्थिति अझ बिगार्न सक्छ ।

विना सीप, ज्ञान र तयारी पढाउनुको खतरा सरकार र शिक्षकहरूलाई थाहा नहुने कुरा होइन । तर यी दुवैथरी मौन रहन बाध्य छन् । यो खतराका बारेमा अनभिज्ञ चाहिँ अबोध बालबालिका र तिनका उपायहीन बाबुआमा छन्, जो शिक्षाका प्राथमिक सेवाग्राही हुन् । नेपाली भाषाकै शिक्षा पनि राम्रोसँग हुन नसकेको अहिलेको अवस्थामा उपयुक्त योग्यता हासिल नगरेका र तालिम नपाएका शिक्षकले जबरजस्ती अङ्ग्रेजी माध्यममा पढाउँदाको परिणाम अन्ततः कस्तो आउला ?

अप्ठ्यारो छ, तर हामी उपायहीन भने छैनौं । यसपटक हामीले प्रस्तुत गरेका लेखहरूले अङ्ग्रेजी माध्यममा जाँदाका समस्यासँगै समाधानका केही ठोस उपायहरू पनि 'प्रस्तुत' गरेका छन् । ती उपायलाई सबैले गम्भीरतापूर्वक ध्यान दिने हो भने अझ पनि सम्हालिने ठाउँ छ । हैन भने हाम्रो अङ्ग्रेजीलाई एउटा डान्गेरोउस फुटुरे (Dangerous Future) बन्नबाट कसैले रोक्न सक्ने छैन ।

# क्षमता र सीमा



**एउटा** गधा दाउराको भारी बोकेर खोलो तर्दैथियो। अचानक खुट्टा चिप्लिएर ऊ पानीमा पल्ट्यो। गह्रुँगो भारीले गर्दा उठ्न नसकेपछि ऊ बेस्सरी चिच्याउन थाल्यो।

गधा कराएको सुनेपछि खोलाका केही भ्यागुता उसको नजिक पुगे। तिनले गधाको स्थिति देखेपछि उसलाई व्यङ्ग्य गर्दै भने, "हामीजस्तै जीवनभर हिलो र पानीमा बस्नु परेको भए तिमीले के गर्थ्यौ ? एकछिन पानीमा डुब्दैमा यस्तो हल्ला गर्न सुहाउँछ ?"

अप्ठ्यारोमा परेका बेला भ्यागुताहरूको अर्ती सुन्नुपर्दा गधालाई खपिनसक्नु भयो। रिसको झोंकमा न्वारानदेखिको बल लगाएर पानीबाट निस्कने प्रयत्न गर्न थाल्यो। नभन्दै त्यहाँबाट निस्कन सफल पनि भयो। बाहिर निस्किएपछि उसले अधिका भ्यागुताहरूलाई आफ्नोछेउमा डाक्यो। सबै भ्यागुता नजिक आइपुगेपछि उसले आफ्नो भारीबाट जानाजान केही दाउरा भ्यागुताहरूमाथि खसाइदियो।

दाउराको बोझले थिचिएर भ्यागुताहरू छटपटाउन थाले। अनि गधाले पहिले उनीहरूले नै भनेको कुरा दोहोऱ्यायो, "मैले जस्तै जीवनभर भारी बोक्नु परेको भए तिमीहरूले के गर्थ्यौ ? एक-दुईवटा दाउरा बोक्दैमा यसरी छटपटाउन सुहाउँछ ?"

सबैले मूर्ख ठानेको गधाका बुद्धिमान कुरा सुनेर चेप्टिएकै अवस्थामा पनि भ्यागुताहरू छक्क परे। उनीहरूलाई आफ्नो अहङ्कार थाहा भयो।

एकछिनमा भ्यागुता माथिका दाउरा हटाइदिएर गधा आफ्नो बाटो लाग्यो। भ्यागुताले गधाको क्षमता मात्र होइन, सद्व्यवहारको पनि परिचय पाए।

**शिक्षाः** सबैका आ-आफ्ना क्षमता र सीमा हुन्छन्। अर्कालाई आफ्नो क्षमतासित तुलना गर्नेले आफ्नो सीमा र अर्काको क्षमताको पनि हेक्का राख्नुपर्छ।



# प्रतिक्रिया र सुझाव




## खुसी लाग्यो

*शिक्षक* जेठ २०६८ मा प्रकाशित सामुदायिक निमाविले देखाएको अनुकरणीय बाटो ('हाम्री म्याडम, राम्री म्याडम') रिपोर्ट पढ्दा ज्यादै खुसी लाग्यो । यसले खस्किएको सरकारी विद्यालयको शैक्षिक अवस्था सुधार्न र त्यसप्रतिको आकर्षण बढाउन सकिन्छ भन्ने मार्गदर्शन गरेको छ । यसलाई श्रव्य-दृश्यमार्फत देशका सबै स्थानमा पुऱ्याउन सकेको खण्डमा हामी जस्तालाई पनि त्यसबाट ज्ञान हासिल गर्न सम्भव हुनेथियो ।

यस्तै; 'बालबालिकाका लागि मौरीको रानो जस्तै' (*शिक्षक* चैत २०६७) मा प्रकाशित विषयवस्तु मलाई अत्यन्तै मन परेको थियो । शिक्षणको नाममा बन्द कोठामा घोकन्ते सिकाइभन्दा शिक्षक रामकुमार तामाङले जस्तै गरी शिक्षण गर्नु बढी प्रभावकारी र व्यावहारिक हुन्छ ।

पुष्पराज शर्मा
लिटिल एन्जल एकेडेमी, स्यानिखालु-१, सल्यान

## चिट चोर्न नसिकाइदेऊ

'फलामे ढोका कि फुसको बेरा?' (*शिक्षक*, चैत २०६७) लेख चित्तबुझ्दो लाग्यो । परीक्षा प्रणालीलाई अत्याचारको मुखमा पुऱ्याउने शिक्षक, विद्यार्थी, अभिभावक जो कुनैले पनि अर्काको सट्टा आफ्नै खुट्टामा उभिन सक्ने कसरी हुने ? चार-पाँच वर्ष अगाडिसम्म पनि शिक्षक-विद्यार्थी धेरै मिहिनेत गर्दथे तर अहिले शिक्षक-विद्यार्थी पढाइमा होइन, चिट चोराउन मिहिनेत गरिरहेका छन् । शिक्षकहरू विद्यार्थीलाई त बिगार्दै छन् नै; स्वयम् आफैं पनि खिचडी बन्न पुगेका छन् । आउँदा परीक्षाहरूमा विगत जस्तो नहोस् भन्ने मेरो चाहना छ । भनिन्छ, 'अर्काको भर चाँडै मर ।' यो वास्तवमा सर्वसत्य पनि छ । आजका शिक्षक हाम्रा छोराछोरीलाई चिट चोराउनसम्म सिपालु छन् । तर यस्तै हो भने भोलि हाम्रा सन्ततिहरू चिट चोराउन त के, कलमकापी कसरी समाउने भन्ने पनि थाहा नपाउने हुन के बेर ? आजका शिक्षकहरू जुनिभरी रहने होइनन् । आज सारेर पास भएका विद्यार्थीले भोलि कस्तो शिक्षण गर्लान् ? कस्तो दक्ष जनशक्ति तयार पार्लान् ? अचम्म लाग्दछ !

पल्लवराज जोशी
रिठाचौपाता-८, मैखोली, दार्चुला

> "आजका शिक्षक हाम्रा छोराछोरीलाई चिट चोराउनसम्म सिपालु छन् । तर यस्तै हो भने भोलि हाम्रा सन्ततिहरू चिट चोराउन त के, कलमकापी कसरी समाउने भन्ने पनि थाहा नपाउने हुन के बेर ?"

## मेरो सुझाव

'जमाना मोबाइल लर्निङको' (*शिक्षक* चैत २०६७) मा प्रकाशित शीर्षक निकै पठनीय र उपयोगी लाग्यो । मोबाइलको दुरुपयोगका कारण केही मानिसमा यसप्रति नकारात्मक सोच भएको पाइन्छ । तर मोबाइल आफैंमा नराम्रो होइन; यसलाई सदुपयोग वा दुरुपयोग के गर्ने भन्ने प्रयोग गर्नेकै हातमा भरपर्छ । मोबाइलको रचनात्मक उपयोग सम्बन्धी सोच प्रस्तुत गरेकोमा *शिक्षक* लाई धन्यवाद । आगामी अङ्कहरूमा पनि यस्तै उपयोगी र व्यावहारिक ज्ञान दिने सामग्रीको अपेक्षा गर्दै *शिक्षक* लाई केही सुझाव दिन चाहन्छु:

- हरेक अङ्कमा स्थानीय वस्तुबाट विज्ञान प्रदर्शन/प्रयोगशालाका लागि आवश्यक सामग्री निर्माण गर्ने तरिका, विज्ञानका परीक्षण क्रियाकलाप राख्नु जरुरी छ ।
- शिक्षकलाई आवश्यक पर्ने दर्शनसम्बन्धी ज्ञान जस्तै; उत्तर आधुनिकतावाद, मार्क्सवाद, सापेक्षतावाद, अर्थशास्त्र, इतिहास, समाजशास्त्रबारे सरल र रोचक भाषामा सङ्क्षिप्त जानकारी उपयोगी हुनेथियो ।
- शिक्षा सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तित्वहरूका चिन्तन हरेक अङ्कमा राख्नु जरुरी छ ।

प्रदीप पौडेल
अनामनगर, काठमाडौं

## कस्तो चिटिङ, जाँच नै दिन सकिनँ !

*शिक्षक* मासिक शैक्षिक गुणस्तर उकास्न प्रयत्नशील छ भन्ने मेरो ठम्याइ छ । उसो त प्रायः सबै अभिभावक, शैक्षिक प्रशासन, शिक्षक, बुद्धिजीवी र शिक्षा क्षेत्रसँग सम्बद्ध व्यक्ति शैक्षिक गुणस्तर सुधारका हिमायती देखिन्छन् । तर के सबैले आ-आफ्नो ठाउँबाट इमानदारीसाथ प्रयत्न गरेका छन् त प्रश्न पनि उठ्छ । किनभने हाम्रो स्कूल शिक्षाको गुणस्तर झन्झन् खस्कँदो छ ।

गत चैत महिना एसएलसी परीक्षाको मौसम थियो । सरकारबाट परीक्षामा अनियमितता रोक्न कडा नियम बनाइयो । तर अनियमितता भने रोकिएन । 'खेताला' परीक्षार्थी (नक्कली)ले परीक्षा दिए, कुनै-कुनै समातिए कतिपयले निर्विघ्नपूर्वक परीक्षा दिए । समातिएका मध्येलाई पनि कडा कारबाही भएको जानकारी पाइएन ।

हाम्रो बझाङ जिल्ला झन् नामुद जिल्ला । यहाँ चिटिङ रोकिने कुरै भएन । केही केन्द्रहरूमा नक्कली परीक्षार्थी समातिए तर खास कारबाही भएन । किनभने कारबाही गर्न खोज्ने एकजना भए बचाउ गर्ने हजार जना । ठूलाबडाहरूले आफ्नो मान्छे भन्दै हस्तक्षेप गर्ने । अनि कसरी होस् हदैसम्मको कारबाही ! अनि कसरी रोकियोस् अनियमितता ?

एसएलसीमा मात्र कहाँ होर र ? यसपालि म बीएड प्रथम वर्षको परीक्षा दिन गएँ । पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा थियो । प्रश्नपत्र हातमा आउनासाथ गेसपेपरहरू पल्टाउन थाले परीक्षार्थीहरू । हल्ला यति गर्न थाले कि मलाई प्रश्नको उत्तर सोच्न मुस्किल पऱ्यो । दुई घण्टामै कापी बुझाएर घर फर्कें र फेरि अरु विषयको परीक्षा दिन गइनँ ।

चेतराज मिश्र
कालिका निमावि, दिपिल, बझाङ

## 'मोबाइल' विज्ञान प्रयोगशाला किन नबनाउने ?

विज्ञान विषयको अध्ययन/अध्यापनलाई प्रभावकारी बनाउनको लागि 'गरेर सिक्ने' अवसर उपलब्ध गराउन सक्नुपर्छ। विज्ञान विषयलाई प्रयोगात्मक शिक्षणले प्रस्ट पार्न सके मात्र वास्तविक शिक्षण हुन जान्छ। त्यसनिम्ति विज्ञान प्रयोगशालाको आवश्यकता पर्दछ।

विज्ञानलाई अनिवार्य विषय बनाइएको भए तापनि यसको प्रभावकारी शिक्षणका लागि हाम्रा सबै स्कूलमा विज्ञान प्रयोगशाला छैनन्। यस्तो समस्याको समाधान गर्न 'मोबाइल लेब्रोटरी'को अवधारणा उपयुक्त हुनसक्छ। विज्ञान कक्षामा प्रयोग गर्न आवश्यक पर्ने सबै उपकरणहरू खुल्ला र केही फराकिलो खालको सवारी साधन (बस, जीप आदि) मा सजाएर यसखालको चलायमान प्रयोगशाला (मोबाइल लेब्रोटरी) बनाउन सकिन्छ। यस्तो प्रयोगशालाको माध्यमबाट थुप्रै विद्यालयको विज्ञान कक्षालाई सार्थक तुल्याउन सकिन्छ।

**गोविन्दप्रसाद पाठक**
**प्रभा उमावि, बोहरागाउँ, बाग्लुङ**

## विस्थापितलाई नबिर्सियोस्!

शिक्षक समस्याको समाधान पहिल्याउन १६ पुस २०६५ मा शिक्षा मन्त्रालयका सह-सचिव जनार्दन नेपालको संयोजकत्वमा गठित २३ सदस्यीय कार्यदलले तयार गरेको प्रतिवेदन बनेपछि शिक्षक-सरकारबीच विभिन्न बुँदाहरूमा सहमति भएको थियो। त्यसमध्ये एउटा बुँदा शिक्षक सेवा आयोगबाट लिएको २०६१/६२ को आन्तरिक प्रतिस्पर्धात्मक (अस्थायी शिक्षकहरूको निम्ति मात्र) परीक्षामा वैकल्पिक उम्मेदवारको रूपमा उत्तीर्ण भई हालसम्म शुद्ध रिक्त दरबन्दीमा कार्यरत शिक्षकहरूलाई कानुनमा व्यवस्था गरेर स्थायी नियुक्ति दिने कुरा उल्लेख छ। तर हामी १० वर्षसम्म काम गरेर विस्थापित भएका र वैकल्पिक सूचीमा रहेका शिक्षकहरूको लागि त्यसमा उल्लेख छैन। यसमा विस्थापित शिक्षकहरूले पनि समान अवसर पाउनुपर्ने हो। नत्र भने नागरिक अधिकारको हनन् हुने भयो। आयोग दिइसकेपछि अवसर सबैले समान पाउनुपर्छ।

**लीलाधर जोशी**
**मालिकार्जुन मावि, रिठाचौपाता-६, दार्चुला**




## प्राथमिकता सीप शिक्षाको

सुगारटाइ र एउटै किसिमको सैद्धान्तिक शिक्षाले मात्र अब हाम्रा विद्यार्थीलाई समयसापेक्ष र दक्ष बनाउन असम्भव छ। 'सीप शिक्षा: धूलो टकटक्याऊँ, खिया पुछौं' *(शिक्षक,* वैशाख २०६८) ले यही यथार्थलाई चित्रण गरेको छ। यो अङ्कले नेपालमा व्यावहारिक र सीपमूलक प्राविधिक शिक्षाको आवश्यकता टड्कारो रूपमा देखाएको छ। जसरी शान्ति विद्या गृह, लैनचौरमा गृह विज्ञान, औद्योगिक शिक्षा तथा विराटनगरको सत्यनारायण उमाविमा खाद्य विज्ञानको शिक्षा शिक्षण भइरहेको छ त्यस्तैगरी अन्य विद्यालयमा पनि यस्ता प्रयोगात्मक व्यावसायिक शिक्षाको अपरिहार्यता देखिन्छ।

**बुद्धिलाल तामाङ**
**हरमटारी, गोरखा-३, गोरखा**

## यस्तै लेख पढ्न पाइयोस्

*'द+य' पढौं 'विध्यालय' बन्द गरौं! (शिक्षक,* वैशाख २०६८) पढ्न पाउँदा अत्यन्त खुसी लाग्यो। सबैतिर नेपाली भाषाको शुद्ध उच्चारण र लेखाइको अभाव देखिएका बेला उक्त लेखले थोरै भए पनि महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ। कतिपय शिक्षक तथा धेरै विद्यार्थीहरूलाई नेपाली भाषामा प्रयोग हुने संयुक्त वर्णको बारेमा स्पष्ट जानकारी नहुँदा नै त्यस्तो गल्ती हुने गरेको हो। मूलत: प्राथमिक तहमा नेपाली भाषा पढाउनुहुने शिक्षक साथीहरूलाई उक्त लेख गतिलो खुराक हुन सक्छ। थुप्रै हुने गरेका वर्ण र व्याकरणका त्रुटिहरू, शिक्षण विधिहरूलगायत अन्य रोचक दृष्टान्तहरू पनि *शिक्षक* मासिकमा पढ्न पाइयोस्।

**लक्ष्मण खनाल**
**श्री माध्यमिक विद्यालय**
**हरिहरपुरगढी-८, चिसापानी, सिन्धुली**

## चित्त बुझ्यो

शिक्षक मित्र बालकुमार जमरकट्टेलको 'हाम्रा पाँच कमजोरी' *(शिक्षक,* वैशाख २०६८) पढ्दा अत्यन्तै चित्त बुझ्यो। निश्चय पनि हामी शिक्षकहरूमा आफ्नो पेशाप्रति दायित्व बोध हुनै पर्छ। यद्यपि शिक्षकहरूको विभाजन तथा आफू समर्थित सरकार हुँदा कानमा तेल हालेर बस्ने र आफू समर्थित सरकार नहुँदा आन्दोलन गर्ने नेतृत्व वर्गको मनोवृत्ति अत्यन्तै दुराशयपूर्ण छ। आफ्नो पेशागत हकहितको लागि सबै शिक्षकहरू एक हुनैपर्छ।

**लीलाप्रसाद शर्मा, पौडेल**
**भीम मावि, राजदाङ, म्याग्दी**

x x x

'हाम्रा पाँच कमजोरी' शीर्षकको लेख पढ्दा लाग्छ- हामी शिक्षकहरू पेशागत दायित्वलाई चटक्क भुलेर अधिकारतर्फ लालायित भएका मात्र नभई लाखौं विद्यार्थीहरूको भविष्यमाथि नै खेलबाड गरिरहेका छौं। शिक्षक समाजको चेतनारुपी ऐना हो। तसर्थ उसले ठीक वा बेठीक छुट्याएर समाजलाई सही मार्गदर्शन गर्नु आवश्यक छ।

'अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन्' भन्ने यथार्थलाई मनन् गर्दै हरेक शिक्षकले आफ्नो कर्तव्य पालन गरेर मात्र अधिकार खोज्नु सान्दर्भिक हुन्छ। 'संसार बदल्नु छ, शुरु आफैंबाट गरौं' भन्ने उक्तिलाई मनन् गरी हामी शिक्षकहरूले आफूमा रहेका कमजोरीहरूलाई हटाउन आजैदेखि सुरुआत गर्ने हो कि?

**राजन भुजेल**
**भाषा निमावि, बडकादियाले-५, खोटाङ**

# शिक्षकको समस्या, शिक्षककै समाधान

नवयुग मावि, जैशिदेवल काठमाडौंका शिक्षक बालकुमार जमरकट्टेलको गणित सम्बन्धी जिज्ञाशा *(शिक्षक,* जेठ २०६८ पृष्ठ ४) पढेर विभिन्न जिल्लाका गणित शिक्षकहरूले त्यसको समाधान पठाउनुभएको हो । तीमध्ये यहाँ दुई वटा समाधानलाई स्थान दिइएको छ ।

**समाधान–१:** जगन्नाथ उमावि, रामनगर-१, नवलपरासीका शिक्षक **विष्णु पौडेल** लेख्नुहुन्छ:

| | | | | |
|---|---|---|---|---|
| "३५ | ४६ | ७९ | ७८ | ९० |
| १० | ० | ४५ | १०० | ४० |
| १०० | २० | ० | ३३ | ४५ |
| ६९ | ३२ | ३४ | २५ | ८८ |
| ४३ | ५६ | ९० | १०० | ४५ |
| २१ | १० | ६५ | ९८ | ६५ |

माथिका अङ्कलाई दुई तरिकाबाट विभाजन गर्न सकिन्छ: (Inclusive) र (Exclusive)। कक्षा ८ को सन्दर्भमा (Exclusive) तरिकाबाट नै सिकाइएकाले सोही विधि अपनाउनु उपयुक्त होला । यसमा पनि माथिल्लो सीमा समावेश गर्ने र तल्लो सीमा समावेश गर्ने दुई तरिका छन् । यीमध्ये तल्लो सीमा समावेश गर्ने बढी प्रयोग गर्ने गरिन्छ । त्यसैले माथिल्लो आँकडालाई निम्नानुसार वर्गान्तरमा राख्न सकिन्छ । यसरी वर्गान्तर बनाउँदा १०० लाई कहाँ समावेश गर्ने भन्ने समस्या रहँदैन ।

| | | | | | |
|---|---|---|---|---|---|
| ०-१० | १०-२० | २०-३० | ३०-४० | ४०-५० | ५०-६० |
| ६०-७० | ७०-८० | ८०-९० | ९०-१०० | १००-११० | |

यसरी तालिका बनाउँदा १०० पूर्णाङ्क भएकोले १०० भन्दा माथि राख्न नमिल्ने भन्ने हुँदैन । १०० पनि तल्लो सीमा समावेश गर्दा ९०-१०० मा नपर्ने भएकाले अर्को वर्गान्तर १००-११० बनाइनुपर्दछ । १०० यही १००-११० मा पर्दछ ।"

**समाधान–२:** हिमालदर्शन उमावि, नेचा, सोलुखुम्बुका शिक्षक **टी.आर. पराजुली** लेख्नुहुन्छ:

"**तथ्याङ्क** शास्त्रको सैद्धान्तिक पक्षलाई मात्र हेर्ने हो भने कक्षा ८ को पाठ्यक्रममा दिइएको विषयवस्तु अनुसार उक्त समस्याको समाधान गर्दा दशवटा वर्गान्तरमा मात्र राखेर समाधान गर्न सम्भव छैन । जमरकट्टेल सरले उल्लेख गर्नुभए जस्तै 'माथिल्लो सीमा समावेश गर्ने' विधिअनुसार राख्दा ० समावेश गर्न नसकिने, 'तल्लो सीमा समावेश गर्ने' विधिअनुसार राख्दा १०० लाई समावेश गर्न नसकिने हुन्छ । तर कक्षा आठमा यसप्रकारको समस्या पाठ्यपुस्तकमा समावेश नगरिएको मात्र होइन परीक्षाहरूमा पनि सोध्ने गरिएको छैन । तर पनि जमरकट्टेल सरले राख्नुभएको समस्याको समाधान त गर्नै पर्‍यो !

तथ्याङ्कशास्त्रको सैद्धान्तिक पक्षलाई मात्र विचार गर्दा यस समस्यामा दिइएको तथ्याङ्कलाई १०/१० को वर्गान्तरमा निम्नानुसार ११ ओटा वर्गमा राखी 'तल्लो सीमा समावेश गर्ने' विधिअनुसार नै राखी तालिकामा प्रस्तुत गर्नुपर्छ:

०-१०, १०-२०, २०-३०, ३०-४०, ४०-५०, ५०-६०, ६०-७०, ७०-८०, ८०-९०, ९०-१०० र १००-११०

यसो गर्दा प्राप्ताङ्क १०० लाई अन्तिम वर्गान्तर १००-११० मा राख्न सकिने भयो । तर १०० पूर्णाङ्कको परीक्षाको प्राप्ताङ्कलाई तालिकामा राख्दा कसरी ११० सम्मका वर्गान्तरमा राख्ने भन्ने अप्ठेरो जमरकट्टेल सरले मान्नुभएको होला । यो व्यावहारिक पक्षलाई चाहिँ हामीले आँखा चिम्लनुपर्ने हुन्छ । त्यसै पनि उमेर, तौल, ज्याला आदि अन्य विभिन्न चरहरू प्रयोग भएका समस्यामा हामीले आवश्यकताअनुसार वर्गान्तरहरू जति माथिसम्म पनि राख्ने गरेका छौं नै ।


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।
तीनथाना, काठमाडौं, फोन: ४३११८४३)

- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म ।
- ✓ बी.एड. दोस्रो वर्षको ३९१ जनसंख्या शिक्षाको फिल्ड वर्क सुरू ।
- ✓ एक वर्षे बी.एड. शिक्षण अभ्यास आरम्भ ।

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१)
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।
E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p

अब हामी यसको व्यावहारिक पक्षतिर लागौं। यसको लागि चाहिँ हामी कक्षा ८ को पाठ्यक्रम र पाठ्यपुस्तकभन्दा अलिकति अगाडि बढ्नुपर्ने हुन्छ। व्यावहारिक पक्षबाट यसको समाधान दुई तरिकाबाट गर्न सकिन्छ:

**पहिलो तरिका:** यस विधिअनुसार तथ्याङ्कीय सिद्धान्तको आधारभूत अभ्यास मात्र गर्ने गरिन्छ। जसअनुसार पहिलो वर्गको तल्लो सीमा वा अन्तिम वर्गको माथिल्लो सीमा वा दुवै निश्चित गरिएको हुँदैन। यो समस्यामा 'तल्लो सीमा समावेश गर्ने' विधिलाई नै प्रयोग गर्दा निम्नानुसारका वर्गहरू बनाउनु उपयुक्त हुन्छ:

०-१०, १०-२०, २०-३०, ३०-४०, ४०-५०, ५०-६०, ६०-७०, ७०-८०, ८०-९० र ९० भन्दा माथि

यसरी वर्गहरू निर्धारण गरेपछि ९० र १०० दुवैलाई अन्तिम वर्ग (९० भन्दा माथि) मा राख्न सकिने भयो। यो विधिको विस्तृत व्याख्या र प्रयोगको लागि के.पी. पुस्तक भण्डारबाट प्रकाशित (Modern Economics, Mathematics and Statistics) हेर्न सकिन्छ।

**दोस्रो तरिका:** तथ्याङ्कशास्त्रमा अवर्गीकृत तथ्याङ्कलाई तालिकामा वर्गीकृत गर्नको लागि प्रयोग गर्ने गरिएका वर्गान्तरहरू २, ५, १०, २०, २५, ५०, १००, २००, ५००, १००० वा अन्य जतिसुकै भए तापनि यी वर्गान्तरहरू हाम्रो सजिलोको लागि मात्र प्रयोग गरिएका हुन्। हाम्रा पाठ्यपुस्तकहरूमा दिइएका र हामीले प्रयोग गर्ने गरेका वर्गान्तरहरूले तथ्याङ्कशास्त्रका जटिल समस्याको समाधान दिन सक्दैनन्। कस्ता तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्दा वर्गान्तर र वर्गहरूको सङ्ख्या कति राख्ने भन्ने सम्बन्धमा तथ्याङ्कशास्त्रका वरिष्ठ प्राध्यापक स्टर्जस (Prof. Sturges) ले प्रतिपादन गर्नुभएको नियम (जसलाई स्टर्जसको नियम भनेर अध्ययन गर्ने गरिन्छ) प्रयोग गर्नुपर्छ। जसअनुसार:

$$k = 1 + 3.22 \log N$$

$$i = \frac{\text{विस्तार (Range)}}{\text{वर्गहरूको सङ्ख्या (No. of Classes)}}$$

जहाँ,

k = वर्गहरूको सङ्ख्या

N = कुल आवृत्ति

i = वर्गान्तरको आकार

यस विधि अनुसार जमरकट्टेल सरले प्रस्तुत गर्नुभएको समस्यालाई निम्नानुसार समाधान गर्नुपर्ने हुन्छ:

चर राशीहरूमध्ये सबैभन्दा ठूलो मान (L) = 100

सबैभन्दा सानो मान (S) = 0

तसर्थ विस्तार (Range) = L - S = 100 - 0 = 100

र कुल आवृत्ति (N) = 30

अब, सूत्रअनुसार, $k = 1 + 3.22 \log N$

$= 1 + 3.22 \log 30$

$= 1 + 3.22\ (1.4771)$

$= 1 + 4.9069$

$= 5.9069$

$\approx 6$ (लगभग)

त्यसैगरी $i = \frac{\text{विस्तार (Range)}}{\text{वर्गहरूको सङ्ख्या (No. of Classes)}}$

$= \frac{100}{5.9069}$

$= 16.92$

$\approx 17$ (लगभग)


तसर्थ, उक्त आँकडालाई सर्वप्रचलित तथ्याङ्कीय विधिअनुसार वर्गान्तर १७ भएका ६ ओटा वर्गहरू बनाई तालिकामा प्रस्तुत गर्नुपर्छ। जसअनुसार निम्नानुसार वर्गहरू बन्न जान्छन् :

०-१७, १७-३४, ३४-५१, ५१-६८, ६८-८५ र ८५-१०२ वा, ०-१७, १७-३४, ३४-५१, ५१-६८, ६८-८५ र ८५ भन्दा माथि

यो विधिको विस्तृत व्याख्या र प्रयोगको लागि पैरवी प्रकाशनबाट प्रकाशित Quantitative Techniques in Economics र Spiejal M.R. द्वारा लिखित Statistics हेर्न सकिन्छ।

यसप्रकार, सन्दर्भ, आवश्यकता, औचित्य तथा विद्यार्थीहरूको स्तरअनुसार कुनै पनि तथ्याङ्कीय विधिको प्रयोग गरेर जमरकट्टेल सरले प्रस्तुत गर्नुभएको र यस्तै अन्य तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गर्न सकिन्छ।"


नयाँ सङ्ग्रह तयार




*शिक्षक* मासिकको २०६७ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ। इच्छुक पाठक तथा बिक्रेताहरूले नजिकको पत्रिका पसल अथवा *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला:

कार्यालय: ०१-५५४८१४२

९७२१५८००४८ (हरि), ९८४१६१९९९८ (शिरीष)

मूल्य रू.: ४००/-




# सबैभन्दा कठिन: प्रावि शिक्षक हुन

म शिक्षक भएको करिब तीन वर्ष भयो । शैक्षिक योग्यताको हिसाबले एमएडको विद्यार्थी छु । आफ्नो योग्यता र क्षमताका आधारमा प्राथमिक तहमा 'राम्रै पढाउन सक्छु' भन्ने लाग्थ्यो । तर; शायद म निमावि र माविको लागि योग्य शिक्षक भएको पनि हुनसक्छु; प्रावि तहको निम्ति भने 'योग्य शिक्षक' हुन अझै बाँकी रहेछ भन्ने भर्खरै चाल पाएँ ।

२०६६ पुसमा दैलेख जिल्लाका प्रत्येक गाविसमा तीनहप्ते 'फेस टु फेस' शिक्षक तालिम सञ्चालन भएको थियो । हाम्रो विद्यालयका ६ जना शिक्षक तालिममा समावेश थियौं । मलाई लागेको थियो– तालिममा 'विद्यार्थीलाई बालमैत्रीपूर्ण शिक्षा दिनुपर्छ; मनोवैज्ञानिक रूपमा शिक्षण गर्नुपर्छ, प्रयोगात्मक तरिकाबाट पढाउनुपर्छ' जस्ता कुरा नै सिकाइनेछ । तर तालिम लिँदै जाँदा आभास भयो- 'म त प्रावि तहको शिक्षक नै बन्न सकेकै रहेनछु ।' बालबालिकालाई नपिट्नु, सबैको भावना अनुसार शिक्षण कार्य अगाडि बढाउनु जस्ता कुराले मात्र नपुग्ने रहेछ । एउटा बालकलाई सिक्नका लागि धेरै कुरा चाहिने रहेछ । विद्यालयको वातावरणले मात्र पुग्दो रहेनछ । त्यो भन्दा बढी प्रभाव घरायसी वातावरणले पार्दोरहेछ । हाम्रा बालकले त ३० प्रतिशत पनि वातावरण पाएका रहेनछन् । अभिभावकको चेतना, गरिबी, अनुपयुक्त वातावरण, माया-ममता, आत्म असन्तुष्टिले पिरोलिरहेको रहेछ । एउटा बालकले तब सिक्छ जब उसको भोक, निन्द्रा प्यास पूरा हुन्छ र सुरक्षा, माया, आत्मसम्मान, आत्मसन्तुष्टिको अनुभूति गर्छ । तब मात्र उसको कला प्रस्फुटन हुने वातावरण सिर्जना हुन्छ । उसको कलालाई प्रस्फुटन गराउन सक्ने शिक्षकमा सीप हुनै पर्छ । तालिम लिँदै गर्दा यस्तै कुराको अनुभूति भयो ।

तालिम सकेर विद्यालय फर्किएपछि हामीले पहिला भन्दा अलिक फरक ढङ्गबाट शिक्षण सिकाइ अगाडि बढायौं । पहिलेको भन्दा बसाइ व्यवस्थापन, स्थानीय सामग्रीको प्रयोग जस्ता विषयमा ध्यान दियौं । केही परिवर्तन पनि देखियो । हामीलाई केही आत्मगौरव पनि भयो ।

यसरी विद्यालयमा नयाँ कुराको आभास भइरहेको वेला पुन: हामीलाई रातो बङ्गला स्कूल, पाटनढोका, ललितपुरमा हुने दुईमहिने तालिममा समावेश हुने अवसर प्राप्त भयो । रातो बङ्गलाको तालिम लिँदै गर्दा झन् नयाँ-नयाँ कुराको अनुभव भयो । आफूले विद्यालयमा २५ प्रतिशत पनि प्रभावकारी शिक्षण गरेको रहेनछु; वास्तविक शिक्षण गर्न आफूले अझै धेरै कुरा सिक्न र गर्न बाँकी रहेको तथ्य बोध भयो । जबसम्म शिक्षकमा शिक्षण सिकाइ गर्न असल भाषा, सभ्य बोली, सकारात्मक सोच, राम्रो चरित्र, गहिरो चिन्तन, प्रभावकारी नेतृत्व, विवेक, विषयगत ज्ञान, कलालाई प्रस्फुटन गर्न सक्ने सीप हुनसक्दैन तबसम्म प्रभावकारी शिक्षण हुन नसक्ने रहेछ ।

# शिक्षक जागिर

# 'कुवाको भ्यागुतो कि समुन्द्रको माछा ?'

२७ वर्ष अगाडि; १६ वर्षको उमेरमा एसएलसी परीक्षा सकिनेबित्तिकै जागिर खोज्न थालें । त्यतिवेला मास्टरी जागिर पाउन सजिलै थियो । जिल्लाको पश्चिम भेगतिर 'अण्डर एसएलसी'ले पनि मास्टरी जागिर पाउँथे । गाउँको प्राविका राम सर परीक्षा दिन बनारस गएको वेला उहाँको सट्टामा तीन महिना रु.२०० को जागिर पाएँ । त्यही नै शिक्षण पेशाको पहिलो अनुभव रह्यो । तर त्यो वर्ष एसएलसी पास हुन सकिनँ ।

अर्को वर्ष एसएलसी पास भएँ र सर्कुवा माविमा २०४३/५/२२ मा रु.४७५ तलब पाउने गरी शिक्षकको जागिर पनि पाएँ जहाँ हालसम्म निरन्तर कार्यरत छु ।

पछि प्राइभेटसरहको परीक्षार्थी भएर बी.कम., बी.एड. गरी मावि तहको लाइसेन्स पनि प्राप्त गरेँ । शिक्षण पेशाको २४ वर्षको यात्रालाई सिंहावलोकन गर्दा प्रावि शिक्षकको जागिर कसैले भने झैँ "कुवाको भ्यागुतो हो" अथवा "समुन्द्रको माछा हो" भनेर ठम्याउन सक्ने अवस्थामा म पुग्न सकेको छैन ।

मेरो एउटा मनले भन्छ, भर्खर तोतेबोली फुटेकाहरूलाई राम्ररी बोल्न, हाँस्न, पढ्न, लेख्न सिकाएर पठाउँछौं; पछि तिनै व्यक्ति देश हाँक्ने उच्च ओहोदा (मन्त्री, नेता, हाकिम, डाक्टर, पाइलट, इन्जिनियर, वकिल, प्राध्यापक आदि)मा पुग्छन् आफू भने उही ठाउँमा उनैका छोराछोरी नाति-नातिना, (तीन पुस्ता)लाई कखरा चिनाउनमै सीमित ! नपढेका र जागिर नखाएका साथीहरू समेत देश-विदेश गई, शहरतिर घरघडेरी, गाडी आदिको कारोबारबाट छलाङ मारिसकेका हुन्छन्; आफू चाहिँ चार महिना पुग्ने दिन गन्दै बस्नुपर्छ । त्यसैले 'प्राविको जागिर साँच्चै कुवाको भ्यागुतो' नै हो भन्ने लाग्छ ।

तर अर्को पाटोबाट हेर्दा चाहिँ 'सन्तोषम् परमम् सुखम्' भन्ने लाग्छ । राष्ट्रका कर्णधार निर्माण गर्ने कार्यमा जुटिरहनु, आफूसँगको ज्ञान, सीप-क्षमता ती सन्ततिको दिमागमा सार्नु,

**हामी भन्थ्यौं– शैक्षिक सामग्री छैन, पैसा छैन। तर त्यसो होइन रहेछ। स्थानीयस्तरमा पनि धेरै शैक्षिक सामग्री रहेछन्। प्रयोग पो नगरिएको रहेछ ! असल शिक्षण सिकाइ पढाएर मात्र हुँदो रहेनछ, शिक्षक आफैंले पढ्नुपर्दोरहेछ र त्यसलाई व्यवहारमा उतार्नुपर्दोरहेछ। प्राथमिक तहको शिक्षण त झनै कठिन कार्य रहेछ।**

हामी भन्थ्यौं– शैक्षिक सामग्री छैन, पैसा छैन। तर त्यसो होइन रहेछ। स्थानीयस्तरमा पनि धेरै शैक्षिक सामग्री रहेछन्। प्रयोग पो नगरिएको रहेछ ! असल शिक्षण सिकाइ पढाएर मात्र हुँदो रहेनछ, शिक्षक आफैंले पढ्नुपर्दोरहेछ र त्यसलाई व्यवहारमा उतार्नुपर्दोरहेछ। प्राथमिक तहको शिक्षण त झनै कठिन कार्य रहेछ। एसएलसी, आई.एड. पास भएको व्यक्ति त्यति योग्यताकै भरमा प्राविको लागि योग्य शिक्षक हुन किन नसक्ने रहेछ भन्ने तथ्य बुझ्न थालेको छु। हो, त्यस्तो कुनै मेधावी व्यक्ति निमावि या माविको शिक्षक हुनसक्छ तर प्राथमिकको शिक्षक बन्न चाहिँ आई.एड./बी.एड. पास गरेकाहरूले पनि थप धेरै सिक्नु र मिहिनेत गर्नुपर्ने रहेछ। दुई वटा तालिमबाट अरू कुराका अतिरिक्त मैले सिकेको एउटा महत्त्वपूर्ण पाठ यही हो।

**पदमबहादुर कठायत**
**नारायण निमावि, तिलेपाटा-१, बेरूपाटा, दैलेख**

घर परिवारसँग बस्नु, बिदामा घरायसी तथा सामाजिक काम गर्न पाउनु, तालिम, सेमिनार आदिमा धेरै जनासँग परिचित हुनु, बाटोघाटोमा अभिवादन पाउनु 'तलब बुझेपछि' भनी आर्थिक कारोबार गर्न पाउनु, नेता, मन्त्री डाक्टर पाइलट आदिको गुरु बन्नु आदि कारणले गर्दा "प्रावि शिक्षक कुवाको भ्यागुतो होइन सागरको माछा हो; जुन समुन्द्रको गहिराइसम्म पुग्न सक्छ र धेरै ज्ञान अनुभव बटुल्न सक्छ" भन्ने पनि लाग्छ।

तैपनि शिक्षण पेशा त्यति जस पाउने खालको भने पटक्कै होइन। विद्यार्थी पास भए आफू भाग्यमानी र फेल भए शिक्षकलाई दोष लगाउने चलन हाम्रो समाजमा अझै छ। एकाध शिक्षकबाट आफ्नो कर्तव्यको ख्याल नगरी राजनीतिक पार्टीको आडमा लापरबाही भएको पनि देखिन्छ। त्यसको निराकरणको लागि अनुगमन र मूल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्छ जसले गर्दा मर्यादित पेशामा आँच आउन नपाओस्। हामी शिक्षक पनि यो पेशालाई प्राथमिक र अन्य कार्यलाई गौण मानी कर्तव्यनिष्ठ बनौं। सबैको गुरुहरू फराकिलो क्षेत्र समुन्द्रको माछाको जस्तो जीवन बनाऊँ; कुवाको भ्यागुतो जस्तो होइन।

**शशिधर पौडेल**
जनता मावि, पाही, राङखानी, बाग्लुङ

# विद्यार्थी पनि भागबण्डा गर्ने कि !

यसपालिको एसएलसी परीक्षामा विराटनगरले नयाँ रेकर्ड नै राखिदियो। स्वयं प्रश्न नै चिट चोराउने धन्दामा फँस्नुभयो। हुनत कतिपय शिक्षक साथीहरूलाई यस कार्यप्रति गर्व पनि लागेको होला। केही साथीहरू चाहिँ भागबण्डा नपुगेर अझैसम्म घुर्क्याइरहनुभएको छ। कतिपयले आफूलाई निकै ठूलो सम्झेर मस्किरहनुभएको छ– 'तँ भन्दा हेर त म कति अघि छु, मैले एसएलसी सञ्चालन गरेँ।' तर यसपालि कतिपय साथीहरूका खुट्टा राम्रैसँग लुगलुग कामे रे ! कक्षाकोठामा भन्दा परै 'मोबाइल गार्ड' बसाइएका थिए। जब नयाँ मान्छे र गाडी ऋस हुन्छ, मोबाइलबाट सुपरीटेन्डेण्टले थाहा पाइसक्छ। अनि कक्षाकोठा शान्त। विद्यार्थी शान्त, निरीक्षक शान्त। आहा ! परीक्षा कस्तो शान्तसँग सञ्चालन भइरहेको छ ! भोलि इमानदारीको पुरस्कार पाउन बेर छैन ! अर्को कुरा, परीक्षालाई आफ्नो ठेक्का सम्झिनेहरू पनि कम छैनन्। बर्सेनि आफू मात्र सुपरीटेन्डेण्ट बनिरहूँ, अरूलाई मौकै नदिऊँ भन्नेमा अधिकांश लागेका देखिन्छन्। यस्तै हो भने एसएलसीको केन्द्राध्यक्ष जस्तै अब विद्यार्थी पनि भागबण्डा गरौं भन्न बेर छैन !

लाजमर्दो स्थिति भइसक्यो पढ्ने र पढाउनेलाई। आफ्नै सन्ततिको भविष्यमाथि हामी आफैंले खेलबाड गरिरहेका छौं। उनीहरूलाई हामीले योग्य र सक्षम बनाउनुछ भने अहिले चोराएर उत्तीर्ण गराउनुको के अर्थ ? तर हाम्रो समाजभित्र यो सरुवा रोग झन्झन् डरलाग्दो रूपमा सर्दै र फैलँदै गइरहेको छ।

परीक्षालाई मर्यादित बनाउन स्वयं परीक्षार्थी, सुपरीटेन्डेण्ट, निरीक्षक, अभिभावक, विषय शिक्षक र विद्यालयको पनि जिम्मेवारी रहेको हुन्छ। परीक्षाको वेलामा प्रशासनले जुन प्रकारको सक्रियता देखाएर कार्य गऱ्यो त्यस्तै सक्रियता आफ्नो कार्यक्षेत्रभित्र पर्नेले वर्षमा एक दुई पटक मात्र देखाए पनि पठनपाठनमा निकै सुधार हुने थियो। विद्यालय निरीक्षकहरूले विषय शिक्षकले पढाए/नपढाएको र विद्यार्थीले बुझे/नबुझेको छड्के जाँच गर्ने हो र तत्काल 'तपाईंको यो विषयमा यस्तो गुनासो आयो यसलाई सुधार्नुहोला' भन्ने निर्देशन दिने हो भने शिक्षकले पक्कै पनि आफ्नो पठनपाठनमा सुधार ल्याउने छन्। तर, यति मात्र समस्याको समाधान होइन। आफ्ना छोराछोरीहरूले जाने पनि नजाने पनि पास हुनैपर्ने अभिभावकहरूको धम्की, कक्षा सात-आठसम्म फेलै गर्न नहुने सरकारी नीति आदिले गर्दा पनि अहिलेको मूल्याङ्कन प्रणालीको हुर्मत गएको छ। हो, हामी शिक्षकहरू मात्र दोषी छैनौं; राज्यको शिक्षा नीति र अन्य धेरै तत्त्वहरू समेत यसमा दोषी छन्। तर पनि हामी शिक्षकले चाहिँ आफूलाई निष्कलङ्क बनाइराखौं; किनभने विद्यार्थी, समाज र राष्ट्रले हामीबाट धेरै ठूलो अपेक्षा राखेको छ।

**चूडामणि नेपाल 'अकिञ्चन'**
श्री गायत्री संस्कृत मावि, विराटनगर

# नेपाली बोलीमा चरा

पृथ्वीमा अहिलेसम्म ९८८१ प्रजातिका चरा भेटिएका छन् । त्यसमध्ये ८.५८ प्रतिशत (८६२ प्रजाति) चरा नेपालमा पाइएका छन् । चरा र मानिसहरूको बीचमा आदिमकालदेखि नै घनिष्ठ सम्बन्ध रहँदै आएको छ । पहिले पहिले परेवालाई चिट्ठी आदानप्रदान गर्ने वाहनको रूपमा प्रयोग गरिन्थ्यो । त्यस्तै, कागलाई समाचार वाहक चराको रूपमा बुझ्ने गरिन्छ । यो कुरालाई तलको तीजको गीतले पनि सङ्केत गर्दछ ।

*चेली-* *आँगनीको डिलडिलै कालीकौवा करायो; के-के मा समाचार ल्यायो बरिलै ।*
*काग-* *एकमा समाचार तिम्रा बाबा सन्चै छन्; दोस्रो समाचारमा माइत जाऊ रे !*
*चेली-* *मेरो माया हुँदो हो त बाबा लिन आउँदा हुन्; समाचारको भरमा जान्न बरिलै ।*
*काग-* *लैजा भन्थे ल्याइदिएँ तिम्रा बाउको समाचार; माइत जाने नजाने तिम्रो विचार !*



हिन्दू शास्त्रहरूमा चराहरूलाई विशेष महत्त्व दिइएको कुरा सरस्वतीको वाहन हाँस, विष्णुको वाहन गरुड, रामको मीत गिद्ध, कुमारको वाहन मयुर आदि भएबाट प्रस्ट हुन्छ । नेपाली समाजमा कुखुरा, चिबे, परेवा, काफल पाक्यो, कन्याङकुरुङ (मालसिरी) लगायतका चरालाई समयसूचक चराहरूको रूपमा लिइन्छ । घडी सर्वसाधारणको पहुँचमा आउनुभन्दा अगाडि मेलापात गएका खेतालाहरू रूखमा चराहरू कल्याङमल्याङ गर्न थालेपछि घाम अस्ताएछ भनी मेलो छाड्थे ।

सदियौं अघिदेखि मानिसले विभिन्न प्रयोजनको लागि चरापालन गर्दै आइरहेको पाइन्छ । सोख वा मनोरञ्जनका लागि मयुर, मैना, सुगा, जुरेली, लौकाट आदि पालिन्छ भने अण्डा तथा मासुका लागि कुखुरा, परेवा, लौकाट, बट्टै लगायतका पक्षी पालिने चलन यद्यापि रहिआएको छ । पहिले पहिलेका राजाहरू भाले जुधाइ, बट्टै जुधाइ जस्ता खेल हेरेर मनोरञ्जन गर्थे ।

यसरी चरालाई बहुप्रयोजनमा मानिसले उपयोग गर्ने भएकाले होला नेपाली भाषामा चराहरूसँग सम्बन्धित अनगिन्ती लोकोक्ति, उखान, टुक्का, उपमा, उपमेय आदि प्रयोग हुँदै आएका छन् । त्यसका केही नमुना यहाँ प्रस्तुत गरिन्छः

१. हाँसको चाल न कौवाको चाल (कामले गति लिन नसकेको)
२. हाँसको बथानमा बकुल्लो (नसुहाउँदो, नमिल्दो)
३. हाँसको जस्तो हिंडाइ (ढलक ढलक गरेर हिँड्नु)
४. कागले आफ्नो नाम आफैं काढ्छ (अर्काको कुरा गर्दा आफ्नै बेइज्जत भएको थाहा नपाउनु)
५. कौवा बाठो भएर पनि गुहु (दिसा) खान्छ (बाठो हुन खोज्दा आफैं बद्नाम हुनु)
६. कौवालाई बेल पाक्यो हर्ष न विस्मात (आफूलाई काम नलाग्ने फलको के काम)
७. काग कराउँदैछ, पीना सुक्दैछ (भन्नेले भनिरहनु, आफ्नो सुर नछाड्नु)
८. कोइलीको जस्तो स्वर (मीठो)
९. तित्राको जस्तो (छिटो र प्रस्ट) बोली (बच्चाबच्चीको)
१०. ढुकुर/परेवाको जस्तो जोडी (प्रेमी प्रेमिकाको)
११. जुरेलीको पुच्छर जस्तो कपाल (नराम्रो अर्थमा)
१२. भाले (कुखुरा)को डाँकमा उठ्नु (सबेरै जाग्नु)
१३. चराको जस्तो खुवाइ (अति थोरै खानु)
१४. तिहारको ठेउवा हराए जस्तो हराउनु (बेपत्ता हुनु)



१५. कागको फूल चोर्ने जस्तो (बाठो, धेरै चलाख)
१६. मयुरको जस्तो नाच (ढल्की ढल्की नाच्ने)
१७. बकुल्लाको जस्तो ध्यान (एकाग्र हुनु)
१८. चिबेको जस्तो बोली (रूखो अर्थमा)
१९. लाटोकोसेराको जस्तो स्वभाव (अरूसँग घुलमिल नहुने)
२०. तँलाई अर्को जुनीमा काकाकुल हुनु परोस् (पानी मग्दा नदिनेलाई दिइने श्राप)
२१. गरुडको छायाँमा परेको सर्प जस्तो (डरले लल्याकलुलुक हुनु)
२२. सुतुरमुर्गले टाउको लुकाए जस्तो (लाज वा डरले गर्दा बाहिर देखा नपर्नु)
२३. सुगाको ठुँड जस्तो (लामो नाक)
२४. भँगेरो जस्तो (कामुक)
२५. चराले आहार टिपे जस्तो (काम छिटो सिध्याउनु)

**रामप्रसाद देवकोटा**
मित्रता उमावि, सत्रसय, तनहुँ

# युनियनलाई सहयोग रोक्का

**डेनिस** टिचर्स युनियन (डिएलएफ)ले शिक्षकहरूको पेशागत र सङ्गठनात्मक क्षमता विकासका निम्ति चार वर्षदेखि नेपाल शिक्षक युनियनलाई दिँदै आएको अनुदान 'सम्झौता अनुसार काम नगरेको' भनी रोक्का गरेको छ । युनियन स्रोतका अनुसार, डेनिस टिचर युनियनका अन्तर्राष्ट्रिय सचिव टोर एसमोसनले आउँदो अगष्टमा हुने नेपाल शिक्षक युनियनको राष्ट्रिय परिषदको बैठकअघि आफ्नो सहयोगमा सञ्चालन हुने सबै कार्यक्रम सञ्चालन नगर्न भनेको छ । यसबारेमा युनियनका महासचिव चुन्नीशरण यादव भन्छन्, "सम्झौता अनुसारका काम सम्पन्न नभएकाले ब्याङ्क खाता रोक्का भएको हो । अहिले अडिट भइरहेको छ, सम्झौता अनुसार काम भएपछि सबै कुरा सामान्य हुन्छ ।" उनका अनुसार माछापुच्छ्रे ब्याङ्कमा रहेको युनियनको रोक्का खातामा रु.१८ लाख छ ।

सचिव एसमोसन फागुनमा नेपाल आएका बेला उनीसँग युनियनले एक महिनामा सम्पन्न गर्ने प्रतिबद्धता जनाएका कुनै पनि काम अहिलेसम्म सम्पन्न नभएको र पटक पटक ताकेता गर्दा पनि ती कामप्रति बेवास्ता गरिएका कारण सहयोग रोक्का गरिएको बताइएको छ । डिएलएफले आफूसँगको सम्झौता अनुसार सन् २००९ र २०10 को लेखा परीक्षण र कार्यक्रम प्रतिवेदन पेश नगरेको, १५ जिल्लामा अझै युनियन गठन नभएको, युनियनका पूर्णकालीन पदाधिकारीको जिम्मेवारी बाँडफाँड नभएको, आफ्नो सहयोगमा सञ्चालित परियोजनामा कोअर्डिनेटर नियुक्ति नगरेको आदि कारण देखाई ती काम सम्पन्न नभइञ्जेल आफ्नो सहयोग बन्द हुने जनाएको छ । युनियनको पूर्णकालिक अध्यक्षमा दिलबहादुर जोशी, महिला उपाध्यक्ष पूर्णा जोशी, महासचिव चुन्नीशरण यादव र कोषाध्यक्ष पदमप्रसाद पाण्डेय छन् । उनीहरूले स्कूलबाट आफ्नो पूरै तलबका अतिरिक्त भत्ताका रूपमा युनियनबाट तलबको आधा रकम पाउँछन् ।

यसैबीच, युनियनको डिएफए परियोजनाको कोअर्डिनेटरको पद हात पार्न युनियनकै वर्तमान र निवर्तमान पदाधिकारीहरूबीच प्रतिस्पर्धा शुरु भएको छ । त्यसनिम्ति महासचिव चुन्नीशरण यादव र कोषाध्यक्ष पदम पाण्डेयका अतिरिक्त युनियनका पूर्वअध्यक्ष कृष्णप्रसाद ढकाल र केन्द्रीय सदस्य लक्ष्मण शर्माले आ-आफ्नो नाम अघिसारेका छन् । यीमध्ये पूर्व अध्यक्ष ढकालले डिएलएफका अन्तर्राष्ट्रिय सचिव टोर एसमोसनले आफूलाई व्यक्तिगत रूपमा बधाइ दिइसक्दा पनि युनियनले कोअर्डिनेटर नबनाएकोमा असन्तुष्टि जनाएका छन् भने सदस्य शर्माले आफूलाई इमेल गरेर टोरले कोअर्डिनेटर बन्न आग्रह गरेको बताएका छन् । मासिक करिब ३० हजार तलब पाउने उक्त पदका लागि युनियनका नेताहरूले नै भिडन्त गर्न थालेपछि डिएलएफ खुल्ला प्रतिस्पर्धा गराई बाहिरबाट कोअर्डिनेटर छान्ने तयारीमा रहेको जानकारी महासचिव यादवले दिएका छन् ।

डिएलएफले १ जुन २००७ देखि ३१ मे २०10 सम्मका लागि युनियनलाई रु.७४ लाख अनुदान उपलब्ध गराएको थियो । उक्त परियोजना अवधि सकिएको एक वर्ष नाघिसक्दा पनि युनियनले सम्झौता अनुसारका कार्यक्रम गर्न नसकेपछि डिएलएफले सन् २०११-२०१४ सम्मका लागि दिने भनेको रु.२ करोडको सहयोगको भविष्य पनि अन्योलमा परेको छ ।

# विज्ञान शिक्षकको पहिलो अधिवेशन

**विज्ञान** शिक्षक समाज, नेपालको २७-२८ जेठमा सम्पन्न प्रथम राष्ट्रिय अधिवेशनले परोपकार उमावि, भीमसेनस्थान, काठमाडौंका खिलकुमार प्रधानको अध्यक्षतामा ३१ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा जयप्रकाशलाल (जेपी) श्रीवास्तव र विकास गौतम, महासचिवमा विजयकान्त मिश्र, सचिवमा ओमकार बोहरा र कोषाध्यक्षमा देवेन्द्रकुमार कर्ण चयन भएका छन् । अधिवेशनले प्रभावकारी विज्ञान शिक्षणका लागि पाँचबुँदे घोषणापत्र जारी गरेको छ ।

विज्ञानको २५ प्रतिशत पूर्णाङ्क बराबरको प्रयोगात्मक परीक्षा लिएर मात्रै विद्यार्थीलाई अङ्क दिने र 'साइन्स एक्सप्रेस' नामको त्रैमासिक पत्रिका प्रकाशित गर्ने घोषणा अधिवेशनले गरेको छ । २०५७ सालअघि विज्ञान शिक्षकलाई दिइँदै आएको प्राविधिक भत्तालाई निरन्तरता दिन, स्रोतकेन्द्र स्तरमा आधुनिक प्रयोगशाला खोल्न र क्षेत्रीयस्तरमा विज्ञान अनुसन्धान केन्द्र स्थापना गर्न अधिवेशनले सरकारसँग माग गरेको छ । अधिवेशनमा ४१ जिल्लाका करिब ३०० विज्ञान शिक्षकको सहभागिता थियो ।

## लेख्नुहोस्, पुरस्कार जित्नुहोस् !

शिक्षक मित्रहरू, गतांकमा हामीले हरेक बालबालिकाको जन्मजात प्रतिभाहरू र त्यसलाई पहिचान केही तरिकाबारे चर्चा गरेका थियौं । त्यसक्रममा हामीले यहाँलाई आफ्नो अनुभव लेख्न अनुरोध पनि गरेका थियौं । हाम्रो मुख्य जिज्ञासा थियो–

- **आफ्ना विद्यार्थीको प्रतिभा पहिचान गर्न तपाईंले के-कस्तो उपाय अवलम्बन गर्नुभएको छ ?**
- **प्रतिभाको गोडमेल कसरी गर्नुहुन्छ ?**
- **प्रतिभा अनुसार विद्यार्थीको सिकाइ क्षमता कत्तिको फरक पाउनुभएको छ ?**
- **फरक फरक प्रतिभा भएका विद्यार्थीलाई एउटै कक्षाकोठामा सफल तरिकाले सिकाउने ?**

आफ्नो अनुभव/विचार लेख्नुहोस् । हामीलाई उत्कृष्ट लागेको लेखाइले **रू.६ हजार** पुरस्कार प्राप्त गर्नेछ । बढीभन्दा बढी शिक्षक सहभागी हुन सकुन् भन्ने हेतुले समय थप गरिएको हो । रचना यही असार २० गतेभित्र *शिक्षक* को ठेगानामा आइपुग्नुपर्नेछ ।  -सं.


मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५, ११, ११:४५ बजे, बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे, दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साघाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५१२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३१९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौंडा: ०५७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# पोखरामा क्षेत्रीय शैक्षिक प्रदर्शनी



लालप्रसाद शर्मा

**पश्चिमाञ्चल** क्षेत्रीय शिक्षा निर्देशनालयको आयोजनामा २७-२८ जेठमा विद्यालयस्तरीय प्रतियोगितात्मक क्षेत्रीय शैक्षिक प्रदर्शनी सम्पन्न भएको छ। प्रदर्शनीमा विद्यार्थी, शिक्षक र अभिभावक सबैको उत्साहपूर्ण सहभागिता थियो । विद्यार्थीले बनाएका विभिन्न शैक्षिक सामग्रीको अवलोकनपछि उनीहरू पनि निकै प्रभावित भए। शिक्षण सिकाइमा गुणस्तर ल्याउने, अनुभव आदानप्रदान, शिक्षक तथा विद्यार्थीको सृजनशीलताको विकास, नवीनतम शैक्षिक सामग्रीहरू उजागर गर्ने उद्देश्यसाथ शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सामग्रीहरू प्रदर्शन गरिएको क्षेत्रीय शिक्षा निर्देशक बाबुराम पौडेलले बताए ।

प्रदर्शनीमा पश्चिमाञ्चलका कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, नवलपरासी, कपिलवस्तु र तनहुँका गरी ३७ सार्वजनिक तथा संस्थागत विद्यालयको सहभागिता थियो । तीनमा ६ सामुदायिक र ३१ संस्थागत विद्यालय थिए । प्रदर्शनीमा भाषा, सामाजिक, गणित, विज्ञान र बालविकास गरी पाँच वटा विषय क्षेत्र अन्तर्गत शैक्षिक सामग्री राखिएको थियो। प्रत्येक विद्यालयले कम्तीमा पनि २५ वटा सामग्री प्रदर्शनीमा राखेका थिए। तिनमा पृथ्वीको भौतिक संरचना, पौष्टिक आहार, मानवयन्त्र, विभिन्न चट्टानबाट बनेका धातु, बायोग्यास, विद्युत्‌बाट चल्ने रोबोट, रोपवे, विभिन्न सवारी साधन तथा विभिन्न जातीय, संस्कृति, भाषासम्बन्धी जानकारी पनि प्रदर्शनीमा राखिएको थियो । प्रदर्शनी हेर्न पोखराका सबैजसो विद्यालयले विद्यार्थीलाई प्रदर्शनीस्थलमा पुऱ्याएका थिए ।

प्रदर्शनीमा विभिन्न विधामा प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कृत गर्दै प्रमाणपत्र दिइएको थियो ।

**लालप्रसाद शर्मा**, पोखरा

# अहिल्यैदेखि एसएलसी सुधार्ने तयारी !

**जिल्ला** शिक्षा कार्यालय, अर्घाखाँची आउँदो एसएलसी परीक्षाको उपलब्धि बढाउनका लागि अहिल्यैदेखि तयारीमा जुटेको छ । जिशिकाले ५ जेठ २०६८ मा स्रोतव्यक्ति, मावि/उमाविका प्रअ, शिक्षक संघ/संस्थाका प्रतिनिधि सम्मिलित बैठकबाट सिकाइ उपलब्धि बढाउने योजनाहरू सार्वजनिक गरेको छ । २०६६ सालको एसएलसीमा जिल्लाको नतिजा २१ प्रतिशतमा खुम्चिएपछि जिशिकाले आउँदो परीक्षामा नतिजा खस्किन नदिन यो तत्परता देखाएको हो ।

बैठकले समयमै कोर्स पूरा गर्न नियमित कक्षा सञ्चालन गर्ने, बिहान/बेलुका र बिदाको दिन अतिरिक्त कक्षा सञ्चालन गर्ने, कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि थप कक्षा सञ्चालन गर्ने, हरेक महिना अभिभावकसँग अन्तरक्रिया गर्ने निर्णय गरेको छ । मूल परीक्षाको तयारीका लागि पटकपटक विद्यार्थीको अभ्यास परीक्षा लिने निर्णय भएको छ । विद्यार्थीले लेखेको उत्तरमा केन्द्रित रहेर शिक्षकले निरन्तर छलफल गर्ने र त्यसबाट विद्यार्थीका कमजोरी पहिल्याएर तिनका निम्ति उपचारात्मक शिक्षण गर्ने निर्णय गरिएको छ । "परीक्षाप्रति शिक्षक, विद्यार्थी र अभिभावकको आत्मविश्वास बढाउने गरी उक्त निर्णय गरिएको हो ।" अर्घाखाँचीका जिशिअ रमाकान्त शर्माले भने, "यसबाट हामीले शिक्षण सिकाइमा सुधार आउने अपेक्षा गरेका छौं ।"

एसएलसी परीक्षालाई मर्यादित तुल्याउनका लागि 'चिटिङ'मा संलग्न शिक्षक/विद्यार्थीलाई परीक्षा हलबाट निष्कासन गर्ने तथा त्यस्तो क्रियाकलापमा संलग्न शिक्षकलाई विभागीय कारबाही गर्ने निर्णय पनि बैठकले गरेको छ । जिशिअ रमाकान्त शर्माले भने, "परीक्षालाई मर्यादित बनाउनका लागि हामीले अन्तिम समयतिर तात्नुभन्दा अहिलेदेखि नै तयारी गर्दा व्यवहारिक हुने ठानेर यो निर्णय गरिएको हो । यसमा सरोकार पक्षहरू निकै सकारात्मक देखिएका छन् ।"

स्रोतकेन्द्र र विद्यालयस्तरमा पनि अभिभावकलाई बोलाएर मर्यादित परीक्षाको चेतनामूलक कार्यक्रम गर्न निर्देशन दिइएको जानकारी शर्माले दिएका छन् । साथै, समग्र शैक्षिक गुणस्तर सुधारका लागि जिशिकाले जिल्लाका सबै विद्यालयलाई ४२ बुँदे निर्देशन समेत दिएको छ ।

# तालिममा नेता !



**शैक्षिक** जनशक्ति विकास केन्द्रले पेशागत दक्षता र नेतृत्व क्षमता बढाउन शिक्षक नेतृत्वलाई ६ दिने प्रशिक्षण दिएको छ। केन्द्रले २३-२८ जेठमा सानोठिमीमा आयोजना गरेको उक्त प्रशिक्षणमा शिक्षक संस्थाका १७ जना केन्द्रीय पदाधिकारीले भाग लिएका छन्।

शिक्षक नेतालाई सरकारी स्तरबाट यसरी प्रशिक्षण दिइएको यो पहिलो पटक हो। केन्द्रका उपनिर्देशक शिवकुमार सापकोटाका अनुसार, शिक्षक नेतामा पेशागत विकास र शैक्षिक नीति कार्यान्वयनमा जवाफदेही बनाउन यो प्रशिक्षण दिइएको हो। उनले भने, "शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैभन्दा महत्त्वपूर्ण भूमिका शिक्षकको हुन्छ।"

शिक्षक नेतालाई शिक्षकका युनियनवाद, प्राविधिक क्षमता विकास, शैक्षिक सुधारका साझा कार्यसूची लगायतका विषयवस्तुमा प्रशिक्षण दिएको छ। युनियनवाद अन्तर्गत यससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, पेशागत जवाफदेहिता, युनियनका साझा मुद्दा तथा प्राविधिक क्षमता अन्तर्गत नेतृत्वको साझा अवधारणा, कार्यसम्पादन प्रक्रिया, नेतृत्व शैलीका सिद्धान्त, शैक्षिक नीति/संरचना लगायतका विषयमा जानकारी गराइएको छ। यस्तै शैक्षिक सुधारका कार्यसूची अन्तर्गत शैक्षिक नीति निर्माणमा युनियनको प्रतिनिधित्व, योजनाको कार्यान्वयन तथा अनुगमन/मूल्याङ्कन पद्धतिका बारेमा पनि प्रशिक्षणमा छलफल गरिएको थियो।

सहभागी शिक्षक नेताहरूले प्रशिक्षण सकारात्मक र उपलब्धिमूलक भएको प्रतिक्रिया दिएका छन्। सङ्गठनका महासचिव थापाले भने, "शिक्षकका पेशागत संस्थाहरू आफ्ना हकहितमा मात्रै लागिपर्छन् भन्ने आरोप लाग्दै आएको छ। आउँदा दिनमा शैक्षिक सुधारका लागि पनि हामी प्रयत्नशील हुन्छौं।"

सो प्रशिक्षण जिल्लास्तरसम्म पुऱ्याउने योजना शैक्षिक जनशक्ति विकास केन्द्रको छ। शिक्षक नेतालाई तालिम दिन सरकारले चालु आवमा रु.२० लाख बजेट छुट्याएको छ। यस वर्षको प्रशिक्षण उपलब्धिमूलक सावित भएमा मात्र यसलाई निरन्तरता दिइने जनाइएको छ।

# प्रअ भेलाका पाँच प्रतिबद्धता

**काठमाडौं** जिल्लाका सार्वजनिक प्रावि र निमाविका प्रधानाध्यापकहरूको दुईदिने गोष्ठी पाँचबुँदे प्रतिबद्धता पत्र जारी गर्दै सम्पन्न भएको छ। काठमाडौं जिल्ला शिक्षा कार्यालयद्वारा जेठ २६ र २७ गते आयोजित सो गोष्ठीमा जिल्लाभरका प्रावि र निमावि गरी करिब १५० प्रअहरू सहभागी भएका थिए।

पहिलो प्रतिबद्धता 'अङ्ग्रेजीलाई शिक्षणको माध्यम बनाउने' छ। यसबाट सामुदायिक विद्यालयहरूप्रति अभिभावक र विद्यार्थीको घट्दो आकर्षणलाई सम्बोधन गर्न खोजिएको देखिन्छ। शैक्षिक उपलब्धिलाई बढाउँदै लैजानका निम्ति प्रअहरूले प्रत्येक वर्ष प्रत्येक शिक्षकले अनिवार्य रूपमा लक्ष्य निर्धारण गर्ने र योजनाका आधारमा शिक्षण गर्ने अठोट गरेका छन्।

त्यस्तै, प्रअहरूले शिक्षक तथा विद्यार्थीको आचारसंहिता तयार गरी त्यसको पालना गर्ने/गराउने प्रतिबद्धता पनि जनाएका छन्। त्यस्तै विद्यालयमा सुशासनका लागि आर्थिक पारदर्शिता कायम गर्ने कुरा पनि उनीहरूले स्वीकारेका छन्। प्रअहरूले पाठ्यपुस्तकलाई मात्र आधार नमानी पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीलाई पनि पठनपाठनमा प्रयोग गर्ने वचनबद्धता व्यक्त गरेका छन्। "विद्यालयमा शारीरिक, मानसिक लगायत सबै खाले सजायलाई निर्मूल गर्दै सम्मानपूर्वक पठनपाठनको अवसर दिन विद्यालयमा बालमैत्री र शिक्षक मैत्री वातावरणको सिर्जना गर्दै विद्यालयलाई शान्ति क्षेत्रको रूपमा स्थापित गर्ने"- अन्तिम बुँदामा भनिएको छ।

गोष्ठीमा दुई वर्षअघिदेखि कार्यान्वयनमा आएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले लिएका नीतिहरू र स्कूल सुधार गर्न प्रअको भूमिकाका बारेमा कार्यपत्र प्रस्तुत गरिएको थियो। सरकारी नीतिबारे यति धेरै ढिलो गरी आफूहरूसित छलफल चलाइएकोमा कतिपय प्रअहरूले रोष प्रकट गरेका थिए।

कार्यक्रममा पूरै समय सहभागी भएका रानीबारी निमाविका प्रअ रामजी गौतम भन्छन्, "धेरै नयाँ जानकारी लिन पाइएकाले कार्यक्रम उपलब्धिपूर्ण भएको अनुभव भयो।" काठमाडौंका जिशिअ बाबुकाजी कार्कीले राजधानीमै प्रावि र निमावि तहको जिल्लास्तरीय भेला अहिलेसम्म हुन नसकेको जानकारी दिँदै अब आफूहरूको ध्यान माविमा भन्दा आधारभूत तहमा केन्द्रित हुने प्रतिबद्धता व्यक्त गरेका छन्।

# फोटो फिचर













# शैक्षिक सामग्री सङ्ग्रहालय



शैक्षिक भ्रमणको क्रममा पोखराको पर्वतीय सङ्ग्रहालय अवलोकन गरेपछि झापाको सुरुङ्गास्थित सिंहदेवी निमाविका प्रअ डम्बर फुँयाल र उनका सहयोगी शिक्षकहरूले आफ्नो स्कूलमा त्यस्तै सङ्ग्रहालय बनाउने निधो गरे । आफ्नो निर्णय साकार पार्न विद्यालयमै 'शैक्षिक सामग्री' कार्यशाला सञ्चालन गरे । कार्यशालामा अभिभावकले बाँस, काठ र परालका परम्परागत सामग्री मात्र बनाइदिएनन्, तिनले आफूसँग भएका ठेकी, मदानी, ढ्याङ्ग्रो, कर्द, चुलेसी, हर्पे, माली जस्ता दैनिक प्रयोगमा आउने औजार र भाँडाकुँडा पनि सङ्ग्रहालयलाई उपहार दिए । तरबार, खुँडा, ढाल जस्ता फलामका सामग्री चाहिं किनिए ।

संकलित सामग्री राखिएको स्कूलको कोठालाई २६ पुस २०६७ देखि शैक्षिक सामग्री सङ्ग्रहालय नाम दिइएको छ । सङ्ग्रहालयमा २५० वटा नयाँ पुराना सामग्री छन् । छात्रछात्रालाई ती सामग्रीका बारेमा बेला बेला बताउने गरिएको छ । यता आएर अरु जिल्ला र विद्यालयका शिक्षक र छात्रछात्रा पनि सङ्ग्रहालय हेर्न आउन थालेका छन् । प्रअ फुँयाल भन्छन्, "शैक्षिक भ्रमणलाई सिकाइमा बदल्न सकिने रहेछ । स्कूलमा हामीले यो नौलो प्रयोग गरेका हौं ।"

स्थलगत

# सरकारी स्कूल लोभलाग्दा पनि छन् !




## सूर्योदयको अनुकरणीय 'टिमवर्क'

**इलामको** चुलाचुली-५ स्थित सूर्योदय प्राविका प्रअ भोजराज बुढाथोकी (४५) को कार्यकक्ष औसत सरकारी प्राविको भन्दा उम्दा र आकर्षक देखिन्छ। बुढाथोकीको स्कूल समय प्रायः शिक्षकको जस्तो १०-४ मा सीमित छैन । उनको १०-१२ घण्टा स्कूलमै बित्छ । सूर्योदय प्रावि इलामको नमुना स्कूल बन्न सक्नुमा सम्भवतः प्रअ बुढाथोकीको यस्तै समर्पण र लगनले काम गरेको छ ।

१६ वैशाख २०५७ मा इलामको विद्या सृजनात्मक मावि (तत्कालीन प्रावि) बाँजोबाट सरुवा भएर आएका बुढाथोकीले १० वर्षमा सूर्योदयको कायापलट नै गरिदिएका छन् ।

स्कूल चम्काउन भोजराजले अपनाएको शैली मौलिक छ । उनी हरेक काम योजना अनुसार गर्छन् । हरेक वर्ष स्कूल सञ्चालनको विस्तृत योजना बनाउँछन् । त्यसबारे शिक्षक-अभिभावकसँग छलफल गर्छन्, पारित भएपछि लागू गर्छन् । भर्खरै शुरु भएको शैक्षिक वर्षका लागि रु.१६ लाख ५४ हजार बजेट र कार्यक्रम तयार गरिसकेका छन् भोजराजले । उनले स्कूलले सम्पन्न गरेका हरेक कामको व्यवस्थित र विस्तृत अभिलेख राखेका छन् । "मरेर जाँदा केही लान्नँ । म बाँचेको समाजका लागि केही गरौं र मरेपछि अरूले सम्झिउन् भनेर स्कूलका लागि मरिमेटेको हुँ", उनी भन्छन् ।

भोजराजसँग स्कूल क्षेत्रका अभिभावकको विस्तृत सूची मात्र होइन, घरधुरी विवरण पनि छ । अभिभावक, शिक्षक र छात्रछात्रालाई निश्चित नियममा बाँधेर स्कूलको शैक्षिक स्तर सुधार्न छुट्टाछुट्टै आचारसंहिता परिपालन गर्ने गरिएको छ । कसैले पनि आचारसंहिता उल्लङ्घन गरेको रेकर्ड छैन ।

स्कूलको पठनपाठनलाई नियमित र प्रभावकारी तुल्याउन वार्षिक शैक्षिक क्यालेण्डर लागू गरिएको छ । त्यसमा स्कूल खुल्ने र पढाइ हुने, बिदा, परीक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालन हुने तिथि तय गरिएका छन् । शैक्षिक क्यालेण्डर पछ्याएका कारण २०६७ सालमा उक्त विद्यालय २३९ दिन खुल्यो । जबकि सरकारी नियम अनुसार वर्षमा २२० दिन स्कूल खोले पुग्छ । पठनपाठनलाई व्यवस्थित तुल्याउन हरेक वर्ष कक्षा ४ र ५ मा अतिरिक्त कक्षा चलाउने गरिएको छ । यसबाट छात्रछात्राको सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुगेको छ ।

कक्षाकोठा व्यवस्थापनमा पनि राम्रैसँग ध्यान दिइएको छ, सूर्योदय प्राविमा । सबै कक्षाका भित्तामा गणित, अङ्ग्रेजी, नेपाली लगायत पाठ्यपुस्तकका महत्त्वपूर्ण पाठका चित्रहरू कोरिएका छन् । कक्षामा छिर्ने वित्तिकै त्यसमा नानीहरूका आँखा परुन् भनेर त्यस्तो गरिएको प्रअ बुढाथोकी बताउँछन् । छात्रछात्रालाई हरेक वर्ष शैक्षिक भ्रमणमा समेत लैजाने गरिएको छ । भ्रमणबाट फर्केपछि त्यसको सिकाइका बारेमा विद्यालयमा छलफल गरिन्छ ।

नेपालका धेरै स्कूलले शैक्षिक सामग्रीको अभाव झेलिरहेका छन् । शैक्षिक सामग्री उपलब्ध भएका विद्यालयहरूमा पनि त्यसको सही सदुपयोग हुनसकेको

देखिँदैन। तर, सूर्योदय प्रावि यसको अपवाद बनेको छ। सूर्योदयमा ग्लोब, मादल, तराजु, ढक, लिटर, एट्लस, थरिथरिका चार्ट र नक्सा, ठूलो ज्यामिति बक्स, पिरामिड, क्युबिक, माछा पजल, काउन्टिङ स्टेन्ड मात्र होइन एबीसी ब्लक, राष्ट्रिय चिन्ह, नमुना घडी, कक्षागीत क्यासेट आदि थुप्रै सामग्री सङ्कलित छन्। यस्ता सामग्रीलाई विद्यालयले पठनपाठनको अभिन्न अङ्ग बनाएको छ। स्कूलको बजेट बनाउँदा नै शैक्षिक सामग्री खरिद गर्न रकम विनियोजन गरिन्छ। "स्थानीय स्रोतको अधिकतम प्रयोग गरेर उच्चतम शैक्षिक उपलब्धि हासिल गर्न अघिबढेको स्कूल हो सूर्योदय प्रावि। तामझाम छैन, कक्षाकोठाको पढाइबाट शैक्षिक उपलब्धि हेर्न सकिन्छ" इलामका विनि टेकनाथ रेग्मी भन्छन्।

सूर्योदयमा शिक्षकहरूले पाठयोजना बनाउने गरेका छन्। त्यसनिम्ति प्रअले हरेक शिक्षकलाई डायरी उपहार दिएका छन्। त्यस्तै; पाठ्यक्रमले परिलक्षित गरेका कक्षागत र तहगत शैक्षिक उपलब्धि हासिल गर्न सहयोग पुगोस् भनेर सबै शिक्षकलाई पाठ्यक्रम र शिक्षक निर्देशिका पनि स्कूलले उपलब्ध गराएको छ। सो प्राविका शिक्षक हरिकुमार घिमिरे भन्छन्, "हामीलाई कक्षाकोठामा राम्रोसँग पढाउन आवश्यक पर्ने सबै व्यवस्था स्कूलले गरिदिएको छ।"

सूर्योदय प्राविका सबै शिक्षक विद्यालयमा १० बजे नै आइसक्छन्। शिक्षकले बिदा बस्नु पर्दा स्कूलले तयार गरेको बिदा फारम भरेर प्रअको स्वीकृत लिने परिपाटी बसाइएको छ। दुई जना स्थायी, दुई राहत, एक पीसीएफ र एक जना निजी शिक्षकले दैनिक ६ घण्टी पढाउने गरेका छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खड्कबहादुर खालिङ प्रअ बुढाथोकीको शैक्षिक र प्रशासनिक नेतृत्वलाई शिक्षक, छात्रछात्रा र गाउँलेले शिरोपर गरेकाले आफ्नो विद्यालय जिल्लाको नमुना बनेको बताउँछन्। स्कूल नजिकैका अभिभावक केशव गुरागाईं थप्छन्, "शून्यबाट शुरु भएर आजको अवस्थामा पुगेको हो यो स्कूल।"

"कहिलेकाहीँ सरहरूलाई हेडसरले कति काम लगाएको वा पेलेको जस्तो पनि लाग्दो हो। तर, म सकभर खुशी पारेर नै उहाँहरूलाई स्कूलको उन्नतिमा लाग्न प्रेरित गर्छु", प्रअ बुढाथोकी भन्छन्। प्रअको मिहिनेत र कुशल नेतृत्व अनि लगनशील शिक्षकका कारण जिशिका इलामले २०६३ मा सूर्योदय प्राविलाई जिल्लाको नमुना प्राविको रूपमा पुरस्कृत गरेको थियो। उक्त विद्यालयबाट कक्षा पाँच पूरा गरेर अरू स्कूलमा भर्ना हुने छात्रछात्राले राम्रो गर्ने गरेको जनता उमावि चुलाचुलीका प्रअ षडराज गड्तौला बताउँछन्। २०५१ सालमा स्थापना भएको सूर्योदय स्कूलले कक्षा पाँच सञ्चालन गर्ने स्वीकृति २०६५ सालमा मात्र पाएको हो। अहिले उक्त विद्यालयमा जम्मा २४० जना छात्रछात्रा छन्। यीमध्ये छात्राको सङ्ख्या ११७ रहेको छ।




# हेर्नलायक दुर्गा प्रावि

**जीतबहादुर** कार्की इलामको बरबोट-६ स्थित दुर्गा प्राविका प्रअ हुन्। उनको जीवनशैली स्थानीय किसानको भन्दा धेरै फरक लाग्दैन। उनी खेतमा काम गरेर थाकेको किसान जस्तै देखिन्छन्। हुन पनि कार्कीले किसानकै जसरी स्कूलको गोडमेल गरेका छन्। अभिभावक, सहकर्मी शिक्षक र छात्रछात्राको भनाइमा उनी शनिबार पनि विद्यालय जाने गर्छन्। स्कूलको सरसफाइ, भवन निर्माण, कक्षा शिक्षण, शिक्षक बैठक आदि सबै काममा उनी अहोरात्र जुट्छन्। उनको सक्रियताकै कारण सहकर्मी शिक्षक र अभिभावकले कार्कीको नेतृत्व अपरिहार्य ठानेका छन्। प्रअ कार्की पनि त्यस्तै ठान्छन्। उनी भन्छन्, "मैले रातदिन स्कूलमा पालेदेखि हेडमास्टरसम्मको भूमिका निर्वाह गरेकाले होला अभिभावकले स्कूलको नेतृत्व गर्ने मौका दिएका हुन्, त्यसैले मैले राजिनामा दिँदा पनि स्वीकृत हुँदैन।" प्रअ/शिक्षकले आफ्नो श्रम र सहकार्यको सुखद् परिणाम पनि पाएका छन्। उनीहरूको स्कूल आजभोलि 'इलामको पर्यटन प्रावि' का रूपमा चिनिन थालेको छ। देशका विभिन्न भागबाट इलाम पुग्ने शिक्षाका सरोकारवाला एकपटक दुर्गा प्राविमा ठोक्किन पुग्छन् नै।

**किसान जस्तै मिहिनेती प्रअः** **जीतबहादुर कार्की, दुर्गा प्रावि, इलाम र सामुहिक तस्बिर खिचाउँदै शिक्षकहरू** (माथि)।



दुर्गा प्राविको भौतिक/शैक्षिक सुधारको ग्राफ उकालो लाग्न थालेको धेरै भएको छैन। २०४५ सालमा स्थापना भएको उक्त विद्यालयको भौतिक/शैक्षिक अवस्था २०६३ सम्म दयनीय थियो। बाँसको बेरा अनि कच्ची गारोमा ठडिएको थियो

स्कूल। तर, शिक्षक-अभिभावक मिलेर स्कूल सुधार अभियान चलाए। फलतः हिजो र आजको दुर्गा प्राविमा ठूलो अन्तर देखिन्छ।

पठनपाठन नियमित हुने गरेकाले लिम्बुवान/खम्बुवानको बन्द/हडतालका बाबजुद पनि गत वर्ष दुर्गा प्रावि २४० दिन खुल्यो। स्कूलका शिक्षकहरू हम्मेसी बिदा लिँदैनन्। लिनै परे पनि कक्षामा बाधा नपुग्ने तरिकाले बिदा लिन्छन्। ७ जना शिक्षक, ५८ जना छात्रा अनि ६५ जना छात्र रहेको उक्त विद्यालय जिल्लामा शतप्रतिशत भर्ना गराउने विद्यालयमा दरिन पुगेको छ। २०६७ सालको शैक्षिक सामग्री प्रदर्शनीमा यो प्रावि इलाम र पूर्वाञ्चल क्षेत्रमा प्रथम भयो। स्कूलले शैक्षिक क्यालेण्डर लागू गरेको छ भने शिक्षकहरू दैनिक पाठयोजना अनुसार कक्षाकोठामा जान्छन्। उक्त स्कूलकी शिक्षक भूमिका गौतम आफ्नै स्कूल भएकोले राम्रो गरौं भन्ने भावना रहेको धारणा राख्छिन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वनाथ भट्टराईको विद्यालयप्रतिको लगाव लोभलाग्दो छ। उनी महिनामा औसत २२ दिन स्कूलमा उपस्थित हुन्छन्। विश्वनाथको काम विद्यालयमा के कमी छ? शिक्षकहरूले नियमित कक्षा लिएका छन् कि छैनन् भन्ने अनुगमन गर्नु हो। उनी भन्छन्, "अरू बेला खाना खाएर अनि व्रत लिएको बेला भोकै पनि स्कूल आउँछु, समस्या सुन्छु र समाधान गर्ने कोशिश गर्छु। जिल्लाकै नमुना स्कूल बनाउन खोजिएको हो, हामी आफैँले डोको बोकेर बनाएको स्कूल हो यो।" भट्टराई व्यवस्थापन समितिको अध्यक्ष भएको दुई कार्यकाल भएको छ भने स्कूल सुधारको अभियानले पनि त्यति नै समय पूरा गरेको छ।

व्यवस्थापन समितिका पदाधिकारी, प्रअ तथा शिक्षकका छोराछोरी पनि सोही स्कूलमा पढ्छन्। प्रअ जीतबहादुर कार्कीकी छोरी विपना कार्कीले दुर्गा प्राविबाट कक्षा पाँच पूरा गरेकी हुन् भने अहिले सानो छोरा कक्षा एकमा भर्ना गरिएका छन्। अर्का शिक्षक बीरबहादुर जोगीका छोरा टङ्कुमार जोगी दुर्गा प्राविमै कक्षा ४ मा पढ्दै छन्। शिक्षक रेणुका नोगुकी छोरी मिस्लिम यसै वर्ष कक्षा १ मा भर्ना गरिएकी छन्। शिक्षकहरूमा आफ्ना छोराछोरीलाई निजी स्कूलमा पढाउँ भन्ने भावना छैन। शिक्षक र अभिभावकले सरकारी स्कूलमा छोराछोरी पढाउन थालेका कारण स्कूल क्षेत्रका प्रायः सबैजसो अभिभावकले पनि आफ्ना नानीहरूलाई सोही स्कूलमा भर्ना गरेको पाइन्छ।

दुर्गा प्राविबाट कक्षा ५ पूरा गरेका व्यवस्थापन समितिका अध्यक्ष भट्टराईका दुई छोरामध्ये जेठा ठाकुरमणि भट्टराई शास्त्री सकेर पण्डित भइसकेका छन् भने सोही स्कूलमा पढेका कान्छा छोरा पशुपतिनाथ भट्टराई कम्प्युटर इन्जिनियर छन्। आफ्ना छोराले निजी स्कूलमा पढेका विद्यार्थीले भन्दा राम्रो गरेकाले आफूलाई सरकारी स्कूलको उन्नतिमा योगदान गर्न प्रेरणा मिलेको विश्वनाथको विश्वास छ।

विद्यालयको पठनपाठनप्रति स्थानीय महिलाहरूको चासो झन् रोचक छ। उनीहरूले आमा समूह बनाएर स्कूलका समग्र गतिविधिलाई निगरानी गरेका छन्। यसबाट शिक्षकहरूमा स्कूललाई राम्रो पार्न थप प्रोत्साहन र दबाब परेको पाइन्छ। इलामका जिशिअ महेन्द्र पौडेल आफैँले काम गरेर देखाउने प्रअ र प्रअलाई सहयोग गर्ने शिक्षक-अभिभावकका कारण दुर्गा प्रावि हेर्न लायक स्कूल बनेको धारणा राख्छन्।



श्रवणदेव

# मधेशको नमुनाः राष्ट्रिय जनता प्रावि

**मधेशका** कतिपय सार्वजनिक स्कूलको पठनपाठन बर्बाद भइरहेका बेला सरकारी स्कूलप्रति अभिभावकलाई आशावादी बनाउन सफल भएको छ सिरहाको फुलकाहाकट्टी-६ स्थित राष्ट्रिय जनता प्रावि। उक्त स्कूलको आशलाग्दो व्यवस्थापन र पठनपाठनबाट आकर्षित भएपछि फुलकाहाकट्टी-८ का मनिराम यादवले निजी स्कूलमा पढ्दै आएका छोराहरू आनन्द यादव र सन्तु यादवलाई भर्खरै यो प्राविमा सारेका छन्। अघिल्लो वर्ष ७ जना छात्रछात्रा निजी विद्यालय छाडेर यो स्कूलमा आएका थिए।

राष्ट्रिय प्राविमा बालमैत्री कक्षा सञ्चालन गरिएको छ। नानीहरूका निम्ति खेल र मनोरञ्जनका सामग्री जुटाइएको छ। स्कूलको आकर्षक वातावरणका कारण छात्रछात्रा रमाएर नियमित रूपमा स्कूल आउने गरेको शिक्षक शम्भु यादव 'नेपाली' बताउँछन्। स्कूल अनुशासनलाई पठनपाठनको अभिन्न अङ्ग बनाइएकाले पढाइ भइरहेको बेला कोही पनि कक्षा बाहिर हुँदैनन्। दिशा, पिसाब गर्न र पानी पिउन पनि परिचयपत्र भिरेर निस्किनुपर्छ। प्रधानाध्यापक फेकन झा थप्छन्, "अनुशासन विना राम्रो पढाइ सम्भव छैन।"

कक्षा १ र २ मा नानीहरूलाई सजिलो होस् भनेर गोलो आकारका टेबुल राखिएका छन्। पढ्दापढ्दै थकाइ लागेमा खेल्न घुम्ने पिङ्ग राखिएको छ। "पढाइसँगै खेल र मनोरञ्जनले बालबालिकामा सकारात्मक असर पार्दोरहेछ।" प्रअ झाको अनुभव छ। स्कूलमा रमाइलो वातावरण भएकाले विद्यालय छुट्टी भएपछि पनि बालबालिकाहरू विद्यालयमै बस्न चाहन्छन्। कक्षा ४ का छात्र सन्तु यादव विद्यालय आएपछि आफूलाई पनि घर जान मन नलाग्ने अनुभव सुनाउँछन्।




सिरहाको राष्ट्रिय जनता प्राविका नानीहरू कक्षाकोठामा ।

त्यहाँ नयाँ शैक्षिक सत्र शुरु भएपछि एक वर्षसम्म कसरी पढाउने भनेर शिक्षकबीच छलफल हुन्छ । शैक्षिक क्यालेण्डरमा कुन दिन कुन पाठ पढाउने निधो गरिएको हुन्छ । कतिपय शनिबारका दिनमा समेत नानीहरू स्कूल आउँछन्, शिक्षकले तिनलाई पढाउँछन् । प्रअ झाका अनुसार आफ्नो स्कूलमा प्राथमिक तह पूरा गर्ने विद्यार्थीले प्राथमिक तहको सिकाइ उपलब्धि हासिल गर्ने गरेका छन् । नयाँ शैक्षिक सत्रमा नानीहरू भर्ना गराउन स्कूलमा अभिभावकको भीड लाग्छ । अघिल्लो शैक्षिक सत्रमा ३११ छात्रछात्रा थिए भने यो वर्ष पनि यो सङ्ख्या उस्तै छ ।

२०४६ सालमा स्थापना हुँदा टिनको छाप्रो रहेको यो स्कूल पक्की भवनमा परिणत भइसकेको छ । मधेशका अरू सरकारी स्कूलमा व्यवस्थापन समितिमा पुग्न तँछाडमछाडदेखि कुटपिट हुँदै गोली समेत चल्ने गरेको छ । यो स्कूल यसको अपवाद बनेको छ । स्थानीय गुजर चौधरी अहिलेसम्म ६ पटकसम्म निर्विरोध अध्यक्ष भएका छन् । "विद्यालयमा राजनीति कहिल्यै भएको छैन, अभिभावक जागरुक र सहयोगी छन्", चौधरी भन्छन् ।

आर्थिक पारदर्शिताको निम्ति पनि राष्ट्रिय जनता प्रावि नमुना मानिएको छ । अध्यक्ष चौधरी भन्छन्, "प्रधानाध्यापक र समुदाय मिलेर प्रत्येक वर्ष सामाजिक लेखा परीक्षण गरिन्छ, कहिल्यै विवाद हुन्न ।" स्कूलले जिल्लामा राम्रो पठनपाठन सञ्चालन गरेका कारण विभिन्न संघ-संस्थाले स्कूललाई सम्मान तथा पुरस्कृत गरेका छन् । सिरहाका निमित्त जिशिअ गुदर महतो समुदायको सहयोगले काँचुली फेरेको स्कूलको रूपमा लिन्छन् जनता राष्ट्रिय प्राविलाई । उनी थप्छन्, "अरु स्कूललाई पनि यस्तै बनाउन अभिभावक नै जाग्नुपर्छ ।"

**बाबुराम र श्रवण देव**



रिपोर्ट अङ्ग्रेजी माध्यमको लहर

बाबुराम विश्वकर्मा र प्रमोद आयाम

# शिक्षकलाई महाभारत

**अङ्ग्रेजी भाषाप्रतिको मोहले छात्रछात्रा निजी स्कूलतिर ओइरिन थालेपछि सरकारी स्कूलमा पनि अङ्ग्रेजी माध्यममा पठनपाठनको लहर चलेको छ। विद्यार्थी घटेर धरासायी हुन लागेका सार्वजनिक विद्यालयले अङ्ग्रेजी माध्यममा पढाइ सञ्चालन गरेपछि पुनर्जीवन पाएका छन्। तर, अङ्ग्रेजी भाषामा राम्रो पकड नभएका र अहिलेसम्म अङ्ग्रेजी पाठ्यपुस्तक समेत नेपालीमै पढाउँदै आएका शिक्षकलाई 'कामचलाउ' शैलीमा अङ्ग्रेजी माध्यममा पढाउन लगाउँदा धेरै ठाउँमा पढाइको स्तर नेपाली माध्यमको भन्दा झन् कमजोर भएको छ।**

स्याङ्जा, बिर्घास्थित सृजना प्राविका शिक्षक काशीराम पाण्डेयले शिक्षण जीवनका २२ वर्ष नेपाली माध्यममै पढाएर बिताए। चार वर्षअघिदेखि थालिएको अङ्ग्रेजी माध्यमको पठनपाठन उनका निम्ति गाह्रो भएको छ। एसएलसी उत्तीर्ण पाण्डेय अहिले कक्षा २-५ लाई सामाजिक अध्ययन पढाउँछन्। तर, उनी स्वयं सन्तुष्ट छैनन्। भन्छन्, "किताबका पाठ आफैंले राम्रोसँग बुझ्दिैन, विद्यार्थीलाई कसरी बुझाउनु? नेपालीमा पढाउने शिक्षकले अङ्ग्रेजीमा पढाउनु पर्दा दायाँ गोरुलाई बायाँ नारे जस्तो भएको छ।"

तनहुँ, थर्पुस्थित मीन उमाविकी शिक्षक रुक्मिणी मल्लको समस्या पनि यस्तै छ। प्रावि तहमा गणित र विज्ञान पढाउने मल्ल आफूलाई अङ्ग्रेजी शब्द उच्चारण गर्न नै कठिन हुने गरेको बताउँछिन्। उनले नबुझेका शब्द स्कूलमा माथिल्लो तहका शिक्षक र घरमा छोराछोरीसँग सिकेर जसोतसो पढाउने गरेकी छिन्। *शिक्षक* प्रतिनिधिले ७ जेठ २०६८ मा भेट्दा उनी बीबीएस दोस्रो वर्षमा अध्ययनरत छोरी प्रमिलासँग विज्ञानका अङ्ग्रेजी शब्दका नेपाली अर्थ र जोडा मिलाउने तरिका सिक्दै थिइन्। प्रमिला जस्ता शिक्षकहरूले अङ्ग्रेजी माध्यममा पढाउन गाह्रो भएको गुनासो गरेपछि थर्पु स्रोतकेन्द्रले यस वर्षको टीपीडी कार्यक्रम (शिक्षक तालिम)मै अङ्ग्रेजी भाषा सिकाएको थियो। तनहुँकै दमौली स्रोतकेन्द्रमा पनि २५ जनालाई यस्तै तालिम दिइएको स्रोतव्यक्ति माधव अधिकारी बताउँछन्।

तनहुँ, जामुनेको राधा उमाविमा कक्षा पाँचसम्म अङ्ग्रेजी माध्यमको पठनपाठन हुन्छ। त्यो पनि निजी स्कूलकै पाठ्यपुस्तक र शैलीमा। विद्यार्थीले गलामा टाई र कम्मरमा बेल्ट बाँधेका हुन्छन्। वर्षमा चार पटक परीक्षा लिने गरिएको छ। शिक्षक नन्दबहादुर थापा निजी स्कूलसँग प्रतिस्पर्धा गर्नकै लागि यसो गरिएको बताउँछन्। अङ्ग्रेजी पढाउन निजी स्रोतमा राखिएका शिक्षकलाई तलब खुवाउन नर्सरीमा मासिक प्रति विद्यार्थी रु.२५० र कक्षा पाँचमा रु.४०० शुल्क लिने गरिएको छ।

तनहुँको थर्पु स्रोतकेन्द्र अन्तर्गत ३७ वटा सामुदायिक स्कूलले अङ्ग्रेजी माध्यममा पठनपाठन

चलाएका छन्। कुनै विद्यालयले यसलाई कक्षा ५ सम्म पुऱ्याइसकेका छन् भने कुनैले कक्षा एकमा शुरु गर्दैछन्। तनहुँकै दमौली स्रोतकेन्द्र मातहतका ३२ विद्यालय पनि अङ्ग्रेजी माध्यममै छन्। गोरखाकै नगरपालिका स्रोतकेन्द्र अन्तर्गतका २५ सामुदायिक विद्यालयमध्ये २० वटामा अङ्ग्रेजी माध्यम लागू गरिएको छ। आहालेस्थित सरस्वती माविमा त कक्षा १० सम्मै अङ्ग्रेजी चलाइएको चार वर्ष भइसकेको छ। स्याङ्जाको श्रीकृष्णगण्डकी र निबुवाखर्क गाविसका २३ सामुदायिक विद्यालयमध्ये १८ वटामा अङ्ग्रेजी माध्यमको पठनपाठन थालिएको छ। तर, जिल्लाभर अङ्ग्रेजी माध्यम शुरु गर्ने विद्यालयको यकिन आँकडा चाहिँ तीनवटै जिशिकासँग छैन।

सुर्खेत, लेखफर्साका हीरालाल पौडेलले तीन वर्षअघि नाति अनुपलाई अङ्ग्रेजी पढाउने रहरले स्थानीय डायमण्ड ज्ञानशाला बोर्डिङमा भर्ना गरेका थिए। तर, २०६६ देखि गाउँकै आदर्श उमाविले कक्षा १ देखि अङ्ग्रेजी माध्यममा पढाउन शुरु गरेपछि पौडेलले नातिलाई निजीबाट सरकारीमा सारे। आफ्ना विद्यार्थी सरकारीतिर जान थालेपछि डायमण्ड ज्ञानशालाले २०६६ चैतमा आदर्श उमाविलाई पत्र पठाएर स्वीकृति पत्र विना भर्ना नगर्न अनुरोध गरेको थियो।

आदर्श उच्चमाविले अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरेपछि लेखफर्सामा हीरालाल जस्ता थुप्रै अभिभावकले बोर्डिङमा भर्ना गरिएका बालबालिकालाई सरकारी स्कूलतिर सारेका छन्। बितेको तीन वर्षमा निजी स्कूलमा पढ्ने ३५ जना छात्रछात्रा आदर्श उमाविमा सरुवा भएका छन्। जिशिका सुर्खेतका अनुसार पछिल्लो तीन वर्षमा सुर्खेतका ५० सरकारी स्कूलले अङ्ग्रेजी माध्यममा पढाउन शुरु गरेका छन्।

अधिकांश दलित र विपन्न समुदायका बालबालिका

## नसकेपछि तालिम


**झापाको** पथरिया स्रोतकेन्द्रले एक वर्षअघि आफू मातहतका सबै स्कूलमा कक्षा एकदेखि अङ्ग्रेजी माध्यममा सरकारी पाठ्यक्रम/पाठ्यपुस्तक पढाउने निर्णय गरेको थियो। कहिले आत्मविश्वासका साथ एक वाक्य अङ्ग्रेजी नबोलेका शिक्षकहरूमा कसरी अङ्ग्रेजी माध्यममा पढाउने भन्ने चिन्ता थियो। त्यही कारण स्रोतकेन्द्रका २० स्कूलमध्ये पथरिया र लक्ष्मीप्रसाद देवकोटा माविले मात्र उक्त निर्णय कार्यान्वयन गरे। स्रोतव्यक्ति भूमि राजवंशीका अनुसार, ती स्कूलको अभ्यास देखेपछि यो शैक्षिक सत्रमा स्रोतकेन्द्रका २० वटै स्कूलले कक्षा एकमा अङ्ग्रेजी माध्यममा पढाउन शुरु गरेका छन्।

शिक्षकमा आत्मविश्वास बढाउन स्रोतकेन्द्रले शैक्षिक सत्र शुरु हुनुअघि अङ्ग्रेजी भाषाको एकमहिने तालिम आयोजना गरेको थियो। ५ चैतदेखि ५ वैशाख २०६८ सम्म चलेको उक्त तालिममा २० वटा स्कूलका २४ जना शिक्षक सहभागी थिए। अङ्ग्रेजी भाषाको तालिमका हरेक स्कूलले स्रोतकेन्द्रलाई रु.५०० प्रदान गरेका थिए। तैपनि तालिममा सहभागी शिक्षकले आफूलाई अङ्ग्रेजीमा अझै तालिम अपुग भएको अनुभव गरेका छन्।




कलेन्द्र सेजुवाल

गंगा निमावि, सुर्खेतमा कक्षा १ का नानीहरूलाई अङ्ग्रेजी माध्यममा पढाउँदै शिक्षक मधु खड्का।



# आवश्यकताले सिकें अङ्ग्रेजी

**ऋषिकेश उपाध्याय**
प्राध्यापक

**मैले** कक्षा ८ सम्म तनहुँमा र कक्षा ९ र १० संस्कृत मावि रानीपोखरीमा पढेको हुँ। संस्कृतमा उत्तरमध्यमा उत्तीर्ण गरिसक्दा पनि म अङ्ग्रेजी अक्षर मुश्किलले चिन्थेँ। किनभने मैले स्कूलमा अङ्ग्रेजी पढेको थिइनँ। उत्तरमध्यमापछि चाहिँ मैले अङ्ग्रेजी र संस्कृत व्याकरणको अध्ययनलाई सँगसँगै अघि बढाएँ। फलतः त्रिविबाट अङ्ग्रेजीमा स्नातकोत्तर र संस्कृत क्याम्पसबाट संस्कृत व्याकरणमा आचार्य गरेँ। पछि अमेरिकाबाट अङ्ग्रेजीमा एमएस गरेँ।

मेरो पारिवारिक माहोल संस्कृतमय थियो। किनभने मेरा बुबा र हजुरबुबा संस्कृतका पण्डित हुनुहुन्थ्यो। संस्कृतको अध्ययन सक्दा राम्रा अवसर थिए, मैले त्यही विषयमा पनि राम्रो गर्न सक्थेँ। तर, मलाई अङ्ग्रेजी आवश्यक लाग्यो र सिक्ने रहर जाग्यो। अङ्ग्रेजी सिक्नुअघि म किन र केका लागि अङ्ग्रेजी सिक्दैछु भन्ने कुरा स्पष्ट हुनु जरुरी हुन्छ। अङ्ग्रेजी आफ्नो आवश्यकता हो कि होइन भन्ने थाहा नभई लहडमा अङ्ग्रेजी सिक्न थाल्दा केही सिकिँदैन। किनभने धेरैले भने जस्तो अङ्ग्रेजीमै मात्र संसार छैन, अङ्ग्रेजी भन्दा बाहिर पनि ठूलो संसार छ, जीवन छ। त्यसैले अङ्ग्रेजी नै सबैथोक हो भनेर दौडिनु जरुरी छैन। आफूलाई आवश्यक छ सिक्ने हो, छैन भने नसिक्दा पनि हुन्छ। मैले चाहिँ आफूलाई आवश्यक परेकाले अङ्ग्रेजी पढेको हुँ।

मैले अङ्ग्रेजी सिक्नका लागि एउटा रेडियो किनेँ। त्यसपछि बीबीसीको अङ्ग्रेजी सेवा नियमित रूपमा सुन्न थालेँ। अहिले पनि मैले बीबीसी वल्डसर्भिस सुन्न छाडेको छैन। वास्तवमा बीबीसीले नै मेरो अङ्ग्रेजीलाई व्यावहारिक स्वरुप दिएको हो। संस्कृत छात्रावासमा मैले एकोहोरो बीबीसी सुनेको देखेर कतिले 'यो पागल भयो' पनि भन्थे। तर, मैले त्यसलाई वास्ता गरिनँ। मेरो रुचि अन्तर्राष्ट्रिय सम्बन्ध, साहित्य र चिन्तनमा थियो, त्यही अनुसारका अङ्ग्रेजी लेखकका किताब खोजेर अध्ययन गर्ने, रेडियो सुन्ने गरेको थिएँ। तथापि अहिले पनि म अङ्ग्रेजीमा पूर्ण छैन र संसारमा कोही पनि अङ्ग्रेजीमा पूर्ण हुन सक्दैन। त्यसैले आफूलाई जति चाहिने हो त्यति नै अङ्ग्रेजी सिक्दा पनि हुन्छ।

स्कूल वा कलेजमा अङ्ग्रेजी भाषाको व्याकरण, वाक्य संरचना, शब्द भण्डार आदि पढाएपछि छात्रछात्राले अङ्ग्रेजी सिकिहाल्छन् भन्ने हाम्रो मान्यता गलत छ। विशुद्ध भाषा मात्र सिकाउन खोजेर कसैले कुनै भाषा सिक्न सक्दैन। अङ्ग्रेजीको आधारभूत संरचना पढाएर यसको गहिराइ बुझ्न सकिँदैन। त्यसैले स्कूल कलेजको पढाइले मात्र कसैले पनि अङ्ग्रेजी सिक्न सक्दैन। अङ्ग्रेजी सिक्न अङ्ग्रेजी साहित्य संस्कृति सिक्नुपर्छ। त्यसप्रति रुचि बढाउनुपर्छ।

कक्षा १ वा नर्सरीदेखि नै अङ्ग्रेजी पढाएपछि छोराछोरी अङ्ग्रेजी जान्ने हुन्छन् भन्ने कसैले ठानेको छ भने त्यो भ्रम मात्र हो। २२० दिन छात्रछात्रालाई स्कूलमै राख्न वा स्कूल आएका बालबालिकाले स्कूल नछाड्न् भन्नका लागि स्कूलले जे जे गर्न आवश्यक छ त्यो गरे हुन्छ। तर, एक कक्षाबाट अङ्ग्रेजी सिकाएर जान्ने बनाउँछु भन्नु चाहिँ गलत हुन्छ। किनकि त्यो सम्भव छैन।

मेरो अनुभवले भन्छ- अङ्ग्रेजी सिक्नुको अर्थ, प्रयोग र औचित्य थाहा भएको खण्डमा हरेकले धेरै छिटो स्तरीय अङ्ग्रेजी सिक्न सक्छन्। लेख्न, सुन्न, पढ्न र बोल्न जानी हालियो नि भन्ने धेरैलाई लाग्छ। तर, सत्य त्यो होइन, भाषा जान्नका लागि त्यसको संस्कृति जान्नैपर्छ। त्यसैले अङ्ग्रेजी संस्कृति जान्ने र बुझ्ने जाँगर नभई वा अङ्ग्रेजी संस्कृतिको अध्ययन विना यो भाषा जानिँदैन। अङ्ग्रेजी संस्कृति बुझ्नका लागि अङ्ग्रेजी मातृभाषीले लेखेका आफ्नो रुचि अनुसारका पुस्तक अध्ययन गर्नुपर्छ। अङ्ग्रेजी मातृभाषीले आफ्नो परिवेशमा कस्तो अभिव्यक्ति दिएका छन् भन्ने थाहा पाउन नेपाली लेखकका अङ्ग्रेजी किताब पढेर पुग्दैन।

पढ्ने धुलियाबिटस्थित शिव उमाविले अभिभावकहरूकै चाहनाअनुसार यसपालिदेखि अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरेको छ। विद्यालय व्यवस्थापन समिति अध्यक्ष विनोद ढकालले भने- "त्यसैले यही वर्षदेखि कक्षा एकदेखि अङ्ग्रेजी शुरु गरियो।" अङ्ग्रेजी पढाउने सरकारी स्कूलले विद्यार्थीबाट वार्षिक रूपमा एकमुष्ठ रु.२५ देखि एक रु.१०० सम्म शुल्क लिने गरेका छन्। छात्रछात्राले पाठ्यपुस्तक किन्नु परेको छैन। किनभने सरकारी पाठ्यपुस्तक निःशुल्क दिइएको छ। निजी स्कूलमा महँगो पर्ने शिक्षा सरकारी स्कूलले सस्तोमा दिन थालेपछि अभिभावक पनि दङ्ग छन्।

अङ्ग्रेजी माध्यममा पढाउन शिक्षकले अतिरिक्त मिहिनेत गर्नुपर्ने भएको छ भने स्कूलहरूले योग्य शिक्षक खोज्न थालेका छन्। यसै वर्षदेखि अङ्ग्रेजी माध्यमबाट पढाइ शुरु गरेको सुर्खेतकै लाटीकोइलीको गङ्गामाला निमाविले स्तरीय निजी विद्यालयमा अनुभव सम्हालेकी मधु खड्कालाई अङ्ग्रेजी कक्षाको जिम्मा लगाएको छ भने शिव उमाविले अङ्ग्रेजीमा बीएड गरेका शिक्षकद्वय बुद्धिप्रसाद आचार्य र हिमा अधिकारीलाई कक्षा १ मा अध्यापन गर्न लगाएको छ। खड्का भन्छिन्,

"अङ्ग्रेजीमा पढाउन नेपाली पढाउन जस्तो सजिलो छैन, तयारी अनिवार्य हुन्छ।"

### तराईको तत्परता

तराईका विद्यालयमा पनि अङ्ग्रेजीको लहर चलेको छ। सप्तरीको सीतापुरस्थित भुर्की माविले कक्षा ६ सम्म सबै विषय अङ्ग्रेजीमा पढ्नुपर्ने नियम लागू गरेको छ। कक्षा ७ देखिचाहिँ विद्यार्थीको अङ्ग्रेजी जाँचेर मात्र अङ्ग्रेजी माध्यमको कक्षामा राख्ने गरिएको छ। प्रधानाध्यापक सीताराम लाल दासका अनुसार अङ्ग्रेजी माध्यमले स्कूलमा छात्रछात्रा बढाएको छ भने निजी स्कूलतिर जाने दर कम भएको छ। भुर्कीका ६७५ छात्रछात्रामध्ये ५१४ जना अङ्ग्रेजी माध्यममा अध्ययन गर्छन्। धेरै शिक्षकहरूलाई अङ्ग्रेजी माध्यममा पढाउन कठिन भइरहेको बेला उक्त विद्यालयका शिक्षक कुलानन्द चौधरी अङ्ग्रेजीमै पढाउन सजिलो हुने बताउँछन्। प्रअ दास थप्छन्, "अङ्ग्रेजी माध्यम लागू भएपछि तीन वर्षयता एसएलसीमा शतप्रतिशत नतिजा हासिल भएको छ।"

सप्तरीमा अहिलेसम्म ६ वटा सरकारी स्कूलले अङ्ग्रेजी माध्यममा पढाइ सञ्चालन गरेका छन्। चालु शैक्षिक सत्रमा फत्तेपुरस्थित गोवर्द्धन उमावि, मलेकपुरस्थित जनता मावि र रुपनगरको वस्तीपुर राप्राविले प्राथमिक तहमा अङ्ग्रेजी माध्यममा पढाइ सञ्चालन गर्न लागेको जिशिअ शत्रुघ्न यादव बताउँछन्। हिन्दू स्वयंसेवक संघले सप्तरीको ठेलियामा सञ्चालन गरेको पशुपति विद्या मन्दिरमा पनि पाँच कक्षासम्म अङ्ग्रेजी माध्यममै पढाइ हुन्छ।

### स्कूल सरकारी, किताब निजी

उता झापाको सतासीधाम ४ स्थित सरस्वती प्राविले छात्रछात्रा घट्दै गएपछि वैशाख २०६६ देखि निजी स्कूलमा पढाइने अङ्ग्रेजी पाठ्यपुस्तक पढाउन शुरु गरेको छ। निजी स्कूलले झैं सरस्वती प्राविले पनि पूर्व प्राथमिक तहलाई नर्सरी, एलकेजी र युकेजी नाम दिएको छ। यो शैक्षिक सत्रमा कक्षा ३ सम्म निजी स्कूलका पाठ्यपुस्तक लागू गरिएको छ भने सबै शिक्षकलाई अनिवार्य रूपमा अङ्ग्रेजी माध्यममा पढाउन भनिएको छ। अङ्ग्रेजी अभ्यासले अहिलेसम्म नेपाली माध्यममा नेपाली भाषाकै पाठ्यपुस्तक पढाउँदै आएका शिक्षकहरूमाथि सकी/नसकी अङ्ग्रेजीमा निजी स्कूलका पाठ्य सामग्री पढाउनुपर्ने बाध्यता थपिदिएको छ।

सरस्वती प्राविका प्रअ देवीबहादुर कार्कीलाई निजी स्कूलका किताब अङ्ग्रेजी माध्यममा पढाउन कठिन हुन्छ। किनभने, न उनले निजी स्कूलमा पढे, न उच्च शिक्षा अङ्ग्रेजी मूल विषय लिएर अध्ययन गरे। त्यसैले उनी कक्षामा जानुअघि आफैं पढ्छन्, तयारी गर्छन्। तैपनि कक्षा २ को *साइन्स* विषयको *प्लान्टस्* र *हेल्थ* पढाउन कार्कीलाई कठिन भइरहेको छ। "सारै मिहिनेत गरेर कक्षा २ सम्म जेनतेन पढाइएको छ। कक्षा ३ भन्दा माथि रुन् कठिन हुने देखेको छु", उनले *शिक्षक* सँग भने।



**"नेपालीमा पढाउने शिक्षकले अङ्ग्रेजीमा पढाउनु पर्दा दायाँ गोरुलाई बायाँ नारे जस्तो भएको छ।"**

**– काशीराम पाण्डेय**
सृजना प्रावि, बिर्घा, स्याङ्जा

बीबीएस अध्ययन गरिरहेका सरस्वती प्राविका अर्का शिक्षक रविन गौतमलाई चाहिँ कक्षा २ को *हेडवे* को *जीम, टोम एण्ड गोल्डमाइन्ड'* शीर्षकको कथा पढाउन कठिन लाग्छ। उक्त कथा गौतम स्वयंले राम्ररी बुझेका छैनन्। भन्छन्, "अमेरिकाको कथा भएकाले सन्दर्भ बुझ्न र बुझाउन सकिएको छैन। कथाका कतिपय शब्द शब्दकोश हेरेर पनि बुझाउन नसकिने खालका छन्।"


सरस्वती प्राविमा यस्तो समस्या भोग्ने शिक्षक अरू पनि छन्। शिक्षक लक्ष्मी भट्टराईको लागि एलकेजीको *हेडवे* कै कविता महाभारत भएको छ। उनी भन्छिन्, "शिक्षण पेशामा रहिरहन अङ्ग्रेजीमा पढाउनै पर्छ, जान्दिनँ भनेर सुख पाईंदैन।" भट्टराईको जस्तै झमेला झेल्दै आएकी कक्षा ३ सम्म *जिके र आइक्यु* पढाउने

**आशावादी आँखाः अङ्ग्रेजी कक्षामा पढ्दै गरेका सप्तरीको पत्थरगाडा माविका बालबालिका।**



श्रवण देव

# रिपोर्ट अङ्ग्रेजी माध्यमको लहर



## हामी त अपवाद मात्र !

**डा. जयराज आचार्य**
प्राध्यापक


संस्कृत मावि रानीपोखरीमा कक्षा ८ मा भर्ना भएपछि मैले इच्छाधीन विषयको रूपमा अङ्ग्रेजी पढ्न थालेको हुँ। एसएलसी सकेपछि म संस्कृत विषय पढ्न वाल्मीकि क्याम्पसमा भर्ना भएँ। त्यहाँ पनि अङ्ग्रेजी ऐच्छिक नै थियो। एउटै गुरुले दुई पेपर अङ्ग्रेजी पढाउनुहुन्थ्यो। शास्त्री अध्ययन गर्दा मैले इच्छाधीनसँगै अतिरिक्त अङ्ग्रेजी विषय पनि लिएँ।

वाल्मीकि क्याम्पसमा आचार्य पढ्दै गर्दा त्रिविवि, कीर्तिपुरमा अङ्ग्रेजी एमएको कक्षामा भर्ना भएँ। मैले एकै पटक आचार्य र एमएको डिग्री हासिल गरेँ। शास्त्री पढ्दा 'मेरो अङ्ग्रेजी संस्कृत जस्तै भइदिए हुन्थ्यो' जस्तो लाग्थ्यो। किनभने, त्यतिबेलासम्म म अङ्ग्रेजीमा कमजोर थिएँ।

आचार्य र एमएको पढाइ पूरा गरेपछि मैले पद्मकन्या क्याम्पसमा अङ्ग्रेजी पढाउन शुरु गरेँ। पढाउन थालेपछि मेरो धेरै समय अङ्ग्रेजीको पठनपाठन र चिन्तन/मननमा बित्न थाल्यो। त्यसले क्रमश: आत्मविश्वास बढाइदिन थाल्यो। कलेजमा पढाउन आफूले एमएसम्म गरेको अध्ययन पर्याप्त थियो। तर, मैले पढाउनु भनेको पढ्नु पनि हो भन्ने ठानेर पढाउन जानुअघि पढ्ने र तयारी गर्ने बानी विकास गरेँ। पछि गएर मैले अङ्ग्रेजी भाषा विज्ञानमा अमेरिकाबाट पीएचडी गरेँ।

मैले आम नेपाली छात्रछात्राले जसरी अङ्ग्रेजी सिक्छन् त्यसरी नै अङ्ग्रेजी सिकेको हुँ। अक्षर, शब्द, व्याकरण अनि अङ्ग्रेजीको आधारभूत संरचना सिक्ने, घोक्ने, अनुवाद गर्ने, अरूले लेखेको अर्थ लगाउने आदि तरिकाले मैले अङ्ग्रेजी सिक्ने अभ्यास गरेँ। अङ्ग्रेजीमा एम गर्दा बीबीसी वर्ल्ड सर्भिस सुन्ने, ब्रिटिस काउन्सिलबाट सीडी ल्याएर सुन्ने गरिन्थ्यो। शेक्सपियरका नाटकका सीडी पनि खुब सुनिन्थ्यो छात्रकालमा। बीबीसी सुन्नका लागि बुबाले रु.३ हजार पर्ने रेडियो किनिदिनुभएको थियो। कुनै बेला तीन घण्टासम्म कोठा थुनेर शेक्सपियरका नाटकका सीडी सुन्ने गरिन्थ्यो।

हामीले स्कूलको सुरुआतमै अङ्ग्रेजी सिक्ने अवसर पाएनौं। अहिलेका छात्रछात्राले साने कक्षादेखि त्यस्तो अवसर पाएका छन्। हामी दुई-चार जनाले स्कूल सकेर वा धेरैपछि अङ्ग्रेजी पढेर अङ्ग्रेजीको प्रोफेसर भएको कुरालाई दृष्टान्त बनाउन मिल्दैन। हाम्रो जमाना नै त्यस्तै थियो। अहिले तलैबाट राम्रोसँग छात्रछात्रालाई अङ्ग्रेजी सिकाउनुपर्छ। शिक्षकहरू पनि आफूले जानेको छैन भनेर पन्छिन मिल्दैन। आजको विश्वव्यापीकरणको युगमा शिक्षकले अङ्ग्रेजी जानेको छैन वा पढाउन जान्दिनँ भनेर पुग्दैन। नजानेको कुरा जान्न सकिन्छ। शिक्षक भएपछि त रुन् जान्नैपर्छ। त्यसनिम्ति पढ्नु-सिक्नुको विकल्प छैन।



श्रीमान प्रधानाध्यापक ज्यु
श्री [illegible]........लेखफर्सा : [illegible]
सुर्खेत

विषय : जानकारी अनुरोध सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा विनम्र निवेदन यो छ कि हाम्रो यस डायमण्ड अंग्रेजी ज्ञानशाला बाट आएका नयाँ भर्ना लिनु पर्ने विद्यार्थीहरु बाट यस विद्यालयको प्रोग्रेस रिपोर्टको साथमा किलिरेन्स पत्र लिएर आउने विद्यार्थीको मात्र भर्ना लिइ सहयोग गरीदिनुहुन अनुरोध प्रेशित गर्दछौ।


निवेदक
[illegible] परिवार

सुर्खेतको डायमण्ड ज्ञानशालाले आदर्श उमावि, लेखफर्सालाई पठाएको पत्र।

निर्मला पनेरुले निजी स्कूलबाट एसएलसी उत्तीर्ण गरेका आफ्ना छोरासँग सिकेर छात्रछात्रालाई पढाउने गरेकी छन्। नेपाली माध्यममा पढाइ नहुँदा उनले तयारी नगरी वा किताब नहेरी/नपढी स्कूल जाँदा पनि हुन्थ्यो। तर, अब ती दिन गए। स्कूल जानु छ त उनले आफूले पढाउने पाठका बारेमा छोरासँग सिक्नैपर्छ। "नत्र त कक्षामा एक वाक्य पनि बोल्न सकिँदैन", उनले भनिन्।

सरस्वती प्रावि (सतासीधाम) कै गणित पढाउने डिल्लीराम खतिवडाले भने एलकेजीको *अफ्टर, बिफोर, मोर/लेस* देन सही तरिकाले पढाउन नसकेको बताउँछन्।

१५ वैशाख २०६८ मा सरस्वती प्राविकी शिक्षक तुलसा बजगाईं *यु केजी* को *हेड वे* को पहिलो पाठ पढाउँदै थिइन्। उनले नानीहरूलाई पाठ अनुसार किताब पल्टाउन आग्रह गर्दै कालोपाटीमा *च्याट, ब्याट, म्यान, डग, म्याट, ह्याट, फ्यान, क्याट* लेखेर



ती शब्दको उच्चारण गर्न थालिन् । नानीहरू पनि तुलसासँगै तिनै शब्द भट्याइरहेका थिए । आफूलाई चित्र बनाउन नआउने भएकाले ती शब्दको अर्थ र अवधारणा बुझाउन कठिन भएको तुलसाको कथन थियो । छात्रछात्रा घट्दै गएपछि बाध्यताका कारण आफूले जानी नजानी अङ्ग्रेजी पाठ्यपुस्तक पढाउन थालेको बताउँदै उनी थप्छिन्, "अहिलेसम्म धानिएको छ, अब कक्षा ४ र ५ मा कसरी पढाउने हो ? चिन्ता लागेको छ ।"

अङ्ग्रेजीमा निजी स्कूलको पाठ्यपुस्तक पढाउनुअघि (२०६५) मा सरस्वती प्राविमा १०३ जना छात्रछात्रा थिए भने अङ्ग्रेजीमा कक्षा चलाएपछि यो सङ्ख्या १३५ पुगेको छ ।

## शिक्षा मन्त्रालय मौन

शिक्षा नियमावलीले सरकारी स्कूलमा अङ्ग्रेजी वा नेपाली जुनसुकै माध्यममा पठनपाठन सञ्चालन गर्न पाइने व्यवस्था गरेको छ । शिक्षा मन्त्रालयले कुनै पनि सरकारी विद्यालयलाई अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गर्न औपचारिक/अनौपचारिक निर्देशन दिएको छैन । तैपनि देशभरि अङ्ग्रेजीको लहर आएको छ । *शिक्षक* को अध्ययनमा परेका झापाका ३६०, तनहुँ, गोरखा र स्याङ्जाका केही स्रोतकेन्द्रका १०७, सुर्खेतका ५० र सप्तरीका ६ वटा स्कूलले अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरेको कुराले यही दर्साउँछ ।

अङ्ग्रेजी माध्यममा पढाउने सरकारी विद्यालयको सङ्ख्या बढ्दै गएकै कारण अङ्ग्रेजीमा अनुवाद गरिएका सरकारी पाठ्यपुस्तकको माग बढेको छ । १५ माघ २०६७ मा शिक्षा मन्त्रालयले जनक शिक्षा सामग्री केन्द्रलाई सरकारी स्कूलका सबै पाठ्यक्रम नेपालीमा छपाइ गरी नेपाली पाठ्यपुस्तककै मूल्यमा स्कूलमा पढाउने व्यवस्था गर्न निर्देशन दिइसकेको शिक्षा



अङ्ग्रेजी अभ्यासः सरस्वती प्रावि, झापाकी शिक्षक तुलसा बजगाईं कक्षा १ का नानीहरूलाई अङ्ग्रेजीमा पढाउँदै ।

विभागका शैक्षिक सामग्री शाखाका उपसचिव टुकराज अधिकारी बताउँछन् । तर जनक शिक्षा सामग्री केन्द्रले शिक्षा मन्त्रालयले धेरै ढिलो पत्राचार गरेकाले चालु शैक्षिक सत्रका लागि नेपाली मूल्यमा अङ्ग्रेजी पाठ्यपुस्तक छापेर पठाउन नसकिएको जनाएको छ । जनक शिक्षाका प्रवक्ता मनोहर लामिछानेका अनुसार २०५७/५८ मा कक्षा १ का लागि ५ हजार थान अङ्ग्रेजी पाठ्यपुस्तक छापिएको थियो भने यो शैक्षिक सत्रका लागि कक्षा १ का २२ हजार थान अङ्ग्रेजी पाठ्यपुस्तक छापिएको छ । केन्द्रले हरेक वर्ष १० प्रतिशतका दरले बढाएर पाठ्यपुस्तक छाप्ने गरेको छ । लामिछाने भन्छन्, "अङ्ग्रेजी माध्यममा पढाउने स्कूलको सङ्ख्या हरेक वर्ष बढिरहेकाले माग बढेको छ ।"

सरकारी स्कूलमा अङ्ग्रेजीको लहर नै आए पनि शिक्षा मन्त्रालयसँग भने नेपालका कति सरकारी विद्यालयले अङ्ग्रेजी माध्यममा पठनपाठन गरिरहेका छन् भन्ने आँकडा छैन । शिक्षा विभागका उपसचिव टुकराज अधिकारी भन्छन्, "अङ्ग्रेजीको लहर चलेको छ तर, कति स्कूल अङ्ग्रेजीमा गए भन्ने यकिन विवरण छैन ।" सरकारले कसैलाई पनि अङ्ग्रेजीमा पढाउनै पर्छ नभनेको तर स्कूलहरूले आफैं अग्रसर भएर अङ्ग्रेजी माध्यममा पठनपाठन चलाउने गरेको धारणा राख्छन् अधिकारी ।

अङ्ग्रेजी कक्षा सही तरिकाले चलेका छन् कि छैनन्, अङ्ग्रेजी माध्यममा पढाउने शिक्षक सक्षम छन् कि छैनन्, छात्रछात्राले अङ्ग्रेजी सिकेका छन् कि छैनन् भन्ने बारेमा पनि कसैले खोजीनिती तथा लेखाजोखा गरेको भेटिँदैन । सरकारले अङ्ग्रेजी लागू गर्ने वा नगर्ने जिम्मा स्कूल स्वयंलाई छोडेकाले



स्कूल सरकारी, पढाइ निजीः सरस्वती प्रावि, झापाका प्रअ देवीबहादुर कार्की आफ्नो स्कूलमा पढाइने निजी स्कूलका पाठ्यपुस्तक देखाउँदै ।

# रिपोर्ट अङ्ग्रेजी माध्यमको लहर

## तालिम चाहियो

**गणेश खनाल**
शिक्षक, सरस्वती उमावि दमक, झापा

**मैले** कक्षा १ मा अङ्ग्रेजी माध्यम शुरु भएदेखि नै ग्रेड शिक्षण शुरु गरेको हुँ। कक्षा १ र २ बल्लबल्ल पढाएँ। कक्षा ३ मा हेडसरले ग्रेड कक्षा लिन भन्नुभयो तर मैले आँट गरिनँ। कक्षा ३ मा अङ्ग्रेजी माध्यममा पढाउन मेरो ज्ञान र हैसियतले भ्याउँदैन जस्तो लाग्यो। बित्थामा छात्रछात्राको पढाइ डामाडोल पार्न चाहिनँ।

कक्षा १ र २ मा पढाएको दुई वर्ष भएकाले अब बानी लाग्यो। अङ्ग्रेजी माध्यममा पढाउन शिक्षकले कडा मिहिनेत गर्नुपर्छ। शिक्षक निर्देशिका र नेपाली अङ्ग्रेजी शब्दकोश साथमै राख्छु। नजानेका शब्दका अर्थ शब्दकोश हेरेर पढाउँछु। अरू विषयमा फिल्ड ट्रिप लगेर अथवा सम्बन्धित वस्तु कक्षामा ल्याएर पनि अर्थ बुझाउन सकिन्छ। तर सामाजिक अध्ययन विषय अङ्ग्रेजीमा पढाउन एकदमै गाह्रो हुन्छ। जस्तै *ह्याबिट अफ क्यारिङ गुड, हेल्पलेस एण्ड हेण्डिक्याप इन स्कूल, आवर फेस्टिभल* जस्ता पाठ पढाउन र बुझाउन मलाई एकदमै गाह्रो लाग्छ।

सरकारी स्कूलमा अङ्ग्रेजी माध्यममा पठनपाठन गर्ने हो भने सबैभन्दा पहिला शिक्षकलाई यस सम्बन्धी तालिमको जरुरी छ। तालिमको व्यवस्था स्कूल वा स्रोतकेन्द्रले गरिदिनुपर्छ। नजानी अङ्ग्रेजी पढाएर नानीहरूको भविष्य बर्बाद पार्नु हुन्न।

अधिकांश स्कूल पठनपाठनको स्तरोन्नति वा अङ्ग्रेजीमा छात्रछात्रालाई सिकाउने लक्ष्यले भन्दा बाध्यताका कारण अङ्ग्रेजी माध्यम लागू गर्न विवश भएका देखिन्छन्। निजी स्कूलको प्रभावका कारण छात्रछात्रा घट्दै गएर स्कूल बन्द गर्नुपर्ने अवस्थामा पुगेकाले सकी नसकी अङ्ग्रेजीको भारी बोक्नु परेको सरस्वती प्रावि झापाका प्रअ देवीबहादुर कार्की बताउँछन्। उनको कथन छ, "कि अङ्ग्रेजीमा पढाउनुपर्थ्यो, कि स्कूल बन्द गर्नुपर्थ्यो।"



**छोरी शिक्षक:** अङ्ग्रेजीमा गाह्रो परेको पाठ छोरीसँग सिक्दै मीन मावि, थर्पु, तनहुँकी शिक्षक रुक्मिणी मल्ल।

### नेपालीमै फर्किंदै

छात्रछात्रा बढाउनका लागि बाध्यताले अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरेर असफल भएको स्कूलको एउटा नमुना हो गोरखाको बालमन्दिर निमावि। २०६३ सालमा अङ्ग्रेजी माध्यममा पठनपाठन थालेको बालमन्दिर कक्षा चारसम्म पुऱ्याएर फेरि नेपालीमै फर्केको छ। प्रअ लुमनाथ लामिछाने भन्छन्, "जसोतसो घिच्याएर कक्षा तीनसम्म लगियो। तर, शिक्षकलाई गाह्रो भएपछि व्यवस्थापन समिति र स्टाफ बैठक गरेर नेपालीमै पढाउने निर्णय गऱ्यौं।"

गोरखाकै नारेश्वर स्रोतकेन्द्र अन्तर्गतका २७ विद्यालयले २०६३ सालदेखि अङ्ग्रेजी माध्यममा सञ्चालन गर्ने निर्णय गरेका थिए। तर, अङ्ग्रेजी माध्यमको पठनपाठन गतिलो पार्न नसकेपछि १४ वटा स्कूल पुन: नेपालीमै फर्किएका छन्।

दक्ष शिक्षकको व्यवस्था र पर्याप्त तयारी विना नै लहडका भरमा अङ्ग्रेजी माध्यम शुरु गर्दा केही स्कूलमा विद्यार्थीको शैक्षिक स्तर खस्किएको छ। कक्षा पाँचसम्मै अङ्ग्रेजी माध्यम विस्तार गरिएको गोरखा, ढाँडगाउँस्थित पृथ्वीनारायण प्राविको रेकर्ड अनुसार, कक्षा चारको विज्ञान विषय अन्तर्गत अन्तिम परीक्षा (२०६६) को औसत सिकाइ उपलब्धि २७.३४ (पूर्णाङ्क-६०) थियो। २०६७ सालमा अङ्ग्रेजी माध्यममा दिइएको परीक्षामा उक्त दर २१.८५ मा झऱ्यो। अङ्ग्रेजी माध्यममा लिइएको कक्षा तीनसम्मको परीक्षामा पछिल्ला दुई वर्षमा औसत सिकाइ उपलब्धि खस्केको छ।

उक्त स्कूलको २०६७ मा अङ्ग्रेजी माध्यममा परीक्षा लिइएको कक्षा तीनको सामाजिक र कक्षा चारको विज्ञान विषयको उत्तर पुस्तिका हेर्दा विद्यार्थीको सिकाइको स्तर कमजोर रहेको देखियो। उत्तरपुस्तिकामा विद्यार्थीले ठीक/बेठीक छुट्याउने, खाली ठाउँ भर्ने र जोडा मिलाउनेसम्मको उत्तर जेनतेन मिलाएका थिए, छोटो उत्तर आउने प्रश्नको जवाफ चाहिँ कसैले पनि लेखेका थिएनन्। पृथ्वीनारायण प्राविका प्रअ सुदीप उपरकोटीको भनाइमा वरपरका स्कूलले अङ्ग्रेजी शुरु गरेपछि हामीले पनि गऱ्यौं। तर, राम्ररी पढाउन चाहिँ सकिएन।

सरकारी विद्यालयले छात्रछात्रा बढाउने माध्यमको रूपमा भन्दा विद्यार्थीमा अङ्ग्रेजीप्रति रुचि जगाउने प्रयास गर्नुपर्ने देखिन्छ। सरकारी स्कूलमा साँच्चै अङ्ग्रेजी सिकाउने हो भने सबैभन्दा पहिला शिक्षकहरू आफैंले अङ्ग्रेजी सिक्नु जरुरी देखिन्छ। कामचलाउ पाराले गलत सिकाउनु भन्दा नेपालीमा बुझाएर पढाउँदा छात्रछात्राप्रति न्याय हुन्छ।

साथमा, **कलेन्द्र सेजुवाल,** सुर्खेत
**श्रवण देव,** सप्तरी

प्रमोद आयाम

# सफलता एसएलसीसम्मै




आवरणसहित सबै तस्बिर: प्रमोद आयाम

## प्रगतिपथमा सरस्वती मावि

कक्षा ३ का विद्यार्थीलाई गणितको अभ्यास गराउँदै सरस्वती माविकी शिक्षक सीता थापा।

अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्नुपर्ने परिस्थितिको दबाब र अभिभावकको उत्कट इच्छालाई गोरखा, आहालेको सरस्वती उमाविले २०६० सालमा स्वीकार गऱ्यो। त्यहाँका शिक्षकले योजना नै बनाए- पहिलो वर्ष कक्षा १-३ र कक्षा ६ मा अङ्ग्रेजी माध्यम शुरु गर्ने र पाँच वर्षभित्र पूरै कक्षा अङ्ग्रेजीमा लैजाने। त्यतिबेलासम्म गोरखामा अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने अर्को सामुदायिक विद्यालय थिएन। प्रअ कपिलबाबु अर्याल ती दिनहरू सम्झँदै भन्छन्, "यो आफैंमा एउटा महत्त्वाकाङ्क्षी योजना थियो, जसलाई फत्ते गर्नु त्यति सजिलो थिएन।" वर्षौंदेखि नेपाली माध्यममा अभ्यस्त बनेका शिक्षकलाई अङ्ग्रेजीमा पढाउन तयार गराउनुपर्ने चुनौती थियो। त्यतिबेला सरकारी पाठ्यपुस्तक अङ्ग्रेजीमा छापिएकै थिएनन्। निजी प्रकाशनले बजारमा ल्याएकै पाठ्यपुस्तक प्रयोग गर्नुपर्थ्यो।

सम्भाव्य चुनौतीहरू सामना गर्न तयार भएरै त्यस्तो निर्णय गरिएका कारण सरस्वती मावि पछाडि फर्किएन। यसनिम्ति विद्यालयले अत्यन्त कठोर निर्णय समेत गऱ्यो- अङ्ग्रेजीमा पढाउन नसक्ने शिक्षकले विद्यालय छोड्नुपर्ने वा (सरुवा मागेर अन्यत्रै जानुपर्ने) शिक्षकलाई निर्णय पालना गर्ने वाचा नै गराएर उक्त निर्णय गरिएको थियो। निमाविका एक जना शिक्षक सरुवा भएर गए पनि। प्रअ अर्याल भन्छन्, "त्यसको सफलता/असफलताको जस शिक्षकलाई जान्थ्यो। त्यसैले शिक्षकलाई मानसिक रूपमा तयार पार्नका निम्ति हामीले त्यस्तो निर्णय गरेका थियौं।" त्यतिबेला सरस्वतीमा माध्यमिक तहका चारसहित १४ जना शिक्षक थिए।

अङ्ग्रेजी माध्यमको थालनीसँगै शिक्षकहरूसँग बढी मिहिनेत गर्नुको विकल्प थिएन। त्यसैले उनीहरू पूर्व तयारी गरेर मात्रै कक्षाकोठामा जान थाले। प्रअ अर्यालका अनुसार, पहिलो वर्ष शिक्षकलाई स्कूलमै 'क्लास रुम ल्याङ्वेज' सम्बन्धी तीनदिने तालिम दिइयो। त्यसले शिक्षकको आत्मविश्वास बढाउन महत्त्वपूर्ण सहयोग गऱ्यो। अङ्ग्रेजी माध्यम अपनाएको तीन वर्षपछि विद्यार्थीको सङ्ख्या क्रमश: बढ्दै जान थाल्यो। त्यसपछि अभिभावकसँग शुल्क लिएर निजी स्रोतका शिक्षक राख्न थालियो। अङ्ग्रेजी माध्यममा पढाउन योग्य भए/नभएको मूल्याङ्कन गरेर मात्रै शिक्षक छनोट गर्न थालियो। अन्तत: पूर्वयोजना अनुरुप पाँचौं वर्षमा अङ्ग्रेजी माध्यमलाई कक्षा १० सम्म विस्तार गर्न सरस्वती उमावि सफल भयो। अङ्ग्रेजी माध्यम लागू भएपछिको पहिलो एसएलसीमा शतप्रतिशत विद्यार्थी पास भए। उक्त साल (२०६५) एसएलसी परीक्षामा सम्मिलित ६४ परीक्षार्थीमध्ये तीन विशिष्ट र ६० जना प्रथम श्रेणीमा उत्तीर्ण भएका थिए। त्यस्तै २०६६ को एसएलसीमा सहभागी ७५ मध्ये ५ विशिष्ट र ६९ जना प्रथम श्रेणीमा उत्तीर्ण भएको देखिन्छ। अङ्ग्रेजी माध्यममा पठनपाठन हुन थालेपछि अङ्ग्रेजी विषयमा फेल हुने क्रम त रोकियो नै, सो विषयको औसत प्राप्ताङ्क पनि बढ्न थालेको छ। २०६६ मा अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क ६३ थियो।

# स्थलगत अङ्ग्रेजी माध्यमको लहर



सरस्वती माविमा अध्ययनरत कक्षा १ का छात्रछात्रा ।

अहिले यो विद्यालयमा लगभग ८०० विद्यार्थी अध्ययनरत छन्। अङ्ग्रेजीमा विद्यार्थीको जग बसाउन नर्सरीदेखि नै कक्षा सञ्चालन गरिएको छ। नेपाली बाहेक सबै कक्षा अङ्ग्रेजी माध्यममै चल्छन्। अन्य विद्यालयमा नेपाली माध्यममा पढेर यहाँ आएका विद्यार्थीका निम्ति अङ्ग्रेजीको अतिरिक्त कक्षा चलाउने गरिएको छ। प्रअ अर्याल भन्छन्, "पहिलो त्रैमासिकमा अङ्ग्रेजी भाषामा कमजोर देखिएका विद्यार्थीका लागि दुई महिना अतिरिक्त कक्षा सञ्चालन गरिन्छ। यसका लागि अभिभावकले छुट्टै शुल्क चाहिँ बुझाउनुपर्छ।" अङ्ग्रेजीमा अरु बढी व्यावहारिक अभ्यास गराउनका निम्ति कक्षा १-८ मा *हेडवे इङ्लिश* राखिएको छ, जुन अतिरिक्त विषय हो। यता नेपालीको जग कमजोर हुन नदिनका निम्ति कक्षा १-५ मा *नेपाली साथी* नामको अतिरिक्त पुस्तक पढाइन थालेको छ।

सरस्वतीको पठनपाठन सुधिएपछि निजी स्कूल छाडेर यहाँ आउने क्रम बढ्दो छ। यसै वर्ष मात्रै ११० जना विद्यार्थी बाहिरबाट आएका छन्। यही वर्ष निजी स्कूल छोडेर यहाँ आएका कक्षा ८ का छात्र प्रवेश लामिछाने भन्छन्, "यो स्कूलको धेरै चर्चा सुनेको थिएँ, साँच्चिकै राम्रो रहेछ। शिक्षकहरू पनि निजीको भन्दा यहींका राम्रो लाग्यो।"

शिक्षकहरूको परिश्रम र लगावका कारण केही वर्षको अन्तरालमै यो विद्यालयले महत्त्वपूर्ण फड्को मार्न सफल भएको देखिन्छ। अर्याल भन्छन्, "शिक्षकको 'टीमवर्क' नभइदिएको भए हामी सफल हुन सक्थेनौं। शिक्षकको मिहिनेतमा अभिभावक, व्यवस्थापन समिति र शिक्षा कार्यालयबाट पनि हामीले राम्रो सहयोग पाएका छौं।" सरस्वतीमा रहेका २५ शिक्षकमध्ये ११ जना स्नातकोत्तर उत्तीर्ण छन् भने नौ जना स्नातक।

# निर्मलको १६ वर्षे अभ्यास



निर्मल उमाविका कक्षा १० का छात्रछात्रा, (दायाँ) र कक्षा ३ मा विज्ञान पढाउँदै शिक्षक शोभा खाँण *(आवरण तस्बिरमा पनि)*। गणित, विज्ञानमा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर खाँण चार वर्षदेखि सो विद्यालयमा कार्यरत छिन्।



**तनहुँको** व्यास नपा-१ स्थित निर्मल उमावि अङ्ग्रेजी माध्यममा पठनपाठन शुरु गर्ने यो जिल्लाको पहिलो सामुदायिक विद्यालय हो। यो विद्यालयले २०५२ सालमै अङ्ग्रेजी माध्यम अपनाइसकेको थियो। निर्मलले अङ्ग्रेजी माध्यम अपनाउनुको पृष्ठभूमि चाहिँ सरस्वती उमावि (गोरखा)को भन्दा भिन्न छ।

प्रअ रमेशचन्द्र हड्खलेको कथन अनुसार नजिकैका निजी स्कूलले शुल्क छुटको आश्वासन दिएर आफ्ना 'अब्बल' विद्यार्थी तान्न थालेपछि निर्मल उमाविले अङ्ग्रेजी माध्यममा पठनपाठन गर्ने निर्णय गरेको हो। त्यतिबेला निर्मलमा कक्षा ६ देखि १० सम्म मात्र पढाइ हुन्थ्यो, प्राथमिक तह थिएन। अङ्ग्रेजीमा सरकारी पाठ्यपुस्तक नभएका कारण निर्मलले पनि निजी प्रकाशनका पाठ्यपुस्तकबाटै काम चलाएको थियो।

शुरुको वर्ष कक्षा ६ मा भर्ना भएका १५० विद्यार्थीमध्ये अङ्ग्रेजी भाषा परीक्षणका आधारमा ३० विद्यार्थीलाई अङ्ग्रेजी र बाँकीलाई नेपाली माध्यमको कक्षामा राखिएको थियो। त्यो समूह अङ्ग्रेजी माध्यमबाटै क्रमशः कक्षा १० सम्म पुग्यो र २०५७ को एसएलसी परीक्षामा सामेल २८ मध्ये २२ जना प्रथम श्रेणीमा उत्तीर्ण भए। त्यही वर्ष नेकपा माओवादीले जबरजस्ती निजी स्कूल बन्द गराइदिएपछि निर्मल उमाविले कक्षा १-५ पनि शुरु गऱ्यो। प्रअ हड्खले भन्छन्, "बन्द भएका बोर्डिङका १० जना शिक्षकलाई पनि हाम्रै स्कूलमा निजी स्रोतमा राखियो। त्यसपछि कक्षा १-१० नै अङ्ग्रेजी माध्यम बन्यो।"

अहिले निर्मल उमाविमा बालबालिकालाई प्रारम्भिक बाल विकासपछि नर्सरी, नर्सरी-ए, केजीहुँदै कक्षा एकमा चढाउने गरिएको छ। कक्षा पाँचसम्म पूरै अङ्ग्रेजी र कक्षा ६-१० मा नेपाली तथा अङ्ग्रेजी माध्यमका अलग-अलग 'सेक्सन' छन्। यो विद्यालयबाट अघिल्लो वर्ष एसएलसीमा सम्मिलित १०३ विद्यार्थीमध्ये चार विशिष्ट र ६७ जना प्रथम श्रेणीसहित १०२ जना उत्तीर्ण भएका थिए।

निर्मल उमाविमा माध्यमिक तहमा १० तथा निमावि र प्राविमा ८-८ जना शिक्षकको दरबन्दी छ। निजी स्रोतमा १३ शिक्षक राखिएका छन्। निजी स्रोतका शिक्षकलाई पनि दरबन्दी सरहकै तलब दिइएको छ। साथै, अस्थायी र निजी स्रोतका शिक्षकलाई विद्यालय स्रोतबाट व्यहोर्ने गरी तलबको १० प्रतिशत रकम सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था मिलाइएको छ। विद्यार्थीबाट अधिकतम मासिक रु.३५० सम्म शुल्क उठाइन्छ। आउँदो वर्ष कक्षा ६ देखि क्रमिक रूपमा नेपाली माध्यमलाई विस्थापित गर्दै लैजाने योजना निर्मल उमाविले बनाएको छ।

# पश्चिममै अगाडि सत्यवती



**"पहिले बोर्डिङले निःशुल्क पढाइदिने भन्दै हाम्रा विद्यार्थीलाई फकाएर लैजान्थे। अहिले बोर्डिङका उत्कृष्ट विद्यार्थी खुरुखुरु हामीकहाँ आउन थालेका छन्, फकाउनै पर्दैन।"**

**– टङ्कनाथ पराजुली**
**प्रअ, सत्यवती उमावि**

२०५७ सालयताका एसएलसी नतिजामा दमौलीको सत्यवती उमावि तनहुँकै उत्कृष्ट विद्यालयका रूपमा दरिँदै आएको थियो। २०६२ सालको अभिभावक भेलाले अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने निर्णय गरेपछि त्यसै वर्षदेखि कक्षा १ देखि ६ सम्म अङ्ग्रेजी माध्यममा कक्षा चलाउन थालियो।

प्रअ टङ्कनाथ पराजुलीका अनुसार, नेपाली माध्यममै सिकाउँदै र सिक्दै आएका शिक्षक/विद्यार्थीलाई एक्कासी अङ्ग्रेजीमा लैजाँदा दुवैले असजिलो महसुस गरेका थिए। अङ्ग्रेजी समूहमा गएका कतिपय विद्यार्थी त फेरि नेपालीमै फर्किए पनि। तर शिक्षकहरूले हार मानेनन्। सत्यवतीले २०६६ सालमा पहिलो पटक अङ्ग्रेजी माध्यमका परीक्षार्थीलाई एसएलसी परीक्षामा सम्मिलित गरायो। अङ्ग्रेजीका ४० सहित १४५ जनाले परीक्षा दिएकोमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भए। १९ मध्ये १४ जना अङ्ग्रेजी माध्यममा पढेका विद्यार्थी थिए। गत वर्ष शिक्षा मन्त्रालयबाट सत्यवतीले पश्चिमाञ्चल क्षेत्रकै उत्कृष्ट विद्यालयका रूपमा पुरस्कार प्राप्त गरेको थियो।

यो उमाविमा अहिले प्रारम्भिक बाल विकासबाट पूर्व प्राथमिकका दुई तह हुँदै कक्षा एकमा लैजाने संरचना छ। कक्षा दुईसम्म सबै विद्यार्थीहरू अङ्ग्रेजी माध्यममा पढ्दैछन् भने कक्षा ३-१० मा अङ्ग्रेजी र नेपाली दुवैमा पढाइ हुन्छ। अझ कक्षा आठ, नौ र दशका एक-एक वटा सेक्सनमा त मिश्रित ढाँचाका कक्षा पनि सञ्चालित छन्, जहाँ अङ्ग्रेजी, गणित र विज्ञान अङ्ग्रेजीमा र बाँकी विषय नेपाली माध्यममा पढाइ हुन्छ। यो विद्यालयमा अहिले १८०० विद्यार्थी पढिरहेका छन्। यो सङ्ख्या ६ वर्ष पहिलेको तुलनामा ५०० ले बढी हो।

शिक्षकहरूलाई शिक्षणको दक्षता अभिवृद्धि गर्नका लागि हरेक वर्ष विद्यालयमै तालिम दिने गरेको पाइन्छ। गएको २०-२१ जेठ २०६८ मा सत्यवती उमाविले गण्डकी बोर्डिङ स्कूल, पोखरा तथा अङ्ग्रेजी भाषा शिक्षक समाज(नेल्टा)सँग आबद्ध शिक्षकहरूमार्फत अङ्ग्रेजी भाषासम्बन्धी तालिम कक्षा चलाएको थियो। नयाँ शिक्षक नियुक्त गर्नुपर्दा लिखित मौखिक परीक्षा अङ्ग्रेजीमै लिने गरिएको छ।

सत्यवतीमा ५४ जना शिक्षक छन्। तीमध्ये २६ जना निजी स्रोतमा राखिएका छन्। निजी स्रोतका शिक्षकलाई तलब खुवाउन विद्यार्थीसँग शुल्क उठाउने गरिएको छ। अङ्ग्रेजी माध्यम संयोजक अनिल श्रेष्ठका अनुसार, अङ्ग्रेजी माध्यमका विद्यार्थीले नर्सरीमा वार्षिक रु.२ हजार र कक्षा १० मा सरदर रु.४ हजार तिर्नुपर्छ। "शुल्क निर्धारण अभिभावक भेलाले नै गरेको हो", श्रेष्ठ भन्छन्।

सत्यवतीको पठनपाठन राम्रो भएकै कारण निजी स्कूलका विद्यार्थीको समेत यहाँ ओइरो लाग्ने गरेको छ। यसपालि कक्षा ९ मा मात्रै ९१ बाहिरी विद्यार्थी आएकामा ८५ जना अङ्ग्रेजी माध्यममा भर्ना भए। प्रअ पराजुली भन्छन्, "पहिले बोर्डिङले निःशुल्क पढाइदिने भन्दै हाम्रा विद्यार्थीलाई फकाएर लैजान्थे। अहिले बोर्डिङका उत्कृष्ट विद्यार्थी खुरुखुरु हामीकहाँ आउन थालेका छन्, फकाउनै पर्दैन।"

टिप्पणी

प्रा. डा. जयराज अवस्थी



# अङ्ग्रेजी मात्रै राम्रोसित अङ्ग्रेजीमा पढाइदिए पुग्छ

**अभिभावकले खोजेको आफ्ना छोराछोरीले अङ्ग्रेजीमा राम्रोसित बोल्न र लेख्न सकुन् भन्ने नै हो। त्यतिका लागि अङ्ग्रेजी विषयको पठनपाठनमा सुधार गर्नु नै अहिलेको प्रमुख आवश्यकता हो। यसका लागि पुस्ता नै सखाप पार्ने गरी अङ्ग्रेजीको पछिलाग्नु हुन्न।**

दार्चुला अहिले पनि नेपालका विकट र दुर्गम जिल्लामध्ये एक मानिन्छ। आजभन्दा ४०/४५ वर्षअघि त्यो ठाउँको अवस्था झन् कस्तो थियो होला? आज आएर सम्झँदा पनि अनौठो लाग्छ।

तिनताका नेपालमा पढे-लेखेका मानिस धेरै नभएको कारणले शिक्षण पेशामा छिमेकी मुलुकबाट मानिसहरू ल्याइन्थ्यो। हाम्रोतिर नेपाली शिक्षकको अभाव अझ बढी हुनु स्वाभाविकै थियो। उत्तरप्रदेश र उत्तराखण्डबाट ल्याइएका भारतीय शिक्षकहरू अङ्ग्रेजी पनि हिन्दीमा पढाउँथे। 'क्याट' माने बिल्ली र 'र्‍याट' माने चुहा भनेर उनीहरूले घोकाएको मलाई अहिले पनि झलझली याद आइरहेछ। ती शब्दको अर्थ क्रमश: बिरालो र मुसो हो भन्ने कुरा मैले धेरैपछि मात्र थाहा पाएको थिएँ। जिल्लामा सेन्टर नभएको कारण कैयौं दिन हिँडेर बैतडी आई २०२४ सालमा मैले एसएलसी दिएको थिएँ। र; जिल्लाभरबाट जाँच दिनेमध्ये मलगायत पाँचजना मात्र पास भएका थियौं।

घरको कमजोर आर्थिक अवस्था भएका कारण उच्च शिक्षा हासिल गर्न काठमाडौं आउँदा मैले थुप्रै समस्या र चुनौती सामना गर्नुपरेको थियो। विज्ञानमा प्रवीणता पढ्ने छात्रवृत्ति पाएकोले काठमाडौं हानिएको म त्यतिखेर झन् चुनौतीपूर्ण अवस्थामा पुगें, जब १ महिना ढिला भएको भनी मलाई भर्ना लिन कलेजले अस्वीकार गरिदियो। विज्ञान पढ्ने धोको पूरा हुन नसकेपछि म व्यावसायिक शिक्षातिर हानिएको थिएँ। तर परिस्थितिले मलाई अङ्ग्रेजीमा एमए र एमएड गर्न लगायो। विद्यावारिधि र महाविद्यावारिधि चाहिँ भाषाशास्त्रमा गर्ने मौका जुर्‍यो। गाईभैंसीको लागि घाँस काट्दा बचेको समयमा रूखको फेदमा गुरुका समीपमा बसेर विशुद्ध घोकन्ते पढाइका बीच हुर्किएको गरीब किसानको बच्चा आज विश्वविद्यालयमा अङ्ग्रेजी भाषाको विशेषज्ञ हुन सक्छ भन्ने कुरा मैले कहिल्यै कल्पना पनि गरेको थिइनँ। आफ्नो मिहिनेत र राम्रो गुरुको सान्निध्यताको संयुक्त योगफल हो मेरो सफलता।

यता आएर अङ्ग्रेजी माध्यमप्रति नेपाली समाजको आकर्षण धेरै नै देखिन थालेको छ। निजी स्कूलको बढ्दो लोकप्रियताको मुख्य कारकतत्व अङ्ग्रेजी भाषा बन्न पुगेपछि आफू विस्तारै असान्दर्भिक भइएला भन्ने त्रासमा केही सरकारी र सामुदायिक विद्यालयले अङ्ग्रेजीलाई स्कूलको पढाइको माध्यम नै बनाएका समाचारहरू आउन थालेका छन्। आफूलाई सान्दर्भिक बनाइराख्न र स्कूललाई राम्रो बनाउने अभिभावक र विद्यालयको जुन ध्येय छ, त्यो आफैंमा स्तुत्य छ। थप मिहिनेत गर्दै आफैं सिकेर अङ्ग्रेजी माध्यममा पढाउन तयार हुने शिक्षकहरूको जाँगर र प्रतिबद्धता नि:सन्देह प्रशंसनीय छ। तर आज जुन जुन स्कूलमा अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरिएको छ, के ती सबै स्कूलका सबै शिक्षकहरू अङ्ग्रेजी माध्यममा पढाउन दक्ष छन् त? निश्चय पनि छैनन्। अधिकांश शिक्षकहरू किन पनि सक्षम छैनन् भने तिनको शिक्षाको जग नै बलियो छैन। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस कीर्तिपुरमा अङ्ग्रेजीको एमए र एमएड बाहेक प्राय:जसो विषयहरू नेपाली भाषामै पढाइन्छन्। कलेज वा विश्वविद्यालयमा नेपाली माध्यममा पढेर आएका विद्यार्थी नै स्कूलमा शिक्षक भएका छन्। तिनको अङ्ग्रेजी भने जति राम्रो नहुनु अस्वाभाविक छैन।

आजभन्दा ३० वर्ष पहिले (सन् १९८१ मा) नेपालमा अङ्ग्रेजी भाषाबारे एउटा सर्वेक्षण भएको थियो। उक्त सर्वेक्षणले केही नयाँ तथ्यहरू उजागर गरेको थियो। जस्तै: बूढानीलकण्ठ स्कूलको कक्षा ७ को विद्यार्थी र काठमाडौं उपत्यका बाहिरको स्नातक उत्तीर्ण गरेको शिक्षकको अङ्ग्रेजीको स्तर समान थियो। मलाई लाग्छ, त्यो अवस्थामा आज पनि मौलिक रूपमा सुधार आएको छैन। अर्थात् बहुसङ्ख्यक शिक्षकहरूले कनीकुथी अङ्ग्रेजीमा पढाएको कुरा सहजै अनुमान गर्न सकिन्छ। मेरो व्यक्तिगत अनुभवमा, अधिकांश निजी स्कूलका शिक्षकमा समेत अङ्ग्रेजीमा पढाउन चाहिने जति क्षमता छैन। सामाजिक दबाबका नाममा हचुवाका भरमा अङ्ग्रेजी माध्यममा पठनपाठन शुरु गर्दा त्यसले दुर्घटना सिवाय केही निम्त्याउँदैन। विद्यार्थीलाई 'भुईमा न भाँडाको' बनाउने मात्र काम हुन्छ। १०० पूर्णाङ्कै अङ्ग्रेजी राम्रोसित सिकाउन नसकेर सार्वजनिक स्कूलका विद्यार्थीहरू फेल भइरहेको अवस्थामा बाँकी विषय पनि अङ्ग्रेजीमा त्यो पनि अङ्ग्रेजी नपढेको या अङ्ग्रेजी भाषाको अभ्यासमा कमी भएको मानिसले अङ्ग्रेजीमा कसरी पढाउला? गणित, विज्ञान, सामाजिक शिक्षा लगायतका विषयहरू नेपालीमा पढाउँदा त विद्यार्थीले अवधारणा नबुझेर चौपट छ भने; झन् आफैं भाषामा कमजोर शिक्षकले सीमित शब्दको भरमा अङ्ग्रेजीमा कसरी पढाउला? यो कल्पना गर्दा समेत एकदमै कहालीलाग्दो दृश्य

मेरो मानसपटलमा आउँछ । यसले हालको भन्दा पनि धेरै नाजुक र नराम्रो नतिजा दिनेछ । विद्यार्थीहरू ध्वस्त नै हुन्छन् । र त्यसले अन्ततः सामाजिक सङ्कट नै ल्याउँछ । त्यसैले त्यस्ता स्कूलहरूले अङ्ग्रेजी माध्यममा पढाउन बन्द गरेर अङ्ग्रेजी विषय मात्र राम्रोसित पढाउन सके हाललाई त्यो नै काफी हुन्छ । अभिभावकले खोजेको आफ्ना छोराछोरीले अङ्ग्रेजीमा राम्रोसित बोल्न र लेख्न सकुन् भन्ने नै हो । त्यतिका लागि अङ्ग्रेजी विषयको पठनपाठनमा सुधार गर्नु नै अहिलेको प्रमुख आवश्यकता हो । यसका लागि पुस्ता नै सखाप पार्ने गरी अङ्ग्रेजीको पछिलाग्नु हुन्न । सार्वजनिक स्कूलले मात्र होइन; निजी स्कूलले पनि 'अङ्ग्रेजी माध्यम'को पछिलाग्नु आवश्यक छैन । 'एडल्ट' मानिसहरूलाई भाषा सिकाउने प्रभावकारी तरिकाहरू नभएका होइनन् । 'कम्युनिकेटिभ मेथड', 'टास्क वेस्ड' र 'कन्टेन्ट वेस्ड' लगायतका तरिकाहरू प्रयोग गरेर राम्रोसित अङ्ग्रेजी सिकाउन सकिन्छ ।

शिक्षणको माध्यमको रूपमा अङ्ग्रेजी अपनाउनको लागि विशेष तयारी चाहिन्छ । २०४० सालतिर कक्षा १ देखि अङ्ग्रेजी माध्यममा शिक्षण गराउँदा कति खर्च लाग्ला भनी अध्ययन भएको थियो । म आफैं पनि त्यसमा संलग्न थिएँ । त्यतिखेर भएको हिसाब अनुसार, प्राथमिक तहका लागि विनियोजित शिक्षा बजेटको हाराहारीमा लाग्ने रकम नै तयारीका निम्ति चाहिने रहेछ । तत्कालीन शिक्षामन्त्री फत्तेसिंह थारूले यति धेरै बजेट लाग्छ भन्ने थाहा पाएपछि रानी ऐश्वर्यको चाहनाका बाबजुद उनी पछि हट्न बाध्य भएका थिए । अहिले पनि त्यही अनुपातको पैसा र केही वर्षको राम्रो तयारी लाग्छ । तयारी भनेको मुख्य रूपमा शिक्षककै तयारी हो । शिक्षकलाई अङ्ग्रेजीमा पढाउन सक्ने बनाउने नै हो । नसक्ने शिक्षकलाई प्रतिस्थापन गरेर नयाँ र सक्षम शिक्षक भर्ती गरी तिनलाई तालिम दिएर क्षमतावान बनाउनुपर्ने हुन्छ । अङ्ग्रेजी बाहेक गणित र विज्ञानलाई विस्तारै यही माध्यममा पढाउन सकिन्छ । अङ्ग्रेजीको लामो परम्परा भएको र सरकारी कामकाजको भाषा समेत अङ्ग्रेजी भएको छिमेकी देश भारतका सरकारी विद्यालयमा बल्ल अहिले आएर गणित र विज्ञान विषय अङ्ग्रेजी माध्यममा पढाउन थालिएको छ । यसै पनि विज्ञानका पारिभाषिक शब्दावलीहरू धेरैजसो अङ्ग्रेजीमै भएकाले यो विषयलाई तुलनात्मक रूपमा अङ्ग्रेजीमा सजिलो तरिकाले पठनपाठन गर्न सकिन्छ । तर सामाजिक शिक्षा जस्तो विषय जसले स्थानीय समाज र संस्कृति, इतिहास, जीवनशैली आदि सिकाउनुपर्छ, त्यस्ता विषय अङ्ग्रेजीमा शिक्षण गर्न सबैभन्दा दुरुह र कठिन हुन्छ । संस्कृति सम्बन्धी ज्ञान मातृभाषामा जति प्रभावकारी अरू कुनै भाषामा हुनै सक्दैन ।

हाम्रा विद्यार्थी अङ्ग्रेजीमा कमजोर हुनुको एकमात्र कारकतत्व हो, शिक्षक र शिक्षणशैली । शिक्षकले रटाउन छाडेर सृजनशील तरिकाले भाषा शिक्षणका चारवटै सीप (सुनाइ, बोलाइ, लेखाइ, पढाइ) लाई बरोबर अभ्यास गर्न लगाएको खण्डमा विद्यार्थीहरू पोख्त भइहाल्छन् । भाषा कहिल्यै पनि कण्ठ गरेर सिक्न सकिँदैन ।

यदि कसैले नयाँ भाषा जान्नु छ भने सिक्नका लागि सबैभन्दा उपयुक्त समय बाल्यकाल नै हो । यो कलिलो उमेरमा उसले सही तरिकाले उच्चारण गर्न सक्छ, डाइरेक्ट मेथडबाट सिक्न सक्छ । उमेर पुगेकालाई त 'ग्रामर-ट्रान्सलेसन मेथड'बाट मात्र सिकाउन सकिन्छ। विभिन्न प्रयोग र परीक्षण अनि अनुसन्धानबाट पनि यो पुष्टि भइसकेको छ कि एक जना बच्चाले कम्तीमा तीन भाषा विना कठिनाई सिक्न सक्छ । त्यस दृष्टिले बहुभाषाको ज्ञान र सीप दिने उत्तम समय बाल्यकाल नै हो । तर त्यसनिम्ति दक्ष शिक्षक चाहिन्छ । एकछिन विचार गरौं, हामीले घरमा नेपाली वा अरू मातृभाषा नै गलत सिकायौं भने बच्चाको हालत के होला ? अङ्ग्रेजी पनि त्यस्तै हो नि !

अङ्ग्रेजी भाषा नेपाली जस्तै भाषा मात्र हो, आफैंमा ज्ञान होइन । कुनै पनि भाषा ज्ञान होइन । जसरी नेपाली भाषा राम्रोसित बोल्न सकेकै भरमा कसैलाई ज्ञानीको संज्ञा दिन सकिँदैन, त्यसैगरी अङ्ग्रेजी जानेकै भरमा कोही पनि मानिस ज्ञानी कहलिन सक्दैन । अतः सर्वप्रथम हामीले एउटा प्रश्नको उत्तर खोज्नुपर्छ, 'के अङ्ग्रेजी हाम्रो राष्ट्रिय आवश्यकता हो ?' यसमा राष्ट्रिय बहस गर्नुपर्छ । आर्थिक, सामाजिक, भाषिक सबै कोणबाट अनुसन्धान र बहस गरिनुपर्छ ।

निश्चय पनि भाषा नयाँ ज्ञान आर्जनको महत्त्वपूर्ण माध्यम हो । विश्वव्यापीकरणको यस युगमा ज्ञान र सूचना हासिल गर्न र आदान-प्रदान गर्न अंग्रेजी भाषाको स्थान निर्विकल्प रहेको कुरा दुइमत छैन। त्यसैले हाम्रो नयाँ पुस्ताले अंग्रेजी भाषामाथि राम्रो पकड बनाउनै पर्छ । तर ज्ञानका लागि मात्र भनेर भाषा सिक्ने फुर्सद अब सीमित मानिसहरूसित होला, आम मानिससित छैन । आम मानिसहरूलाई पैसा कमाउनु छ, जीवनस्तर पहिलेभन्दा राम्रो बनाउनु छ । भाषा आर्थिक उपार्जनसित गहिरो रूपमा अन्तरसम्बन्धित छ । त्यसैले हामीले त्यस्तो भाषालाई प्रवर्द्धन गर्नुपर्छ, जसले हामीलाई आर्थिक उपार्जनमा पनि टेवा देओस् । त्यस दृष्टिले विचार गर्दा हाललाई हाम्रो देशमा अङ्ग्रेजी बाहेक चिनियाँ र हिन्दी भाषा पनि उत्तिकै उपयोगी देखिन्छन् । किनभने विश्वकै दुई विशाल जनसङ्ख्या भएका दुई छिमेकीसित नै हामीले सबैभन्दा बढी आर्थिक कारोबार गर्ने हो । पर्यटनको अपूर्व सम्भावना भएको मानिने नेपालमा यी दुई छिमेकी देशबाट एक/एक प्रतिशत मात्र मानिस बर्सेनि नेपाल घुम्न आए भने हाम्रो आर्थिक समृद्धिका लागि पर्याप्त हुन्छ भन्ने विश्लेषकहरूको कथन छ । तर नेपाल एउटा यस्तो देश हो, जोसँग आफूलाई कस्तो प्रकारको जनशक्ति कति चाहिन्छ भन्ने न त कुनै लेखाजोखा छ, न त कुनै योजना नै । हामी पूरै तदर्थवादमा चलिरहेका छौं । सरकारी स्कूलले अङ्ग्रेजीलाई माध्यमभाषाको रूपमा अँगाल्ने सरकारी स्कूलहरूको निर्णय र रहर पनि अध्ययन अनुसन्धानमा आधारित नभई त्यस्तै तदर्थवादकै देन हुन सक्छ ।

**भाषा आर्थिक उपार्जनसित गहिरो रूपमा अन्तरसम्बन्धित छ । त्यसैले हामीले त्यस्तो भाषालाई प्रवर्द्धन गर्नुपर्छ, जसले हामीलाई आर्थिक उपार्जनमा पनि टेवा देओस् । त्यस दृष्टिले विचार गर्दा हाललाई हाम्रो देशमा अङ्ग्रेजी बाहेक चिनियाँ र हिन्दी भाषा पनि उपयोगी देखिन्छन् ।**

निष्कर्षमा, नयाँ पुस्तामा अंग्रेजी भाषाको राम्रो पकड बनाउन चनाखोपूर्वक योजना बनाइनुपर्छ, पर्याप्त साधन-स्रोतको व्यवस्था हुनुपर्छ, शिक्षकलाई पर्याप्त तालिम दिइनुपर्छ। त्यति गर्न सकियो भने नयाँ पुस्तामा अंग्रेजीको राम्रो 'कमाण्ड' हुन्छ, जसले अन्ततः देशलाई समृद्ध पार्न सबै हिसाबले टेवा पुऱ्याउँछ ।

*(वार्तामा आधारित)*

विश्लेषण

डा. विद्यानाथ कोइराला



# अङ्ग्रेजी शिक्षा: को बन्ने, 'म' कि 'ऊ' अथवा तेस्रो ?

**नेपालमा अङ्ग्रेजी भित्र्याउने सरकार हो। तिनका उच्च पदस्थहरूको रहर हो। आवश्यकता हो। सरकारले निम्त्याएको यो रहर र आवश्यकता जनताको भएको छ। किनकि उनीहरूले त्यहाँ 'भविष्य' देखेका छन्। जागिरको भविष्य। इज्जतको भविष्य। व्यक्तिगत क्षतिपूर्तिको भविष्य।**

लक्ष्मीप्रसाद देवकोटाको 'हाई हाई अङ्ग्रेजी' निजीको खेती बन्यो। गुणस्तर बन्यो। सान बन्यो। ट्रेडमार्क बन्यो। हुँदाहुँदै क्राइस्टको सम्झनामा बनाइएको गलपासो (Tie) फेसन बन्यो। सिपाहीलाई बनाएको ड्रेसकोड पहिचान बन्यो। हुँदाहुँदै गलपासो, अङ्ग्रेजी भाषा र 'सिपाही ड्रेस' निजी स्कूलको पयार्य बन्यो। पहिचान बन्यो। त्रैतवस्तुको एकल पहिचान।

## भाषा कसको ?

बोल्नेको भाषा हुँदोरहेछ। मन परे आफ्नै हुने। रिस उठे पराइको। अङ्गेजी भाषामा त्यही भयो। कुनै बेला यो जर्मनीका Angles जातिको थियो। ती जातिकै डेनमार्कका केही बासिन्दाले पनि बोल्थे। बेलायत पुगेपछि त्यही भाषा Englisc भयो। गएको ५०० वर्षमा जर्मनी र डेनमार्कबाट बेलायत पुगेका आव्रजक (Immigrants) जनजाति (Tribe) को भाषा अहिले ८० भन्दा बढी देशको राष्ट्रिय भाषा भएको छ। कसैको मूलभाषा, कसैको दोस्रो भाषा। आखिर यसको सफलताको राज के हो त ? समुद्री डाँकू। लुटेरा (Vikings) को शब्द संयोजन ? Norman को विजय बल ? फ्रेन्चहरूको दवदवा ? बेलायतको कूटनीतिक सम्बन्ध ? उसको उपनिवेशवादी प्रभाव ? सिक्न सिकाउन सहज बनाउने भाषाविद्हरूको बुद्धि ? शाश्वत व्याकरण (Universal Grammer) बनाउनेहरूको तागत ? भाषा विस्तारकहरूको लचिलो बुद्धि ? औद्योगिकरणलाई



मोडेल मान्नेहरूको देखासिकी? प्रकाशित श्रव्य र दृश्य सामग्रीको पर्याप्तता? वैज्ञानिक खोजको फेहरिस्त? बलियो मुद्रा? प्राज्ञिक सम्पदा? जातीय पहिचान? शायद एउटै उत्तर कसैसँग छैन। हुँदैन। यसबाट बुझिन्छ भाषा बोल्नेको रहेछ। किन बोल्यो? उसैको उत्तर रहेछ। जातिमा भाषा बसे मर्दोरहेछ। अन्तरजातीय बनाए सर्दोरहेछ। जनजिब्रोको बनाए ज्याङ्गिदोरहेछ। ज्ञान, व्यापार, राजनीति जस्ता उपयोगी आधार जोडे शाश्वत बन्दोरहेछ। पुस्तान्तर हुँदा मातृभाषाको स्थान लिँदोरहेछ। मेरो थातथलोमा मेरै जातजातिको मात्र भाषा बोल्छु भने ब्रिटेनको Celtic भाषा बन्दोरहेछ। आफ्नै घरमा आफैं नौलो।

## मोह कसको ?

संस्थागत रूपमा राणा शासकले अङ्ग्रेजी भित्र्याए। उनैले 'विस्तार' गरे। विस्तारको घेरा भने सीमित थियो। त्यो सीमित घेरा प्रजातन्त्रोत्तर कालका नेताहरूले तोडे। यस अर्थमा नेपालमा अङ्ग्रेजी भित्र्याउने सरकार हो। तिनका उच्च पदस्थहरूको रहर हो। आवश्यकता हो। सरकारले निम्त्याएको यो रहर र आवश्यकता जनताको भएको छ। किनकि उनीहरूले त्यहाँ 'भविष्य' देखेका छन्। जागिरको भविष्य। इज्जतको भविष्य। आत्मरतिको भविष्य। व्यक्तिगत क्षतिपूर्तिको भविष्य। सञ्चारको भविष्य। प्रविधि विस्तारको भविष्य। यसरी हेर्दा वर्तमानको सान, आन र स्वप्निल भविष्यले अङ्ग्रेजी मोह फस्टायो। केही पागल (Crazy) भएर लाग्यौं। केही आवश्यकता अनुसार लाग्यौं। केही पाइला फुक्दै (Reluctant) लाग्यौं। केहीले अङ्ग्रेजीको विकल्प हामीसँगै छ कि भन्ने सोच बोक्यौं। यस अर्थमा अङ्ग्रेजीले हामीलाई छोड्नेवाला पनि छैन। किनभने साँघुरिँदै गएको विश्व जोड्ने अङ्ग्रेजी नै हो। एक्लिँदै बाँच्ने दिन गएकाले जोडिने आधार त्यही हो। अङ्ग्रेजीबाट अङ्ग्रेजीहरू बनाउने उपक्रमले यसलाई निरन्तरता दिइरहेको छ। विकल्पको समकक्षी भाषा नआएसम्म अङ्ग्रेजी भाषाको राज रहन्छ। किताबमा राज। प्रविधिमा राज। कूटनीतिमा राज। सामाजिक सान आनमा राज। आप्रवासी बन्ने बाध्यतामा राज। रहरमा राज। डलरमा राज। यस्ता अनेकन् विधामा अङ्ग्रेजी राज रहन्छ। यस्तो राजले गर्दा अङ्ग्रेजीको मोह चाँडै घट्दैन।

**भाषा पढाउने कि भाषा पढ्ने सीप पढाउने ? टाई लगाउने कि टाई किन लगाएँ भनी खोजाउने ? आदर्श बनाइदिने कि सन्दर्भ सापेक्ष आदर्श बनाउन सक्षम बनाइदिने ? आफ्नैपना बनाउने कि 'जसोजसो बराजु उसैउसै स्वाहा' (निजीकै अनुयायी) गर्ने ? पहिलो टुङ्गो त्यसैको गरौं।**

## निजी स्कूलले के गरे ?

निजी स्कूल सरकारीकै पुनरोक्ति हुन्। राणाहरूले अङ्ग्रेजीमै पढ्न सिकाए। तात्कालीन सरकारी स्कूलले त्यही नीति लिए। सक्नेले सबै विषय अङ्ग्रेजीमा। नसक्नेले विषयको रूपमा। २०२८ सालपछिको 'नेपालीकरण' नीतिले अङ्ग्रेजी पनि नेपालीमा पढाउने चलनलाई निरन्तरता दियो। निजीले चाहिँ 'नेपालीकरण' लाई 'अङ्ग्रेजीकरण' गराए। यस अर्थमा उल्ट्याए। सबै विषय अङ्ग्रेजीमा पढाए। सबैलाई अङ्ग्रेजीमै बोल्न बाध्य गराए। कक्षाकोठामा। खेलमैदानमा। शिक्षक भेटघाटमा। अभिभावक भेलामा। विद्यालय हातामा। यसरी लक्ष्मीप्रसाद देवकोटाको 'हाई हाई अङ्ग्रेजी' निजीको खेती बन्यो। गुणस्तर बन्यो। सान बन्यो। ट्रेडमार्क बन्यो। हुँदाहुँदै क्राइस्टको सम्झनामा बनाइएको गलपासो (Tie) फेसन बन्यो। सिपाहीलाई बनाएको ड्रेसकोड पहिचान बन्यो। हुँदाहुँदै गलपासो, अङ्ग्रेजी भाषा र 'सिपाही ड्रेस' निजी स्कूलको पर्याय बन्यो। पहिचान बन्यो। त्रैतवस्तुको एकल पहिचान।

## कोभन्दा को कम ?

विकास चक्रीय हो। विनासबाट विकास। विकासबाट विनास। सरकारी स्कूलको विकासचक्र पूरा भयो। त्यसैले २०३६ सालदेखि तिनीहरू विनासतिर लागे। निजी विकासतिर। यस अर्थमा 'वाइनरी अपोजिट'। अहिले सरकारी खुम्चिँदो क्रममा छ। निजी ज्याङ्गिँदोमा। किन ज्याङ्गियो त निजी? किन खुम्चियो त सरकारी स्कूल? उत्तर सोझो छ। अङ्ग्रेजीको पढाइ। अङ्ग्रेजीमा पढाइ। बजारी बुझाइले त्यही भन्छ। ठूलाका सन्तान पढ्ने। धनीका सन्तान पढ्ने। आर्थिक बुझाइले त्यसै भन्छ। निजीको सान नै बेग्लै। मान नै बेग्लै। सामाजिक बुझाइले यो कुरा उजागर गर्छ। नियमित पढाइ। केही त दैनदिनीको सिकाइ प्राविधिक बुझाइले यसै भन्छ। निजीमा पढाए विश्व बजार। सरकारीमा पढाए स्थानीय बजार व्यापारीले त्यसै भन्छ। यी भनाइहरूमा आंशिक सत्यता छ। बहु बुझाइ समेट्ने सत्यता। यी बुझाइहरूले एकल रहस्य खोले– सरकारीलाई प्रतियोगी बन्ने रहस्य। निजी र सरकारीबीच प्रतियोगी। सरकारी सरकारीबीच प्रतियोगी। बसाइमा। पढाइमा। ड्रेसमा। पढाइने विषयमा। मूलत: फरर बोलिने अङ्ग्रेजीमा।

## सरकारी स्कूल: ठीक कि बेठीक ?

सम बन्नु एकखाले प्रतियोगिता हो। भिन्न बन्नु अर्को खाले। दुवै अवस्थामा आ-आफ्नो स्थान बनाउनु तेस्रो खाले। मान्य स्थान। समाजले खोजेको स्थान। सरकारी स्कूल चुकेको त्यहीँ हो। निजीले अङ्ग्रेजी सिकायो। सरकारीले भाषा सिक्ने सीप सिकाए के हुन्छ? इण्डोयुरोपियन (अङ्ग्रेजी, जर्मन र स्वीडिस) भाषा सिक्ने मन्त्र। इण्डोआर्यन (नेपाली, हिन्दी, अवधी, संस्कृत, भोजपुरी, थारू, बङ्गला, मैथिली) भाषा सिक्ने मन्त्र। तिवेतोवर्मन भाषा (तामाङ, गुरुङ, लिम्बू, राई) सिक्ने मन्त्र। चित्रात्मक लिपिमा लेखिने भाषा (चिनियाँ, जापानी, कोरियन) सिक्ने मन्त्र। अन्तर पारिवारिक भाषा सिक्ने मन्त्र। अनि आफ्नो भाषाबाट अरूको भाषा सिक्ने मन्त्र। ह्योल्मो भाषाबाट भोजपुरी सिक्ने। भोजपुरी भाषाबाट ह्योल्मो सिक्ने। दुवैबाट नेपाली सिक्ने। *शब्द–सन्दोह* पुस्तकमा जनार्दन घिमिरे (२०६७)ले दिएको तर्किव। यसो गरेको भए निजी स्कूल निजीकै रूपमा हुन्थ्यो। सरकारी सरकारीकै रूपमा। दुवै भिन्नखाले प्रतियोगी बन्थे।

अर्को सम्भावना पनि थियो- व्यावहारिक शिक्षा बनाउने सम्भावना। निजीका विद्यार्थी शहरी हुन्। पैसावाला हुन्। रहरवालाका सन्तति हुन्। सरकारीका अनुभवका खानी। शिक्षक तालिमको शब्दावलीमा निजीका पूर्वजीवनकालीन (Children before life)। सरकारीका जीवन्तकालीन (Children lived with life)। यसो हुँदा सरकारीले अनुभवबाट सिकाउनुपर्थ्यो।

कोदालो खन्दा कुन बल प्रयोग हुन्छ ? कति डिग्रीको कोणबाट खन्नुपर्छ ? कति उचाइमा कोदालो उचाल्नुपर्छ । कोदालोलाई आधुनिकीकरण गर्ने तर्किव के हुनसक्छ ? हिमाल, पहाड र मधेशको कोदालोमा के फरक छ ? किन फरक हुन्छ ? ढुङ्ग्यान र मट्यानमा खन्ने कोदालोको आकार प्रकारमा किन भिन्नता हुन्छ ? यस्ता जीवन्तकालीन उदाहरणले विद्यार्थीलाई साम्यवादीको शब्दावलीमा जनवादी, वैज्ञानिक, व्यावहारिक र उपयोगी व्यक्ति बनाउँथ्यो । यस्ता अनेकन् बाटाहरू थिए । यी बाटाहरू सरकारीले खोजेन । यस अर्थमा सरकारी स्कूलको आदर्श निजी भयो । उसको आफ्नै आदर्श बनेन । सोही कारणले गर्दा निजीले जे गर्‍यो सरकारी त्यतै दौडियो । टाई, अङ्ग्रेजी र स्कूल ड्रेस । परिणामत: 'जहाँ पढाए पनि उस्तै' भन्ने दौडमा सरकारी दौडियो । निजी चाहिँ 'सिपाहीकरण' (Regimentation) तर्फ उन्मुख भयो । गतिमा क्षमता भएकोलाई पनि घोकाउने । सर्जकलाई पनि कण्ठ गर्न प्रेरित गर्ने । त्यहीँ निजीले अर्को तर्किव निकाल्न सक्थ्यो– गीतबाट गणित सिकाउने । गीतमै विज्ञान । गीतमै कला । गीतमै भूगोल । यस अर्थमा दुवै थरी स्कूलले विद्यार्थी-स्रोत/सम्पदा/क्षमताको दोहन गरेनन् ।

सरकारी स्कूलको आदर्श निजी भयो । उसको आफ्नै आदर्श बनेन । सोही कारणले गर्दा निजीले जे गर्‍यो सरकारी त्यतै दौडियो । टाई, अङ्ग्रेजी र स्कूल ड्रेस । परिणामत: 'जहाँ पढाए पनि उस्तै' भन्ने दौडमा सरकारी दौडियो । निजी चाहिँ 'सिपाहीकरण' (Regimentation) तर्फ उन्मुख भयो ।

## निजी स्कूल: गन्तव्य कता ?

हाम्रो विशेषता के ? प्रचारकले सोध्ने यही हो । बजारले खोज्ने त्यही हो । निजीका विज्ञापनले भन्छ– अङ्ग्रेजी माध्यममा पढाइ । सिर्जनशील बन्नमा जोड । अरू विज्ञापन फोकटका हुन् । अङ्ग्रेजी माध्यम गर्दा निजीले भाषिक अर्थ र पूर्ण डुबाइ (Language immersion and submersion) को नीति लिए । सङ्काय विकास मनोविज्ञान (Faculty development psycholugy) को सहारा लिए । संज्ञानात्मक सहारा । यो सहारा लिँदा निजीले सर्जकता गुमायो । आदर्श चाहिँ 'विदेश' बनायो । स्वदेश नजोडिएको विदेश । निश्चित हावापानीमा मात्रै हुर्किने विकासे वस्तु । नेपालीको भूगोलले सामान्यीकरण (Generalization) सहितको वैशिष्टता (Specialization) खोज्यो । निजीले वैशिष्ट्यको लहड बोक्यो । त्यहींनेर निजीको गन्तव्य हरायो । यूरोपको विदेशले प्रतिभा खोज्यो । यूरोपिएको नेपालीले नाता खोज्यो । जातजाति र भाषा खोज्यो । आफ्नैपना । निजी स्कूलले उत्पादन गरेको विद्यार्थीले पनि आफ्नोपना छोड्न सकेन । स्कूलको गन्तव्य विदेश रे ! विद्यार्थीको गन्तव्य आफ्नोपना रे ! रगतकै पुरातनपन्थी सोच रे ! यस अर्थमा निजीले आफूलाई प्रणालीबद्ध प्रक्रिया (System approach) मा सोचेन । मेरो सन्दर्भ के ? लगानी के ? प्रक्रिया के ? उत्पादन के ? प्रभाव के ? (CIPP) । यसरी विश्लेषण गर्ने तागत र रहर निजी स्कूलमा रहेन । अर्थात् निजी पनि गन्तव्यहीन गन्तव्यमा फँस्यो । सरकारी स्कूलले पनि त्यही गन्तव्यहीन गन्तव्यलाई पछ्याउन थाल्यो । अङ्ग्रेजी राख्ने । ड्रेस राख्ने । टाई राख्ने । अरू कुनै ? निजीले जे गर्‍या त्यही गर्ने । सिनेमाको ड्रेस नक्कल गर्ने युवा जस्तो । मदारी कतै भएको । आफू निजीको सर्प । निजी चाहिँ मदारीहीन सर्प । यति मेरो विद्यार्थीका लागि । यति मेरो देशका लागि । यति मेरो आदर्शका लागि । यसरी आफ्नो बाटो तय गर्न नजान्नेहरू । तिनकै गन्तव्यका सरकारी स्कूलहरू ।

## सरकारी स्कूल: गर्ने के त ?

भाषा पढाउने कि भाषा पढ्ने सीप पढाउने ? टाई लगाउने कि टाई किन लगाएँ भनी खोजाउने ? आदर्श बनाइदिने कि सन्दर्भ सापेक्ष आदर्श बनाउन सक्षम बनाइदिने ? आफ्नैपना बनाउने कि 'जसोजसो बराजु उसैउसै स्वाहा' (निजीकै अनुयायी) गर्ने ? पहिलो टुङ्गो त्यसैको गरौं । यदि अनुयायी नै बन्ने रहर हो भने सबै कक्षामा अङ्ग्रेजीमै पठनपाठन किन नगर्ने ? विना तालिम पनि 'स्तरीय शिक्षा' दिने निजीको तागतलाई किन सरकारीमा नभित्र्याउने ? किन तालिम चाहियो भनी चिच्याइरहने ? असमान तलबमा नै अपेक्षित नतिजा दिने निजीको क्षमतालाई किन सरकारीले नस्वीकार्ने ? समान तलब खोज्नेले असमान तलब लिने निजीको भन्दा राम्रो परिणाम किन नदिने ? दोस्रो टुङ्गो हो– समकक्षी बन्ने । समान नबन्ने । त्यसो हो भने सरकारी स्कूलले जनवादी, वैज्ञानिक, व्यावहारिक र उत्पादनउन्मुख शिक्षा दिन थालौं । निजीले भूमण्डलीकृत (Corporate/Global) । अनि क्रमश: निजीमा सरकारीको क्षमता जोडौं । सरकारीमा निजीको । तेस्रो टुङ्गो हो– अङ्ग्रेजी भाषा नै पहिलो हो भने सरकारीले भाषा सिक्ने तर्किव दिऔं । तामाङबाट विश्वभाषा सिक्ने तर्किव । भोजपुरीबाट विश्वभाषा सिक्ने तर्किव । डोल्पोबाट विश्वभाषा सिक्ने तर्किव । जनार्दन घिमिरेको शब्द सन्दोह को उपाय । नोमचोम्स्कीको सार्वभौम व्याकरणिक (Universal grammer) उपाय । कतै सरकारी स्कूल र त्यसका मित्रहरूले सोच्न थाल्ने कि ? कि मातृभाषा, कि अङ्ग्रेजी भाषा, कि प्रान्तीय भाषा, कि आ-आफ्नै भाषाको कुनो बनाउने सरकारी बुद्धिको बहुभाषी व्यवस्थालाई चुनौती दिने कि ? भविष्य हाम्रै हो । सोच्ने अहिल्यै हो । 🕮



# 101 WAYS TO PRAISE A CHILD

WOW ● WAY TO GO ● SUPER ● YOU'RE SPECIAL ● OUTSTANDING ● EXCELLENT ● GREAT ● GOOD ● NEAT ● WELL DONE ● REMARKABLE ● I KNEW YOU COULD DO IT ● I'M PROUD OF YOU ● FANTASTIC ● SUPER STAR ● NICE WORK ● LOOKING GOOD ● YOU'RE ON TOP OF IT ● BEAUTIFUL ● NOW YOU'RE FLYING ● YOU ARE CATCHING ON ● NOW YOU'VE GOT IT ● YOU'RE INCREDIBLE ● BRAVO ● YOU'RE FANTASTIC ● HURRAY FOR YOU ● YOU'RE ON TARGET ● YOU'RE ON YOUR WAY ● HOW NICE ● HOW SMART ● GOOD JOB ● THAT'S INCREDIBLE ● HOT DOG ● DYNAMITE ● YOU'RE BEAUTIFUL ● YOU'RE UNIQUE ● NOTHING CAN STOP YOU NOW ● GOOD FOR YOU ● I LIKE YOU ● YOU'RE A WINNER ● REMARKABLE JOB ● BEAUTIFUL WORK ● SPECTACULAR ● YOU'RE SPECTACULAR ● YOU'RE A DARLING ● YOU'RE PRECIOUS ● GREAT DISCOVERY ● YOU'VE DISCOVERED THE SECRET ● YOU FIGURED IT OUT ● FANTASTIC JOB ● HIP, HIP HURRAY ● BINGO ● MAGNIFICENT ● MARVELOUS ● TERRIFIC ● YOU'RE IMPORTANT ● PHENOMENAL ● YOU'RE SENSATIONAL ● SUPER WORK ● CREATIVE JOB ● SUPER JOB ● EXCEPTIONAL PERFORMANCE ● YOU'RE A REAL TROOPER ● YOU ARE RESPONSIBLE ● YOU ARE EXCITING ● YOU LEARNED IT RIGHT ● WHAT AN IMAGINATION ● WHAT A GOOD LISTENER ● YOU ARE FUN ● YOU'RE GROWING UP ● YOU TRIED HARD ● YOU CARE ● BEAUTIFUL SHARING ● OUT STANDING PERFORMANCE ● YOU'RE A GOOD FRIEND ● I TRUST YOU ● YOU'RE IMPORTANT ● YOU MEAN A LOT TO ME ● YOU MAKE ME HAPPY ● YOU BELONG ● YOU'VE GOT A FRIEND ● YOU MAKE ME LAUGH ● YOU BRIGHTEN MY DAY ● I RESPECT YOU ● YOU MEAN THE WORLD TO ME ● THAT'S CORRECT ● YOU'RE A JOY ● YOU'RE A TREASURE ● YOU'RE WONDERFUL ● YOU'RE PERFECT ● AWESOME ● A+ JOB ● YOU'RE A-OK-MY BUDDY ● YOU MADE MY DAY ● THAT'S THE BEST ● A BIG HUG ● A BIG KISS ● SAY I LOVE YOU !

P.S. REMEMBER, A SMILE IS WORTH A 1000 WORDS!

eklavya.org

संस्मरण

केशवप्रसाद भट्टराई



# अङ्ग्रेजी भाषाः सन्दर्भ, महत्त्व र अनुभव

**अभिभावकहरूले एकमुख लगाएर भन्नुभयो, "हामी पुस्तक किन्न, सहयोग शुल्क दिन र शिक्षक व्यहोर्न तयार छौं। स्कूलले गरेको यो व्यवस्थाका लागि हामी अनुगृहीत पनि छौं। कुनै स्कूलले म थप राम्रो गर्छु भन्न र गर्न किन नपाउने ?"**

## सन्दर्भ र महत्त्व

सिद्धान्ततः कुन भाषामा शिक्षा ग्रहण गर्ने भन्ने व्यक्तिको निजी अधिकारको कुरा हो। तर, त्यस्तो अधिकारको प्रचलन राष्ट्रको मूल शिक्षा नीति अन्तर्गत शिक्षण संस्थाहरूको शैक्षिक कार्यक्रम अन्तर्गत मात्र हुने गर्दछ।

संसारका हरेक मुलुक कम-बेसी रूपमा भूमण्डलीय अर्थतन्त्र र समाजका अभिभाज्य अङ्ग भइसकेको अवस्थामा प्रमुख अन्तर्राष्ट्रिय भाषाको रूपमा रहेको अङ्ग्रेजीमा बलियो अधिकार नभएका व्यक्तिहरूलाई व्यक्तिगत उन्नति, प्रगति र समृद्धि साथै जीवनोपयोगी सीप आर्जन गर्ने अवसर प्राप्त गर्नमा पनि समस्या रहेको देखिन्छ। हिजोआज त अन्तर्राष्ट्रियस्तरका आकर्षक अवसरहरूका लागि अङ्ग्रेजीसँगै अर्को कुनै अन्तर्राष्ट्रिय भाषाको समेत जानकारी अनिवार्य भइसकेको छ। जुन व्यक्तिको अङ्ग्रेजी भाषामा दक्खल छ, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा उपलब्ध हुने अवसरहरूमा उसैको बढी पहुँच स्वभावतः देखिन्छ।

त्यति मात्र होइन पत्र-पत्रिकामा प्रकाशित लेख, रचना, समाचार एवं राजनीतिक, सामाजिक र आर्थिक तथा व्यावसायिक क्षेत्रका मानिसहरूको दैनिक प्रयोगको भाषामा पनि अङ्ग्रेजी शब्दहरूको अत्यधिक प्रयोग हुन थालेको छ। परिणामतः आफ्नै मातृभाषा वा राष्ट्रिय भाषामा बोलिएका वा लेखिएका कुरा बुझ्न पनि अङ्ग्रेजीको ज्ञान नभई नहुने बिडम्वनाको स्थिति विकास भइसकेको छ।

आज अङ्ग्रेजीमा बलियो अधिकार हुनु भनेको राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रा अवसरहरू प्राप्त गर्ने, जटिल र आकर्षक तथा प्रतिष्ठित प्राविधिक विषयहरू अध्ययन गर्न क्षमता आर्जन गर्ने, जीवनलाई बढी उपलब्धिमूलक बनाउने, समृद्धि प्राप्त गर्ने र प्रतिष्ठा कमाउने कुरा सुनिश्चित जस्तै हुनु हो। अङ्ग्रेजी भाषा स्वयं परिवर्तनको स्रोत र वाहकको रूपमा समेत स्थापित भइसकेको छ। त्यसैले नेपालमा पनि अङ्ग्रेजी भाषामाथि मानिसहरूको व्यापक मोह छ। लगाव छ। राजधानी र ठूला शहरहरूमा मात्र होइन स-साना वस्तीहरूमा पनि अभिभावकहरू आफ्ना बाल-बच्चाको अङ्ग्रेजी भाषाको शिक्षाका सवालमा बढी सचेत र गम्भीर बनेका देखिन्छन्। त्यसैको परिणाम अङ्ग्रेजी माध्यमका भनिएका स-साना घर र बाँसका टहरामा सञ्चालित र सन्दिग्ध क्षमताका निजी विद्यालयले पनि ठूला र व्यवस्थित सरकारी विद्यालयहरूको भन्दा बढी जनलगाव प्राप्त गर्ने र सरकारी विद्यालयहरूमाथि व्यङ्ग्य गर्ने जमर्को गरिरहेका छन्।

मूलतः नेपालको विद्यालय शिक्षाको उद्देश्य सबै विद्यार्थीलाई शिक्षित हुन, आफ्नो व्यक्तिगत क्षमता अभिवृद्धि गर्न, एउटा स्वस्थ गतिशील, प्रजातान्त्रिक, बहुलवादी समाज एवं दिगो र समृद्ध अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा सुस्थापित हुन सहयोग एवं शक्ति प्रदान गर्नु हो। स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध हुने सबै अवसरहरूमा पहुँच बनाउन विद्यार्थीहरूमा बलियो क्षमता भरिदिनु हो।

## अनुभव सन्दर्भ

२०३४ हिउँदमा म सिन्धुली जिल्लाको झाँगाझोली रातामाटाको प्रगतिशील माध्यमिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्त भएँ। त्यतिखेर मेरो उमेर २४ वर्षको थियो। मेरो विद्यालयका विद्यार्थीहरू म प्रअ भएपछिको पहिलो एसएलसी दिएर फर्किएका थिए। संरक्षकत्वको लागि जानुभएका शिक्षकसँग विद्यार्थीले परीक्षामा कस्तो गरे भनेर सोधें। उहाँले, "हामीले जस्तो सक्यौं त्यस्तै गरे" भन्ने आशय व्यक्त गर्नुभयो। म अलि अलमलिएको देखेर उहाँले प्रस्ट पार्दै भन्नुभयो। "२५ नं. को वस्तुगत प्रश्नको उत्तर रुण्डै सबैले मिलाएका छन्। बाँकी यताउता तानतुन गर्दा पास नम्बर पुगिहाल्छ। हाम्रा सबै विद्यार्थी पास हुन्छन्। सेन्ट परसेन्ट रिजल्ट।"

अघिल्ला वर्षहरूसम्म एसएलसी परीक्षाको प्राविधिक पक्षमा मेरो त्यति धेरै जानकारी हुँदैनथ्यो। आफ्नो विषय पढायो बस। शिक्षक वा प्रअ भए पनि आफैं केन्द्राध्यक्ष भएको अवस्थामा बाहेक म कहिल्यै एसएलसी परीक्षा केन्द्रसम्म पुगिनँ। कहिल्यै निरीक्षक वा केन्द्राध्यक्ष बन्ने रुचि पनि रहेन। प्रजिअ र जिशिअले धेरै आग्रह गरेपछि म एकपटक सिन्धुलीको भलुवाही केन्द्रमा र एकपटक सिन्धुली माडीको परीक्षा केन्द्रमा केन्द्राध्यक्ष भएको थिएँ। एसएलसी परीक्षाको कापी पनि मैले एकपल्ट मात्र जाँचे।

प्रगतिशील माविमा १८ वर्षको उमेरमा म अङ्ग्रेजी शिक्षक नियुक्त हुँदा पुरानो शिक्षाको पढाइ थियो। प्रवेशिका परीक्षाको लागि विद्यार्थीले अङ्ग्रेजी प्रथम र द्वितीय पत्र अन्तर्गत

दर्जनभन्दा बढी पुस्तकहरू पढ्नुपर्दथ्यो। लामा लामा उत्तर लेख्नुपर्ने भएकाले परीक्षामा चोर्न र चोराउन सजिलो थिएन। चिटकै भरमा एसएलसी परीक्षा पास गर्ने कुरा झण्डै असम्भव थियो।

तर, नयाँ शिक्षा योजना अन्तर्गत सबै तहका परीक्षाहरूमा वस्तुगत प्रश्न अनिवार्य थियो। अर्थात् चोर्न र चोराउन सजिलो। चिनो लगाएकै भरमा पनि पास हुन सकिने। लेख्नुपर्ने उत्तर पनि छोटा छोटा वाक्यमा लेखिनुपर्ने। अर्कोको कापीबाट सार्न मिल्ने। एसएलसीमा त्यही भएको मैले बुझें।

नयाँ शिक्षा योजनाले धेरै राम्रा र सकारात्मक कुराहरू लिएर आएको थियो। नेपालको शिक्षा प्रणालीमा यो एउटा क्रान्तिकारी प्रारम्भ नै थियो। वस्तुगत प्रश्नबाट विद्यार्थीको सिकाइ उपलब्धिको वैज्ञानिक मापन हुने कुरा आफैंमा प्रमाणित सत्य हो। तर हाम्रो परिवेशमा यसको नकारात्मक परिणाम आइरहेको थियो। आँखा झिमिक्क पार्दा अर्काको हेरेर फटाफट चिनो लगाएर, एकाध वाक्य, शब्द लेखेर पास होइने अवस्थाले विद्यार्थीलाई पढ्नमा र शिक्षकहरूलाई पढाउनमा रुचि र चुनौती दुवै हराउँदै गइरहेको थियो।

स्कूलका परीक्षाहरूमा मैले सुधारका लागि केही कोशिश गर्न सक्थें, गरें पनि। तर एसएलसी परीक्षामा म केही गर्न सक्दैनथें। दुई दिनको बाटो पर परीक्षा केन्द्र हुन्थ्यो। विद्यार्थीहरू खाँदाखाँद गरेर गोठ, घर र छाप्राहरूमा डेरा गरेर बस्नुपर्ने। पढ्ने वातावरण परीक्षा अवधिभर नहुने। परीक्षा केन्द्रमा निरीक्षकले सिकाइदिने, विद्यार्थीले चिनो लगाइदिने र पास हुने। वातावरण नै अर्कै। अनि त्यही कुरा देखेर, सुनेर आएका विद्यार्थीहरू स्कूलमा पनि त्यस्तै खोज्ने कारण दबाब बढ्दै जाने गर्थ्यो।

अझ अर्को कुरो डरलाग्दो रूपमा आउन शुरु भयो। तीन कक्षासम्म प्राथमिक तह थियो र चारदेखि सातसम्म निम्न माध्यमिक तह थियो। प्राथमिक तहको अन्तिम परीक्षा जिल्ला स्तरीय हुने र निम्नमाध्यमिक तहको अन्तिम परीक्षा क्षेत्रीयस्तरको हुने। परीक्षा सञ्चालनको जिम्मेवारी मूलतः जिल्ला शिक्षा कार्यालयको हुने। प्रश्नपत्र उतैबाटै आउने। वरिपरिका अन्य विद्यालयहरूको परीक्षा केन्द्र पनि हाम्रै विद्यालयमा हुने गर्थ्यो। अब एसएलसीको अनुकरण तीन कक्षा र सात कक्षाको परीक्षामा समेत हुन थाल्यो। सबै विद्यालयका शिक्षक र अभिभावकहरूको ताँती। हरेक विद्यालयका शिक्षकहरू निरीक्षक हुनुपर्ने, आँखा झिमिक्क गर्दा काम तमाम। मसँग ती समस्यासँग प्रभावकारी रूपमा सामना गर्ने ज्ञान, अनुभव केही थिएन। बेठीक भएको छ भन्ने लाग्थ्यो। सकेसम्म रोक्न खोज्थें। विद्यालय तहका परीक्षाहरूमा हामी धेरै नयाँ प्रयोगहरू गर्दथ्यौं तर जब जिल्लास्तरीय, क्षेत्रीयस्तरीय र एसएलसी परीक्षा आउँथ्यो केही उपाय लाग्दैनथ्यो।

## ध्वस्त परीक्षा र ध्वस्त शिक्षा

एक दिन कक्षा ८ मा केही नोट टिपाइरहेको थिए। एउटा नयाँ विद्यार्थी केही नलेखी त्यसै मेरो मुख हेरेर बसिरहेको थियो। मैले उसलाई हप्काएँ। कापीकलम नभएको पो हो कि भनेर हेरें। त्यसो पनि होइन रहेछ। फेरि लेख्न भनें। फेरि पनि नलेखी बसिरह्यो। असाध्यै रिस उठ्यो। एक थप्पड लगाएँ र लेख भनें अझै लेख्दैन। म उसलाई कक्षाबाट निकाल्ने अवस्थामा के पुगेको थिएँ, सँगैको अर्को विद्यार्थीले भन्यो, "सर यसलाई त ए.बी.सी.डी. नै आउँदैन।" म स्तब्ध भएँ। मेरो विद्यालयको कक्षा ८ को विद्यार्थीले ए.बी.सी.डी. जान्दैन भन्ने कुराले ठूलो पीडा बोध भयो।

टिफिनको समयमा शिक्षक साथीहरूसँग त्यो प्रसङ्ग सुनाएँ। उहाँहरूसँग पनि त्यस्तै प्रकृतिका केही अनुभव थिए। कारणबारे छलफल गर्‍यौं। निष्कर्ष निस्कियो- एक त वरपरका विद्यालयमा पनि योग्य शिक्षकको अभाव छ। फेरि एक दुई विषय फेल भए पनि विद्यालयका अन्तिम परीक्षाहरूबाट कक्षा उकाल्ने गरिन्छ नै। सबैभन्दा अन्तिमको क्षेत्रीयस्तरको कक्षा ७ को परीक्षाको बारेमा माथि भनिसकियो। सात कक्षा पास गरेको क्षेत्रीय शिक्षा निर्देशक र जिल्ला शिक्षा अधिकारीको हस्ताक्षर भएको लब्धाङ्क र प्रमाण पत्र बोकेर आउने विद्यार्थी कक्षा ८ मा सरासर भर्ना पाउने भइहाल्यो। अन्तिम परीक्षामा एकाध विषयमा फेला भएकालाई पनि उकाल्दा त अङ्ग्रेजी, विज्ञान र गणित जस्ता विषयमा लगातार फेल भइरहे पनि कक्षा चढ्दै जाने र एसएलसीसम्म पुग्ने अवस्था देखियो। एउटा डरलाग्दो त्रास र बेचैनी मनमा डेरा गरेर बस्न लाग्यो।

हामीकहाँ अर्को समस्या पनि साथै थियो। कक्षा एकदेखि नै त्यही विद्यालयमा पढ्ने विद्यार्थीहरू एउटा स्तरका हुन्थे। कक्षा ३ र ७ पास गरी अन्य विद्यालयहरूबाट आएकाहरूको स्तर फरक हुन्थ्यो। कक्षा ३ मा आएकालाई एकाध वर्षभित्र औसतस्तरमा लैजान सकिन्थ्यो। कतिले त यति छिटो असाधारण प्रगति गरिसक्थे कि साविकदेखि नै त्यहाँ पढिरहेकाहरूलाई सजिलै जितिदिन्थे। तर, कक्षा ८ मा भर्ना हुन आएकाहरूका हकमा बढी समस्या थियो।

विभिन्न विद्यालयहरूबाट आएका एउटै कक्षामा अत्यन्त फरक क्षमताका विद्यार्थीहरूलाई राखेर पढाउन असाध्य गाह्रो थियो। त्यतिखेर अधिकांश शिक्षकहरू योग्यता नपुगेका र तालिम नभएका हुने गर्दथे। तर आवश्यकता अनुसार उहाँहरू मिहिनेत गरेर जे विषय पनि पढाउने गर्नुहुन्थ्यो। शिक्षक कक्षाकोठामा उपस्थित मात्रै भए पनि आधा पढाइ हुन्छ भन्ने लाग्ने हुनाले हामी सकेसम्म कक्षा खाली राख्दैनथ्यौं।

## अङ्ग्रेजी, विज्ञान र गणितका अतिरिक्त पाठ्यपुस्तक र अतिरिक्त कक्षा सञ्चालनको अनुभव

अत्यन्त फरक क्षमताका विद्यार्थीहरू एउटै कक्षामा भएपछि कक्षा व्यवस्थापन चुनौतीपूर्ण हुने नै भयो। कमजोर विद्यार्थीलाई ध्यानमा राखेर पढाउँदा जान्ने विद्यार्थीहरूको ध्यान अन्यत्र मोडिन्छ। उनीहरू अरू साथीसँग कुरा गर्न, जिस्किन लाग्छन्। जान्नेहरूलाई ध्यानमा राखेर पाठ पढायो भने कमजोरहरूको पढाइमा सुधार नहुने। अरू विद्यालयबाट आएका विद्यार्थीको सङ्ख्या स्वाभाविक रूपमा ठूलो हुने भएकाले तल्लो कक्षादेखि हामीले जतिसुकै मिहिनेत गरे पनि र जतिसुकै प्रतिभाशाली विद्यार्थी भए पनि माथि आएपछि उनीहरू औसत भइदिने; त्यसैले आफ्नो र वरिपरिका स्कूलहरूको एकैपटक पढाइमा सुधार ल्याउने एउटा चुनौतीपूर्ण कार्यक्रम लागू गर्न हाम्रो विद्यालय तयार भयो।

२०३६ सालको शैक्षिक सत्रदेखि, हामीले पूर्व प्राथमिकदेखि कक्षा ८ सम्म अङ्ग्रेजी, विज्ञान र गणितका अतिरिक्त पाठ्यपुस्तक र अतिरिक्त कक्षा चलाउने निर्णय गर्‍यौं। पिरियडको अवधि

घटायौं, सङ्ख्या बढायौं। टिफिनको समयमा केही कटौती गऱ्यौं। बिहान चाँडै कक्षा शुरु गर्ने गऱ्यौं। काठमाडौंबाट अङ्ग्रेजी माध्यमका विज्ञान र गणितका पुस्तकहरू लग्यौं र पढाउन शुरु गऱ्यौं। कक्षा १-३ मा नि:शुल्क पुस्तकको व्यवस्था थियो र शुल्क पनि लिन पाइँदैनथ्यो। हामीले अभिभावकहरूलाई बोलाएर सम्झायौं र पुस्तकको पैसा उठाउन थाल्यौं। थप विषय पढाउन थप शिक्षक चाहिने नै भए। त्यसैले कक्षा १ देखि नै शुल्क लिन शुरु गऱ्यौं। नियम कानुनको समस्या आउन नदिन शुल्कको सट्टा अभिभावकको नाउँमा वार्षिक सहयोग भनेर रसिद काट्न थाल्यौं। अन्य विद्यालयबाट आउने विद्यार्थीका हकमा प्रवेश परीक्षा लिएर मात्र भर्ना गर्ने निर्णय गऱ्यौं। काम शुरु भयो। स्वाभाविक रूपमा केही विरोधका आवाजहरू उठे। नि:शुल्क कक्षाहरूमा पनि शुल्क लिएको, सरकारले नि:शुल्क पुस्तक दिँदादिँदै पनि किताब किनाइएको भन्ने पनि आवाज वरपर सुनिन थाल्यो। विरोध र असहमतिमा केही राजनीति पनि मिसिने नै भयो। तर हामी आफ्नो लक्ष्य र कार्यक्रममा अघि बढ्दै गयौं र उहाँहरूलाई सम्झाउन/बुझाउन र आफ्नो स्थिति प्रस्ट पार्न पनि लागिरह्यौं।

## विरोध, उजुरी र अवसर

तर विरोधको स्वर स्थानीय तह नाघेर जिल्ला शिक्षा अधिकारी र प्रमुख जिल्ला अधिकारीकहाँ पनि पुगेको रहेछ। जिल्ला शिक्षा अधिकारीमा रमेशप्रसाद गौतम (पछि पद्मोदय माविका प्रअ) र प्रमुख जिल्ला अधिकारीमा रामकृष्ण पन्त हुनुहुन्थ्यो। प्रमुख जिल्ला अधिकारी निकै कडा र आक्रामक स्वभावको हुनुहुन्थ्यो। अरू एउटा ठूलो अभियोग बनेछ राजाले घोषणा गरेको नि:शुल्क शिक्षाको व्यवस्था विरुद्ध काम गरेको। पञ्चायत व्यवस्थामा त यो ठूलै अपराध मानिन्थ्यो।

प्रजिअ र जिशिअ हाम्रो विद्यालयमा आउनुभयो। उहाँहरूले विद्यालय निरीक्षण सम्बन्धी अन्य प्रक्रिया सकिएपछि नि:शुल्क कक्षामा पनि शुल्क लिएको र नि:शुल्क पुस्तक व्यवस्था विपरित पुस्तक किनाउने अनुचित र अनियमित कार्य किन गरेको भन्ने सवाल उठाउनुभयो।

मैले केही विद्यार्थीहरूलाई बोलाएर उनीहरूको झोलाबाट थप पाठ्यपुस्तक देखाउन भनें। पुस्तक टेबुलमा राखियो। उनीहरूबाट सङ्कलित रकमबाट नियुक्त भएका शिक्षकहरूसँग परिचय गराएँ। शिक्षकको हाजिरकापी देखाइयो। सरकारी दरबन्दी खुलाएर राखिएको थियो। त्यहाँ सञ्चालक समितिका अध्यक्ष र सदस्यहरू पनि हुनुहुन्थ्यो। अभिभावकहरू पनि हुनुहुन्थ्यो। अभिभावकहरूले एकमुख लगाएर भन्नुभयो, “हामी पुस्तक किन्न, सहयोग शुल्क दिन र शिक्षक व्यहोर्न तयार छौं। स्कूलले गरेको यो व्यवस्थाका लागि हामी अनुगृहीत पनि छौं। कुनै स्कूलले म थप राम्रो गर्छु भन्न र गर्न किन नपाउने?”

अभिभावकको कुरा सुनेपछि प्रजिअ र जिशिअ मौन हुनुभयो। बिदा हुने बेलामा उहाँहरूले “बाहिर विरोध नहुने गरी कार्यक्रम चलाउनु, हामी पनि सरकारी नीतिमा बाँधिएका मान्छे तपाईं बुझिहाल्नु हुन्छ। राम्रो गर्नुभएको रहेछ शुभकामना!” भनेर जानुभयो।

यसले ठूलो फाइदा पुऱ्यायो। अब यो कुरा स्थापित भयो। प्रवेश परीक्षा र थप पाठ्यपुस्तकले अनौपचारिक मान्यता पायो। त्यसपछि क्रमश: अन्य विद्यालयहरूमा पनि यसले दबाब र प्रभाव निर्माण गर्न थाल्यो। ती विद्यालयहरूमा पनि हाम्रो विद्यालयमै पढाइ हुने थप पाठ्यपुस्तकहरू पढाउन शुरु भयो। यसले स्थानीय क्षेत्रको शैक्षिक वातावरणमा धेरै सुधार आयो। धेरै विद्यार्थीहरू लाभान्वित रहे। मलाई यो आफ्नो जीवनमा गरेका राम्रा र सन्तोषजनक लाग्ने काममध्ये लाग्दछ।

## दायित्व र व्यवस्थापन

उपर्युक्त सन्दर्भ र अनुभवको एउटा परिवेश थियो। हिजोआज शिशु विकास वा पूर्व प्राथमिक कक्षा आम विषय बनेका छन्। शुरुदेखि नै अङ्ग्रेजी विषयको पढाइ हुन्छ। समयले पनि अङ्ग्रेजी भाषामा विशिष्ट दक्षता मागिरहेको छ। त्यसैले नेपालका सरकारी विद्यालयहरूले पनि समयको माग, चुनौती र अभिभावकहरूको रुचि अनुरुप अङ्ग्रेजी माध्यमको पढाइमा अग्रसरता लिन थालेका छन्। मूल सवाल अङ्ग्रेजी भाषामा दक्षता हो। माध्यम प्रमुख कुरा नहुनुपर्ने हो। तर अङ्ग्रेजी भाषाको शिक्षण र सिकाइ प्रभावकारी हुन नसकेकैले माध्यम नै अङ्ग्रेजी हुनुपर्ने अवस्था देखिएको हो। सम्भवत: यो भार साधारण विद्यालयहरूका लागि सहज र सम्भव छैन।

अङ्ग्रेजी भाषाको शिक्षण र सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ र सक्नुपर्दछ। त्यसनिम्ति यसले केही सबल नीति र कार्यक्रमको माग गर्दछ। तिनलाई निर्माण र कार्यान्वयन गर्ने सवालमा नेपाल सरकार शिक्षा मन्त्रालयदेखि अङ्ग्रेजी भाषाका शिक्षकहरूसम्मका केही दायित्वका क्षेत्रहरू छन् जसलाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छ:

### शिक्षा मन्त्रालयले गर्नुपर्ने कार्य

१. मुलुकका सबै विद्यार्थीका लागि अङ्ग्रेजी भाषामा राम्रो दक्षता हासिल गर्ने न्यूनतम अवसर समान रूपमा उपलब्ध हुने, गराउने नीति र कार्यक्रम बनाउनु र लागू गर्नु;
२. सबै तह र कक्षाका लागि अङ्ग्रेजी भाषाको उपयुक्त स्तर, मापदण्ड, नीति कार्यक्रम र निर्देशिकाहरू तयार गरी कार्यान्वयन गराउनु;
३. साझेदार राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था र समूहहरूसँग विद्यार्थी र विद्यालयको क्षमता अभिवृद्धि गर्न सहकार्य गर्नु र त्यस्तो सहकार्यको लागि नीति र नियमहरू बनाउनु;
४. विद्यार्थीको भाषागत क्षमता अनुगमन तथा परीक्षण गर्न अन्तर्राष्ट्रियस्तरको प्रणाली विकास गरी त्यसलाई सार्वजनिक गर्नु, विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयलाई उक्त प्रणाली अनुरुप अनौपचारिक रूपमा पनि विद्यार्थीको क्षमता परीक्षण गरिरहन उत्प्रेरित गर्नु एवं सुधारका क्षेत्रहरू पहिचान गरी समग्र शैक्षिक प्रणालीको क्षमता अभिवृद्धि गर्ने संस्थागत तर स्वचालित प्रक्रिया विकास गर्नु;
५. योग्य, सक्षम, प्रतिबद्ध र उत्प्रेरित शिक्षक तयार गर्नु;
६. उपर्युक्त कार्यका लगि आवश्यक साधन र स्रोतको व्यवस्थापन गर्नु।

### शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयहरूले गर्नुपर्ने कार्य

१. सबै विद्यार्थीले अङ्ग्रेजी भाषाको राम्रो र प्रभावकारी शिक्षा प्राप्त गर्ने वातावरण निर्माण गर्नु;

२. स्थानीय तहमा पनि अङ्ग्रेजी भाषा शिक्षणका नीति र कार्यक्रमहरू बनाई लागू गर्नु;
३. अङ्ग्रेजी भाषा शिक्षणका लागि योग्य शिक्षकहरूको नियुक्ति गर्नु र उनीहरूलाई प्रभावकारी शिक्षण कार्यमा निरन्तर अभिप्रेरणा प्रदान गरिरहनु;
४. अङ्ग्रेजी भाषाका शिक्षक र प्रशिक्षकहरूलाई थप ज्ञान र सीप हासिल गर्न सहयोग गर्नु। उनीहरूलाई पेशागत विकासका अवसरहरू उपलब्ध गराउन विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरूसँग साधन, स्रोत तथा कार्यक्रममा साझेदारी तथा सहकार्य गर्नु;
५. जिल्ला र स्रोत केन्द्रस्तरमा अङ्ग्रेजी भाषाको प्रभावकारी शिक्षणका लागि जिम्मेवार व्यक्ति नियुक्त गर्नु।

## विद्यालयले गर्नुपर्ने कार्य

१. विद्यालयका सबै विद्यार्थीलाई अङ्ग्रेजी भाषाको प्रभावकारी शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्नु;
२. विद्यार्थीको उपलब्धिको स्तर अनुरुप हुने गरी समूहगत रूपमा र कक्षागत रूपमा शिक्षण-सिकाइ योजना निर्माण गराई कार्यान्वयन गराउनु;
३. सबै अभिभावकलाई बालबालिकाको सिकाइ उपलब्धिको वास्तविक स्थिति जानकारी हुने प्रगति विवरण नियमित रूपमा उपलब्ध गराउनु;
४. अङ्ग्रेजी भाषाको प्रभावकारी शिक्षण-सिकाइ कार्यक्रमका लागि थप साधन, स्रोत र साझेदारी विकास गर्नु;
५. सबै विद्यार्थी र अभिभावकमाझ भाषागत कुराका साथै विद्यमान फरक मूल्य, विश्वास, परम्परा र संस्कृतिहरूको समन्वय हुने साझा विद्यालय-संस्कृति निर्माण गर्नु;
६. अङ्ग्रेजी भाषा शिक्षकहरूको व्यक्तिगत वा सामूहिक प्रतिवेदन स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालयमा नियमित रूपमा पठाउनु;

## शिक्षकले गर्नुपर्ने कार्य

१. विद्यालयका सबै अङ्ग्रेजी भाषा शिक्षकहरूकाबीच प्रभावकारी शिक्षण कार्यक्रम सञ्चालन गर्न नियमित परामर्श र सहकार्य गर्नु, त्यस्तो परामर्श र सहकार्यको विवरण राख्नु र स्रोतकेन्द्र तथा जिल्ला स्तरका विज्ञलाई उक्त विवरण नियमित रूपमा उपलब्ध गराउनु, सुझाव परामर्श लिने दिने गर्नु;
२. प्रभावकारी शिक्षणका योजना र कार्यक्रमहरू निर्माण र सञ्चालन गर्नु, आफ्नो शिक्षण र विद्यार्थीको सिकाइको नियमित समीक्षा र अनुगमन गर्नु, त्यसको नियमित प्रतिवेदन बनाई प्रअसमक्ष पेश गर्नु;
३. दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्ध-वार्षिक र वार्षिक शिक्षण सिकाइका लक्ष्य र कार्यक्रमसहितको तालिका बनाई सो अनुरुप शिक्षण कार्य गर्नु;
४. अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयहरूबाट अपेक्षित सहयोग र समर्थनको माग गर्नु र त्यसको लागि शिक्षकहरूका विषयगत र पेशागत समूहहरूसँग पनि सहकार्य गर्नु।

लाग्दछ; उपर्युक्त अनुरुप गर्न सकिएमा हामी समयसँगै अघि बढ्न सक्छौं।

*(लेखक नेपाल शिक्षक संघ र नेपाल शिक्षक युनियनका पूर्व अध्यक्ष हुन्।)*
kpbnepal@gmail.com



**व्यक्तित्व** अनुज शर्मा न्यौपाने

प्रमोद आयाम

# प्रयोगधर्मी शिक्षक



तस्विरहरू: प्रमोद आयाम

उनी निम्नमाध्यमिक तहका शिक्षक हुन् । कक्षा ६ र ८ मा विज्ञान विषय पढाउँछन् । नयाँ पाठ शुरु गर्दा उनी सीधै किताबको परिभाषामा जाँदैनन् । विद्यार्थीलाई नयाँ पाठको सामान्य परिचय र अवधारणा सुनाउँछन् । अनि सोझै प्रयोगात्मक क्रियाकलापतर्फ विद्यार्थीको ध्यान खिच्छन् र समूहगत रूपमा पालैपालो अभ्यास गराउँछन् । क्रियाकलाप सकिएपछि त्यसको प्रभावबारे विद्यार्थीलाई नै आपसमा छलफल गराउँछन् र निचोड निकाल्न प्रेरित गर्छन् ।

उनी हुन्, तनहुँको जामुने, गुणादीस्थित महेन्द्र माविका शिक्षक अनुज शर्मा न्यौपाने । न्यौपानेको शिक्षण शैली औसतभन्दा केही फरक र अनुकरणीय लाग्छ । गएको ७ जेठमा *शिक्षक* प्रतिनिधि महेन्द्र माविमा पुग्दा अनुज सर कक्षा ८ लाई 'तरल पदार्थको चाप'को अवधारणा बुझाउन विद्यार्थीलाई प्रयोगात्मक अभ्यास गराउँदै थिए । विद्यार्थीको एउटा समूहलाई सात मिनेट समय दिइएको थियो । क्रियाकलापका लागि चाहिने सामग्री विद्यार्थीले घरैमा बनाएर ल्याएका थिए । कसैले आफैंले बनाएको 'म्यानोमिटर'(तरलको चाप नाप्ने यन्त्र)को प्रयोग गरेर देखाए भने कसैले छेउछाउमा प्वाल पारिएका प्लास्टिकका बोतल, बाँसको ढुङ्ग्रो र टिनको बट्टामा पानी हालेर तरल पदार्थको चापको परीक्षण गरे । अनि त्यसको निचोड पनि सुनाए । अनुज सर विज्ञानका सबैजसो विषयवस्तु/पाठ यसैगरी क्रियाकलाप गराएरै पढाउँछन् । उनको कक्षामा शिक्षक र विद्यार्थी पनि साथी-साथी जैं लाग्छन् ।

शिक्षक न्यौपाने प्रयोगात्मक अभ्यासका क्रममा आफू सहजकर्ता बनिदिन्छन् र सबै अभ्यास विद्यार्थीलाई नै गराउँछन् । यसो गर्नुको औचित्य स्पष्ट्याउँदै उनी भन्छन्, "यसरी अभ्यास गराउँदा विद्यार्थीहरू बढी सक्रिय हुन्छन् । उनीहरू जति धेरै सक्रिय हुन्छन् त्यति नै बढी सिक्छन् । त्यसैले म हरेक क्रियाकलापमा उनीहरूलाई नै प्रेरित गर्छु ।" यसरी सिक्ने/सिकाउने अभ्यास विद्यार्थीका लागि पनि उत्तिकै रुचिपूर्ण हुन्छ । कक्षा ८ की छात्रा सरस्वती विश्वकर्मा भन्छिन्, "किताबमा पढेका सबै कुरा बुझ्न र सम्झन सकिँदैन । तर, आफैंले प्रयोग गरेर हेर्दा छर्लङ्ग बुझिन्छ ।" न्यौपाने विद्यार्थीलाई 'नोट' लेखाउँदैनन् । उनको भनाइमा नोट लेखाउनु भनेको 'तयारी चाउचाउ' खुवाएसरह हो, जसले विद्यार्थीलाई सिर्जनशील बन्न प्रेरित गर्दैन । केही पहिले अनुजको कक्षा अवलोकन गरेका शैक्षिक तालिम केन्द्र, तनहुँका प्रशिक्षक गोविन्द पोखरेलको टिप्पणी थियो, "उहाँको कक्षामा मैले 'पढाइ' होइन, 'सिकाइ' देखेँ ।"

शिक्षक न्यौपानेले विज्ञानको प्रयोगात्मक शिक्षण सिकाइमा विद्यार्थीलाई प्रोत्साहित र सक्रिय रूपमा सहभागी तुल्याइराख्न घरघरमा प्रयोगशाला बनाउने अभियान चलाएका छन्, जसलाई 'साइन्स कर्नर' नाम दिइएको छ । विज्ञान

क्रियाकलापका लागि चाहिने शैक्षिक सामग्री विद्यार्थी आफैंले बनाउँछन् र घरैमा सङ्ग्रह गर्छन् । 'साइन्स कर्नर'को अवधारणा न्यौपानेले २०६४ सालदेखि बसाएका हुन् । उनका अनुसार, हाल २० भन्दा बढी विद्यार्थीले 'साइन्स कर्नर' राखेका छन् । सङ्गीता श्रेष्ठ (कक्षा ८) तिनै मध्येकी एक छात्रा हुन्, जसले आफ्नो घरेलु प्रयोगशालामा म्यानोमिटर, घिर्नी, पिनहोल क्यामरा, परमाणुको संरचना लगायत ४० भन्दा बढी स्वनिर्मित सामग्रीहरू सङ्कलित गरेकी छिन् । 'साइन्स कर्नर' बनाउन शिक्षक न्यौपानेले नै प्रेरित गरेको उल्लेख गर्दै सङ्गीता भन्छिन्, "शुरुमा सरले नै हामीलाई सामग्री बनाउन सिकाउनुभयो । आज आफूलाई चाहिने सामग्री आफैं बनाउन सक्ने भएका छौं ।"

'साइन्स कर्नर'का लागि घरेलु प्रयोगशालाको अवधारणाले विद्यार्थीमा विज्ञानका सामग्री बनाउने अभ्यास मात्र बढाएको छैन कि स्कूलमा सिकेका कुरालाई घरमा पनि प्रयोग गरेर हेर्ने बानी बसाएको छ । कक्षा ८ की छात्रा मेनुकाले हालसालै 'पुतलीको जीवनचक्र' पाठको प्रयोग घरैमा गरेर हेरिन् । त्यसनिम्ति उनले घरछेउको बारीबाट 'लार्भा' खोजेर ल्याइन् । त्यसलाई हरेक दिन अवलोकन गर्दै गइन् । त्यो लार्भा १३ दिनपछि पुतली बनेको आफैंले देखिन् ।

शिक्षक न्यौपाने माध्यमिक तहमा शिक्षण त गर्दैनन्, तथापि हाल कक्षा ९ र १० मा पुगेका विद्यार्थीले समेत विगतमा उनले बसालेको प्रयोगात्मक अभ्यासलाई निरन्तरता दिइनै रहेका छन् । यही अभ्यासका कारण तल्ला कक्षामा सिकेका कतिपय ज्ञान/सीप अझैसम्म ताजै रहेको विद्यार्थीको अनुभव छ । कक्षा १० का छात्र कमल थापा भन्छन्, "अनुज सरले कक्षा ६ देखि प्रयोग गरेर सिकाउनुभएका धेरै कुरा मैले अझैसम्म बिर्सिएको छैन ।" महेन्द्र माविका प्रअ विकासबाबु भट्टराई न्यौपानेको प्रयास सराहनीय ठान्छन् । "पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लिखित क्रियाकलापलाई उहाँले मनोरञ्जनात्मक तरिकाले सिकाउनुभएको छ । यो निकै सान्दर्भिक छ," उनी भन्छन् ।

## तालिमले दिएको उत्साह

२०३८/३९ सालमा पृथ्वीनारायण क्याम्पस, पोखरामा आई.एस्सीको विद्यार्थी छँदै तनहुँको श्यामघास्थित साँगे निमाविको शिक्षक बनेका न्यौपाने २०४४ सालमा काठमाडौं आएर अमृत साइन्स कलेजमा बी.एस्सीमा भर्ना भए । तर, उनको ध्यान 'पढ्न' भन्दा 'पढाउन' तिरै मोडियो । उनी काठमाडौंको तरुण माविको निम्नमाध्यमिक तहमा विज्ञान/गणित पढाउने शिक्षक बने ।

२०४८ सालमा उनी स्थायी भएपछि २०५२ सालमा घरपायक मिलाएर महेन्द्र मावि (तनहुँ) मा सरुवा भए । बी.एस्सीको पढाइ अधुरै रह्यो । २०५३ सालमा शैक्षिक तालिम केन्द्र, गोरखामा लिएको एकमहिने तालिमले उनलाई विज्ञान शिक्षणका आधारभूत सीप, प्रयोगात्मक अभ्यास र शैक्षिक सामग्री निर्माणका धेरै विधिहरूको जानकारी दियो । उक्त तालिमका प्रशिक्षक कृष्णप्रसाद पोखरेललाई शिक्षक न्यौपाने अहिले पनि प्रेरक-प्रशिक्षकका रूपमा सम्झन्छन् ।



कक्षा आठका विद्यार्थीलाई तरल पदार्थको चापबारे म्यानोमिटरबाट प्रयोगात्मक अभ्यास गराउँदै शिक्षक न्यौपाने ।

सो तालिमबाट फर्केपछि उनले आफूलाई विज्ञानका शैक्षिक सामग्री निर्माण र प्रयोगात्मक अभ्यासमा केन्द्रित गरे । विद्यार्थीलाई पनि सामग्री निर्माणमा प्रेरित गर्दै लगे । आज न्यौपानेको अगुवाईमा उनका विद्यार्थीले बनाएका सामग्रीहरूबाट महेन्द्र माविको प्रयोगशाला भरिएको छ । प्रयोगशालामा सरल यन्त्र, माटो र काठबाट बनाइएका प्राणी तथा वनस्पति कोषका नमुना, म्यानोमिटर, विद्युत् सर्किट सिस्टम, पाचन प्रणालीका नमुना जस्ता सयौंको सङ्ख्यामा विद्यार्थी निर्मित सामग्रीहरू सङ्गृहीत छन् ।

शैक्षिक सामग्री किन्न बजेट अभाव भएको कारण देखाएर कतिपय विद्यालयमा विज्ञानको प्रयोगात्मक शिक्षणलाई पन्छाउने गरिन्छ । तर, न्यौपाने चाहिँ यो तर्कलाई स्वीकार्न तयार छैनन् । उनी भन्छन्, "विज्ञानका सबै सामग्री किन्नै पर्छ भन्ने एउटा भ्रम मात्र हो । करिब ८० प्रतिशत सामग्रीहरू घर वरपर पाइने स्थानीय चिजबिजबाटै बनाउन सकिन्छ ।"

शिक्षक न्यौपानेले २०५४ सालमा गठन गराएको 'विद्यार्थी विज्ञान क्लब' अहिले पनि उत्तिकै क्रियाशील छ । क्लबले २०५६ सालयता हरेक वर्ष विज्ञान प्रदर्शनी गर्दै आएको छ । गत वर्ष तेस्रो तनहुँ महोत्सवमा आयोजित अन्तर विद्यालय विज्ञान प्रदर्शनीमा महेन्द्र माविकै 'विद्यार्थी विज्ञान क्लब' प्रथम भएको थियो । अनुज सर स्कूलमा पनि विद्यार्थीबीच बर्सेनि सामग्री निर्माणको प्रतिस्पर्धा गराउँछन् र त्यसमा उत्कृष्ट हुनेलाई पुरस्कृत गरेर हौसला प्रदान गर्छन् ।

कक्षा ६-१० को विज्ञानको कुल पूर्णाङ्कमध्ये





आफ्नो 'साइन्स कर्नर' को सामग्री देखाउँदै कक्षा ८ की छात्रा मेनुका श्रेष्ठ।

२५ प्रतिशत अङ्कभार प्रयोगात्मक परीक्षाका लागि छुट्याइएको छ। बहुसङ्ख्यक विद्यालयमा प्रयोगात्मक परीक्षा औपचारिकतामा सीमित हुने गरेको पाइन्छ। तर, शिक्षक न्यौपाने त्यसका अपवाद पात्रमध्येका एक हुन्, जो प्रयोगात्मक परीक्षा नलिइकन विद्यार्थीलाई अङ्क दिँदैनन्। यस्तो परीक्षा लिने उनका दुई किसिमका विधि छन्। एउटा सामान्य अभ्यासात्मक कार्य र अर्को परियोजना कार्य। पहिलो विधि तुरुन्तै मापन गर्ने किसिमको हुन्छ, जसमा विद्यार्थीलाई कुनै एउटा विधिको परीक्षण गर्न लगाइन्छ। दोस्रो विधि अर्थात् परियोजना कार्य अन्तर्गत विद्यार्थीले शैक्षिक सामग्रीको निर्माण र सङ्कलन गर्नुपर्छ, जुन एकदेखि दुई हप्ताको हुन्छ।

शिक्षण बाहेक कुनै अतिरिक्त धन्दा/व्यवसाय उनको छैन। विद्यालयबाट बँचेको समय पनि शिक्षण तयारीमै बिताउँछन्। प्रयोगात्मक विधिबाट विज्ञान शिक्षण गराउनुलाई उनी आफ्नो दायित्व ठान्छन्। भन्छन्, "प्रयोगात्मक अभ्यास विना विज्ञानको सार्थक शिक्षण र विद्यार्थीको मूल्याङ्कन हुनै सक्दैन। विज्ञान यस्तो विषय हो, जसमा विद्यार्थीको ज्ञान/सीप उसको जिब्रो र कलमको टुप्पोबाट मात्रै मापन गर्न सकिँदैन।"

शिक्षक न्यौपानेको परिश्रम र लगनशीलता विद्यालयमा मात्रै पनि सीमित छैन। विज्ञानको प्रयोगात्मक शिक्षण र परीक्षाको बहसलाई उनी विद्यालय बाहिरका 'फोरम'हरूमा पनि उठाइरहन्छन्। अरू शिक्षकलाई पनि प्रयोगात्मक शिक्षणप्रति समर्पित हुन रुकरुक्याउँछन्। आफ्ना छोराछोरीलाई विज्ञानका स्रोत/सामग्री जुटाएर सहयोग गरिदिन अभिभावकलाई पनि अपील गर्छन्। यही लगावकै कारण न्यौपाने तनहुँ जिल्लामै भिन्न चरित्रका शिक्षकका रूपमा चिनिन्छन्। उनलाई शिक्षा मन्त्रालयले २०६५ सालमा 'राष्ट्रिय शिक्षा पुरस्कार' दिएको थियो। ५२ हिउँद काटेका न्यौपाने अब पेन्सन अवधि पुग्नबाट केही महिना मात्रै टाढा छन्। र पनि उनमा प्रयोगात्मक शिक्षणको लगावमा कुनै कमी आएको देखिँदैन। बरु अझ बढी समर्पित देखिन्छन्।




atv
एभिन्यूज टेलिभिजन
राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल
POWER VIEWS
360
संविधानसभाका कुरा
सम्वाद
एभिन्यूज प्लाजा-११, त्रिपुरेश्वर, काठमाडौं, नेपाल।
पो. ब. नं.: २८०६, टेलिफोन: ९७७-१-४२२७२२२, फ्याक्स: ४२४८८११, टोल फ्रि: १६६००१-२२७२२
ई-मेल: atv@avenues.tv, यूआरएल: www.avenues.tv

अनुभूति

सञ्जीव श्रेष्ठ

# जापानमा छोरी पढाउँदा...

**जापानका स्कूलमा साना विद्यार्थीलाई पढाउने विधिको प्रत्यक्ष अनुभव गर्दा हाम्रा स्कूलले जापानी स्कूलबाट सिक्नुपर्ने कुरा धेरै रहेछन्।**

चार वर्षअघि मैले अध्ययनका लागि जापानको वाकिनावा आउने अवसर पाएँ। वाकिनावा पुग्दा म र मेरी श्रीमती खुसी थियौँ तर छोरीको पढाइको बारेमा निकै चिन्तित पनि थियौँ। राम्ररी बोली समेत नफुटेकी दुई वर्षकी छोरीले जापानी स्कूलमा कसरी पढ्ली भन्ने ठूलो चिन्ता थियो। तर जापानीहरूको बालबालिकालाई सिकाउने तरिकाका बारेमा बुझ्दै गएपछि भने मलाई एकदम खुसी लाग्यो।

जापानमा सरकारले सञ्चालन गरेका किन्डरगार्टेन पनि छन्। तर तिनमा सबै शिक्षक जापानी भाषी हुने भएकाले मेरी छोरीलाई जापानी भाषाको साथसाथै अङ्ग्रेजी भाषामा बोल्ने, पढ्ने मौका दिने खालको निजी विद्यालयमा राख्ने बाध्यता भयो। आफ्ना आवश्यकताका बारेमा हामीलाई त भन्न नसक्ने सानी छोरीलाई के चाहियो होला भनेर आफैँले बुझेर खाना खुवाउने, दिसापिसाब गराउने आदि गर्थ्यौं। ऊ न जापानी बुझ्थी, न त अङ्ग्रेजी नै। निजी स्कूलमा छोरीले राम्रो स्याहार पाउँछे भन्ने पनि हाम्रो लोभ थियो। तर हामीलाई पहिलो झट्का छोरीलाई काम लगाएकै देखेर पर्‍यो।

यहाँका स्कूलमा सानैदेखि नै आफैँ खाने लुगा वा जुत्ता-चप्पल खोल्न र लगाउन लगाउने जस्ता कुरा सिकाउँदा रहेछन्। आफ्नी छोरीलाई त्यसरी पेलेको देखेर हाम्रो चित्त बुझेन। आफ्नी छोरीलाई गाह्रो भएको देखेर मैले कति पटक शिक्षकसित गुनासो पनि गरेँ। तर शिक्षकहरूको जवाफ हुन्थ्यो, "बच्चालाई कुनै कुरा सिकाउनुछ भने त्यो काम गर्न उनीहरूलाई नै प्रोत्साहित गर्नुपर्छ। नानीहरूले सकेनन् भने हामी उनीहरूलाई सघाउँछौं। तर उनीहरूलाई कोशिश त गर्न दिनुपर्‍यो नि!" तर शिक्षकहरूको सिकाउने शैली र व्यवहार गतिलो भएकाले उसलाई कहिल्यै अप्ठ्यारो भएन। बिस्तारै छोरीले आफैं खाना खोज्न थाली। आफैं कपडा फुकाल्ने/लगाउने गर्न थाली। आफैं चप्पल-जुत्ता लगाउने कोशिश गर्न थाली। त्यसपछि बच्चालाई काममा नलगाउनु वा काम गर्न नदिनु उनीहरूलाई सिक्नबाट रोक्नु र आत्मनिर्भर हुन नदिनु हो भन्ने हामीले बुझ्यौं।

नानीहरूलाई सिकाउन ठूलो धैर्य चाहिँदोरहेछ भन्ने कुरा यहाँका मान्छेहरूमा मैले धेरै पाएँ। धैर्य राख्दा, एकैछिन अघिसम्म कुनै काम गर्नै नमान्ने हठ लिएर बसेको बच्चा सहजतापूर्वक काम गर्न तत्पर हुँदोरहेछ। धैर्य नै भएन भने झर्को लाग्छ, रिस उठ्छ अनि नानीहरूलाई गाली गर्ने, पिट्ने गरिन्छ र उनीहरूको काम आफैंले गर्ने गरिन्छ। यसो गर्दा नानीहरूले सिक्न सक्दैनन्; तर्सिन्छन्, डराउँछन् बरु पिट्न, गाली गर्न

**मेरी छोरी स्कूलबाट हतपत्ती फर्किन मान्दिनँ। ऊ बिहान स्कूल जाँदा खुसी हुन्छे त स्कूलबाट फर्किंदा अलि दुःखी। किनभने स्कूलमा उसले पाउने माया अनि खेल्ने रमाइलो वातावरण सबै उसको अनुकूल हुने गर्दछ।**



आफ्नो कक्षाकोठा आफैं सफा गर्दै विद्यार्थी

पो सिक्छन् ! जापानीहरू नानीहरूलाई हतपत्ती गाली गर्दैनन् । रिस देखाउँदैनन् । पिट्ने त गर्दै गर्दैनन् । जति सकिन्छ सम्झाउँछन्, सिकाउँछन् र नानीहरूलाई नै गर्न लगाएर धैर्यपूर्वक हेरेर बस्ने गर्दछन् ।

केटाकेटीहरूमा जिज्ञासा अनन्त हुन्छ। त्यसैले गर्दा उनीहरूलाई हरबखत केही न केही नयाँ प्रयोग/काम गर्न मन लाग्छ । एउटै ठाउँमा वा एउटै काममा धेरैबेर बस्ने गर्दैनन् । छिनछिनमा नयाँ-नयाँ काम गर्न/खेल्न मन पराउँछन् । तर हामी बच्चाको प्राकृतिक स्वभावलाई आत्मसात् गर्दा रहेनछौं र उसले यताको सामान उता र उताको यता गरेको देख्दा यस्तो निरर्थक काम के गरेको होला भनेर रुर्को मान्छौं । र, क्षणक्षणमा यसो नगर, उसो नगर भनेर रोक्न खोज्छौं। यो राम्रो कुरा होइन रहेछ। बच्चालाई ठूलो शारीरिक क्षति नै पुऱ्याउने खतरा भएका काम बाहेक सबै काम गर्न दिनुपर्दोरहेछ। किनकि यसो गरेर नै उनीहरूले नयाँ-नयाँ कुरा सिकिरहेका हुन्छन्। त्यति मात्र होइन, यही क्रियाकलापले नै उनीहरूको ब्रेनको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको हुँदोरहेछ। बच्चालाई केही पनि गर्न नदिनु भनेको उसको ब्रेनको विकासमा व्यवधान पुऱ्याउनु पो रहेछ !

हाम्रो समाजमा सानैदेखि नै सरसफाई जस्ता घरका काम छोराहरूको काम होइन भन्ने मानसिकताको विकास गराइन्छ। त्यसैले धेरै मानिसहरू काम गरे पनि कर लागे जसरी गर्ने गर्छन्। तर जापानमा भने छोराछोरी दुवैलाई सानैदेखि काममा लगाइन्छ र काम गर्दा लज्जा बोध होइन गर्व गर्न सिकाइन्छ।

जापानमा स्कूल बिहान ८ बजेबाट शुरु हुने हुनाले खाना नास्ता स्कूलमै खाने चलन छ। लञ्च समयमा खाना बाँड्ने काम नानीहरूले आफैंले गर्ने गर्दछन्। अनि खाना खाइसकेपछि, भाँडाहरू निश्चित ठाउँमा राख्ने, टेबुल कुर्सी मिलाउने, सरसफाइ गर्ने जस्ता काम नानीहरूले आफैं मिलेर गर्दछन् र त्यो काममा शिक्षकहरूले पनि सहयोग गर्दछन्। यस्ता काम हरेक दिन नानीहरूले मिलेर नै गर्दछन् र यति सानो उमेरका नानीहरूले मिलेर नै गर्दछन्। नेपालमा खाना खुवाउने चलन भएका स्कूलमा काम भने परिचारिका र सहयोगीले गरिदिन्छन्। आफ्नै काम अरूबाट गराउँदै जाँदा बालक आत्मनिर्भर बन्नुको साटो परनिर्भर बन्दै जान्छ। जापानका विद्यालयले परनिर्भर होइन आत्मनिर्भर विद्यार्थी उत्पादन गर्छन्।

मेरी छोरी स्कूलबाट हतपत्ती फर्किन मान्दिनँ। ऊ बिहान स्कूल जाँदा खुसी हुन्छे त स्कूलबाट फर्किंदा अलि दुःखी। किनभने स्कूलमा उसले पाउने माया, अनि खेल्ने रमाइलो वातावरण सबै उसको अनुकूल हुने गर्दछ। स्कूलमा नानीहरूले गल्ती गरे पनि, बिगारे पनि शिक्षकहरूले सम्झाउने, बुझाउने प्रयास गर्ने गर्दछन् र नानीहरूले पनि मान्दछन्। जसले गर्दा साना बालबालिकाहरूमा शिक्षकहरूप्रति डरभन्दा पनि आदर र सम्मान बढी हुन्छ।

जापानमा नानीहरूलाई जे-जति गराउने हो,



कक्षाकोठा सफा गरेपछि हात धुँदै ।

सिकाउने हो स्कूलमै सिकाइन्छ। धेरै होमवर्क दिएर साना बालबालिकाहरूलाई मानसिक बोझ दिइँदैन। हरेक दिन स्कूलमा प्रयोग हुने कापी, किताब, पेन्सिल, इरेजर आदि सबै स्कूलमै राख्ने गरिन्छ, आफूभन्दा ठूलो भारी बोक्न बाध्य बनाइँदैन।

मलाई लाग्छ, हामी नेपालीले जापानबाट यी कुराहरू सिक्न सक्छौं। अभिभावकहरूमा यसबारेमा पर्याप्त चेतना या जागरण आइसकेको छैन। त्यसैले शिक्षकले नै अभिभावकलाई यो कुरा बुझाइदिनुपर्छ। त्यसनिम्ति सबैभन्दा पहिले शिक्षकले नै स्कूलमा केटाकेटीहरूलाई उसको रुचि अनुसारका क्रियाकलाप गर्न दिनुपर्छ। तिनै क्रियाकलापमार्फत सिकाउनुपर्ने कुरा सिकाउनुपर्छ। शिक्षकले गरेको देखेर अभिभावकले पनि विस्तारै भेउ पाउँदै जान्छन्। बेलाबेलामा हुने अभिभावक भेला वा बैठकमा १०/१५ मिनेट समय लिएर शिक्षकले यी कुरा बताइदिने हो भने उनीहरूले पनि कुरा बुझ्दै जान्छन्। विस्तारै स्कूल-घर दुवैतिरको वातावरण बच्चा र सिकाइमुखी हुँदै जान्छ। अन्ततः स्कूल, घर र बच्चा सबैमा रुपान्तरण आउँछ।

प्रस्तुतिः **दीर्घराज उपाध्याय**


नेपालगञ्जबाट हरेक बिहान प्रकाशित हुने
कालपृष्ठ
राष्ट्रिय दैनिक
खोजी-खोजी पढौं !

राप्ती समाचार
सबैका विचार : सबैका समाचार
नयाँ साजसज्जा र नयाँ व्यवस्थापनमा । हरेक सोमबार दाङबाट ।
सम्पर्क

चिन्तन

विश्वम्भर

# सिकाइ उपलब्धि: नाप्न सकिने कुरा हो ?

**शिक्षा वा सिकाइको उपलब्धि मापनीय हुनैपर्छ भन्ने आग्रहले शिक्षाको विस्तृत दायरालाई एकदमै सङ्कुचित र सङ्कीर्ण बनाइदिन्छ। यो सानो चुनौती होइन। उदाहरण लिऊँ, बालबालिकामा सौन्दर्य बोधको विकास गराउने कुरा। अब तिनमा सौन्दर्य बोधको विकास भएको छ कि छैन भनेर थाहा पाउन कुन मापदण्ड प्रयोग गर्ने ?**

शिक्षाको गुणात्मकता या गुणात्मक शिक्षाको सन्दर्भमा कुरा गर्दा सिकाइ, उपलब्धि र मापनबीचको अन्तरसम्बन्धलाई कसरी बुझ्ने या लिने भन्ने सवाल सधैँ महत्त्वपूर्ण रहँदै आएको छ। शिक्षाको गुणात्मक पक्षका बारेमा जे-जति बहस र विवाद भइरहेका छन्, ती सबै यिनै तीन शब्दको आपसी सम्बन्धमा केन्द्रित पाइन्छन्।

मुख्य विषयमा प्रवेश गर्नुअघि केही अहम् सवालहरू कोट्याऊँ:- जस्तो; सिकाइको अर्थ के हो? के सिकाइ वा सिक्नु भन्ने वित्तिकै त्यसमा उपलब्धि पनि स्वत: निहित हुन्छ? सिकाइको सिलसिलामा कुनै उपलब्धि प्राप्त भएको रहेछ भने त्यसलाई मापन गर्न सकिन्छ कि सकिँदैन? र सकिन्छ भने कसरी नाप्ने?

सिकाइसँग शिक्षाको अपरिहार्य सम्बन्ध छ। शिक्षा पाइरहेको अवस्थामा कुनै व्यक्तिले अवश्य पनि केही सिकेकै होला भन्ने बुझिन्छ। कसैले पनि 'उसले शिक्षा पाइरहेको छ तर केही सिकिरहेको छैन' भन्दैन। अर्थात् शिक्षा पाउनुको अनिवार्य परिणाम केही सिक्नु/जान्नु हो भन्ने तर्कमा कसैको पनि विमति रहँदैन।

'सिकाइ' शब्दका अनेकन् व्याख्या र परिभाषा दिन सकिए तापनि त्यसको सोझो सम्बन्ध चाहिँ सिकारुसँग नै हुन्छ। उसले सिक्न चाहेको वा आर्जन गर्न चाहेको सीप वा ज्ञान पायो कि पाएन भन्ने कुरासँग सिकाइको प्रत्यक्ष सम्बन्ध रहन्छ। कुनै विद्यार्थी पढ्न, गुणन गर्न वा पौडी खेल्न सिक्दैछ भन्नुको अर्थ उसले पहिले ती काम गर्न जानेको थिएन भन्ने हुन्छ। जानेको भए त ऊ सिक्न आउने नै थिएन। (मानिसहरू पहिले नै जानिसकेको कुरा नै सिक्न आउने गरेका भए आज 'सिकाइ' शब्दको अर्थ नै बेग्लै हुनेथियो।) 'सिकाइ' शब्दसँग मानिसको ज्ञान, बुझाइ, मूल्य, मनोवृत्ति वा रुचिहरू सोझै गाँसिएका हुन्छन्। परिणामत: सिकाइको सोझो सम्बन्ध उपलब्धिसँग जोडिन पुग्छ। सिकाइका लागि गरिएको लगानी अनुरुपको उपलब्धि वा परिणाम आएन भने त्यस्तो सिकाइलाई पनि सिकाइ मानिँदैन। शिक्षकले कुनै विद्यार्थीलाई गुणन गर्ने सीप सिकाएको भए पनि विद्यार्थी गुणन गर्न जान्दैन भने त्यसलाई सिकाइ भन्न सकिँदैन। सिकाइ र उपलब्धिका बीचमा यस्तै सोझो सम्बन्ध रहेको हुन्छ।

अब; सिकाइ आफैँमा उपलब्धि पनि हो भने त्यस्तो सिकाइको मापन गर्न सकिन्छ त? अर्थात् शिक्षा लिने प्रक्रियामा जे जति सिकाइ भएको छ, त्यसलाई मापन गर्न सकिन्छ कि सकिँदैन? यो प्रश्नको सोझो जवाफ पाउन गाह्रो छ। तैपनि सिकाइको प्रक्रियामा उपलब्धि हासिल भएको भए त्यसलाई पत्ता लगाउने कुनै मापदण्ड त हुनैपर्छ, जसको सहायताबाट कति उपलब्धि भएछ भन्ने कुरा निर्धारण गर्न सम्भव होस्। अन्यथा कति उपलब्धि भयो वा केही सिकियो कि सिकिएन भन्ने जानकारी पाउन सकिँदैन। तर शिक्षाको क्षेत्रमा भ्रान्ति उत्पन्न गर्ने समस्या पनि यहीबाट शुरु हुन्छ- सिकाइको उपलब्धि मापन गर्ने समस्या, मापदण्ड पहिल्याउने समस्या। के कुनै व्यक्तिका हरेक सिकाइ, सीप वा ज्ञान मापन गर्न सम्भव हुन्छ त? के हामीसँग त्यस्ता मापदण्ड छन् त? यी वा यस्तै प्रश्नबाट शुरु हुन्छ सिकाइ उपलब्धि मापन गर्ने समस्या।

सिकाइ, उपलब्धि र मापनलाई व्यवहारको कसीमा घोटेर हेर्ने हो भने यी तीनवटै विषयमा गहिरो अन्तर सम्बन्ध र सङ्गति भेट्न सकिन्छ। सिकाइको क्रममा व्यक्तिमा आउने परिवर्तनलाई उपलब्धिका रूपमा लिन सकिन्छ। यस विधिबाट नै मानिसमा आएको व्यवहारगत परिवर्तनलाई मापन वा आकलन गर्न सकिन्छ। तर यहाँ 'उपलब्धि पत्ता लगाउन सम्भव' र 'मापन योग्य सिकाइ'का बीचमा रहेको अवधारणात्मक भिन्नतालाई मसिनो गरी बुझ्नु जरुरी हुन्छ। 'मापन योग्य सिकाइ' नाप्न र निष्कर्ष निकाल्न वस्तुनिष्ठ



मापदण्डहरू प्रयोग गरिन्छन् । यस्तो मापदण्ड प्रयोग गरेर कसैको शिक्षा वा सिकाइको प्राप्ति जसले मापन गरे पनि उही परिणाम वा निष्कर्ष निस्कन्छ ।

तर कसैको सिकाइ 'उपलब्धि' पत्ता लगाउन त्यति सहज हुँदैन । यसमा कुनै एउटा मापदण्डले काम नगर्न सक्छ । आफ्ना विद्यार्थीहरूले के जाने वा के सिके भन्ने जानकारी पाउनाका लागि शिक्षकले फरक फरक तरिका वा उपाय लगाउनुपर्ने हुनसक्छ । त्यसनिम्ति अपनाइने केही मापदण्ड ठोस र वस्तुनिष्ठ पनि हुन सक्लान् । तर सिकाइ उपलब्धिका कतिपय पक्ष थाहा पाउन शिक्षकले अड्कल, अनुमान वा अन्तरज्ञानमा भर पर्नुपर्ने पनि हुनसक्छ । अनि कतिपय अवस्थामा शिक्षकसँग विद्यार्थीको 'उपलब्धि' बताउन सक्ने कुनै स्पष्ट आधार नहुन पनि सक्छ । तर पनि एउटा शिक्षकले घुलमिल गरेको आधारमा आफ्ना विद्यार्थीहरूमा भएको समझदारी, बुझाइको क्षमता, सामाजिक व्यवहार, आनीबानी र रुचि आदिबारे केही जानकारी भने दिन सक्छन् । यस्तो जानकारीका आधारमा सिकाइको वस्तुनिष्ठ मापन गर्न सकिँदैन तर विद्यार्थीमा आएका परिवर्तनलाई 'उपलब्धि' का रूपमा गणना गर्नसम्म सकिन्छ ।

'सिकाइ उपलब्धि' र 'मापन'लाई आपसमा जोड्न खोज्दा 'आखिर शिक्षाको माध्यमबाट हामी कुनै व्यक्तिलाई के सिकाउन चाहन्छौं ?" भन्ने प्रश्नले अर्को समस्या पैदा गरिदिन्छ । यसको जवाफ फेला नपार्दासम्म शिक्षाको उपलब्धि नाप्न सकिने कुरै हुँदैन । अर्थात् यो विषय शिक्षाको उद्देश्यसँग सम्बन्धित भइदिन्छ । शिक्षाको क्षेत्रमा 'सिक्ने र सिकाउने काम सुविचारित र निश्चित उद्देश्यद्वारा अभिप्रेरित हुन्छ' भन्ने स्पष्ट दृष्टिकोण मात्रै शैक्षिक प्रक्रियाबाट हुने सिकाइ बालबालिकाको सामाजिकीकरणको प्रक्रियामा हुने सिकाइको भेद छुट्याउन सम्भव हुन्छ ।

**शिक्षाको 'उपलब्धि' मापन गर्ने सिद्धान्तले शिक्षाको सम्पूर्ण अवधारणा र प्रक्रियालाई नै मापदण्डको परिधिभित्रको कैदी बनाइदिएको छ । आज जुन विषयलाई वस्तुनिष्ठ परिणाममा मापन गर्न सकिन्छ, तिनै विषय मात्र शिक्षाका प्रमुख विषय रहन गएका छन् । परिणामतः मानवीयता र व्यक्तित्व विकासका लागि अत्यन्त आवश्यक पर्ने गहन विषयहरू शिक्षाको घेरा बाहिर मिल्किन पुगेका छन् ।**

शिक्षाको उद्देश्य विद्यार्थीहरूलाई जोड-घटाउ गर्ने, पढ्न र लेख्न सक्ने वा केही प्रयोगात्मक काम गर्न जान्ने मात्र बनाउने राखिएको भए उपलब्धि नाप्न मापदण्ड समस्या बन्दैन । तर शिक्षाको उद्देश्य, विद्यार्थीहरूलाई समालोचनात्मक चिन्तन गर्न सिकाउने, सौन्दर्यबोध गराउने, तिनका मस्तिष्कमा कल्पनाशीलता र संवेदनशीलताको विकास गराउने रहेको छ भने त्यहाँ ठोस मापनविधि वा मापदण्ड काम लाग्दैन । यसबारेमा भारतीय शिक्षाविद् रोहित धनकरले लेखेका छन्, "स्कुलमा सिक्नु भनेको किताबी विषयवस्तुका ज्ञान सिक्नु मात्र होइन । विश्वलाई, छिमेकलाई र आफैँलाई समेत हेर्न वा जाँच्न सक्ने दृष्टिकोण वा सीपको विकास गर्नु पनि हो । एउटा मानिसले सिकाइकै सिलसिलामा 'कसरी' सिक्न सकिन्छ, सिकाइलाई कसरी व्यवस्थित गर्न सकिन्छ र सिकेका कुराहरूलाई कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरा पनि सिक्न सक्दछ । " यस्तो मान्यतालाई शिक्षाको उद्देश्य बनाइएको अवस्थामा शिक्षाको-मापन विधि अवश्य पनि जटिल हुन पुग्छ । त्यसबेला सिकाइ मापन गर्ने कुनै सीमा नै देखिँदैन, भेटिँदैन ।

# चिन्तन

**विश्व श्रमबजारले श्रमिकको क्षमता मापनको लागि अनेकन् सिद्धान्त र मापदण्ड बनाएको छ। हाम्रो शिक्षाको उद्देश्य त्यही सिद्धान्तमा आधारित भएकाले सिपालु व्यवस्थापक, सीपयुक्त र अनुशासित श्रमिकहरू उत्पादन गर्दैछौं। यहाँ उत्पादन गरिएका श्रमिकहरू विश्वभर व्याप्त छन्। तर यता आफ्नै देश र समाजको लागि काम गर्ने असल नागरिकहरू तयार पार्ने कारखानामा चाहि खिया परिसकेको छ।**

अब प्रश्न उठ्छ; यदि शिक्षा र सिकाइका बीच अपरिहार्य सम्बन्ध रहेको छ भने विद्यार्थीले केही सिकेको वा जानेको छ भनेर कसरी पत्ता लगाउने त? जहाँसम्म बालबालिकाले कति सिके भनेर पत्ता लगाउने सवाल छ, त्यसनिम्ति सर्वप्रथम सिकाइका त्यस्ता मापनयोग्य क्षेत्रहरू पहिल्याउनुपर्छ जसलाई सजिलै नाप्न सकियोस्। उदाहरणको लागि, विद्यार्थीले कुनै पाठ पढेर त्यसको सार बुझ्यो कि बुझेन भन्ने कुरा सहजै मापन गर्न सकिन्छ। त्यसनिम्ति वस्तुनिष्ठ प्रकारका प्रश्न सोध्न वा उद्देश्यमूलक अभ्यासको विधि पनि लागू गर्न सकिन्छ।

तर, 'शिक्षा'को सम्पूर्ण अवधारणालाई 'मापनीय मापदण्ड' भित्र सीमित गर्दा समस्या पैदा हुन्छ। शिक्षा वा सिकाइको उपलब्धि मापनीय हुनैपर्छ भन्ने आग्रहले शिक्षाको विस्तृत दायरालाई एकदमै सङ्कुचित र सङ्कीर्ण बनाइदिन्छ। यो सानो चुनौती होइन। उदाहरण लिऊँ, बालबालिकामा सौन्दर्य बोधको विकास गराउने कुरा। अब तिनमा सौन्दर्य बोधको विकास भएको छ कि छैन भनेर थाहा पाउन कुन मापदण्ड प्रयोग गर्ने? आलोचनात्मक वा रचनात्मक चिन्तनको विकास कुन स्तरमा भइरहेको छ भन्ने थाहा पाउन कुन मापदण्ड लगाउने?

अरु चर्को सवाल पैदा हुन्छ- बालबालिकामा मानवीयताको विकास कसरी गर्ने? तिनले कसरी मानवीयता सिक्छन् वा विकास गर्छन्? आज मानवीयतालाई ज्यादै सङ्कुचित अर्थमा बुझ्ने/बुझाउने गरिएको पनि पाइन्छ। तर साँचो अर्थमा मानवीयता सिक्न वा सिकाउन सरल छैन। व्यक्तिमा मानवीयताको विकास वा मानवता बोध सरलरेखा ताने जस्तो सीधा तरिकाबाट हुने गर्दैन। सिकाइमा प्रसस्त उतारचढाव हुन्छ र प्रत्येक पछिल्लो सिकाइ पहिलेको भन्दा उन्नत या भिन्न हुन्छ। हरेक पटक बुझाइको अलग तरिका र स्तरको विकास नगरी मानवीयता बुझ्न सकिँदैन। यस्तो गुण वा व्यवहार बालबालिकामा कसरी विकास गर्ने? यही हो शिक्षाको चुनौती। केहीले साहित्यको माध्यमबाट पनि मानवीयतालाई बुझाउन सक्छन्। कथा, कविता वा उपन्यासमा तात्कालिक समयको प्रतिनिधित्व गर्ने खालका भावनात्मक अर्थहरू समेट्ने शब्द, व्याख्या वा वर्णन गरिएका हुन्छन्। समयको अन्तरालमा ती सबैमा अर्थान्तर भइसकेको हुन्छ, जसले बुझाइमा फरक पार्दछ। यसकारण मानिसको सिक्ने वा बुझ्ने चाहना वा क्षमताका अगाडि कुनै पनि तरिकाका मापनयन्त्रहरूको तगारो तेर्स्याउनु न्यायोचित हुँदैन।

शिक्षाको 'उपलब्धि' मापन गर्ने सिद्धान्तले अर्को समस्या पनि ल्याएको छ। 'उपलब्धि' मापनको मान्यताले शिक्षाको सम्पूर्ण अवधारणा र प्रक्रियालाई नै मापदण्डको परिधिभित्रको कैदी बनाइदिएको छ। आज जुन विषयलाई वस्तुनिष्ठ परिणाममा मापन गर्न सकिन्छ, तिनै विषय मात्र शिक्षाका प्रमुख विषय रहन गएका छन्। परिणामत: मानवीयता र व्यक्तित्व विकासका लागि अत्यन्त आवश्यक पर्ने गहन विषयहरू शिक्षाको घेरा बाहिर मिल्किन पुगेका छन्। यसनिम्ति धेरै टाढाको उदाहरण लिनै पर्दैन। हाम्रो शिक्षा व्यवस्थाले सिर्जनात्मक कलाको विकास गर्ने, हातको सीप बढाउने, उद्यमशील बनाउने, श्रमप्रति सम्मान जनाउने, साहित्य सिर्जना गर्ने तथा रचनात्मक कामप्रति विद्यार्थी-नागरिकको झुकाव र जागरुकता अभिवृद्धि गर्ने दायित्वलाई पूर्णत: उपेक्षा गरेको छ। यी विषय शिक्षाको घेरा बाहिर परेका छन्। अर्कोतिर परीक्षाको व्यवस्था पनि विद्यार्थीको स्मरणशक्ति मात्र नाप्ने प्रकृतिको छ, जसमा विद्यार्थीले आफ्नो बुझाइ र क्षमता होइन; किताबी ज्ञान प्रदर्शन गर्नुपर्दछ। विद्यार्थीलाई परीक्षामा रचनात्मक भएर उत्तर लेख्ने खालका प्रश्न सोधिँदै सोधिँदैन।

यहीँनेर एउटा प्रश्न उठ्छ- यदि शिक्षाको उपलब्धि मापन गर्ने काम यति ठूलो समस्या बनेको छ भने शिक्षा व्यवस्थामा यसले (मापन विधि) नै किन प्रमुखता पाइरहेको छ त? यसको जवाफ सरल छ, हाम्रा शिक्षाविद् र समाजशास्त्रीहरू शिक्षाको उपलब्धिलाई रोजगार बजारको मापदण्ड लगाएर मापन वा मूल्याङ्कन गर्ने गर्छन्। उनीहरू त्यो बजारलाई चाहिने जनशक्ति उपलब्ध भएको अवस्थामा शिक्षा उपलब्धिमूलक भएको मान्यता राख्छन्। अर्थात् शिक्षाको मूल्याङ्कन शैक्षिक क्षेत्रले होइन, रोजगारीको क्षेत्रले गरिरहेको छ। यस किसिमको शिक्षाले रोजगारीको अन्तर्राष्ट्रिय बजारमा श्रमशक्तिको अभाव नहोस् भन्ने कुरालाई मात्र महत्त्व दिन्छ।

विश्व श्रमबजारले श्रमिकको क्षमता मापनको लागि अनेकन् सिद्धान्त र मापदण्ड बनाएको छ। हाम्रो शिक्षाको उद्देश्य त्यही सिद्धान्तमा आधारित भएकाले सिपालु व्यवस्थापक, सीपयुक्त र अनुशासित श्रमिकहरू उत्पादन गर्दैछौं। यहाँ उत्पादन गरिएका श्रमिकहरू विश्वभर व्याप्त छन्। तर यता आफ्नै देश र आफ्नै समाजको लागि काम गर्ने असल नागरिकहरू तयार पार्ने कारखानामा चाहि खिया परिसकेको छ। आज हाम्रो शिक्षाको सबैभन्दा ठूलो समस्या शायद यही नै होला।

(विश्वम्भरद्वारा सम्पादित हिन्दी मासिक *शिक्षा विमर्श* को नोभेम्बर-डिसेम्बर, २०१० को सम्पादकीय।)

**अनुवाद: हस्त गुरुङ**

# दिगो विकासको मर्म

डा. तीर्थबहादुर श्रेष्ठ






**युनेस्को लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ–संस्थाले दिगो विकाससम्बन्धी शिक्षाका कार्यक्रमको निर्माण र तिनको कार्यान्वयनमा शिक्षक वर्गलाई केन्द्रस्थलमा राखिनुपर्ने मान्यता अघि सारेका छन्। अर्थात् 'प्राथमिकताहरूको प्राथमिकता शिक्षकहरूको शिक्षा हो' भन्ने दृष्टिलाई विश्वले नै स्वीकार्न थालेको छ।**

मानिस बुद्ध हुन्। अरू प्राणीको भन्दा मानिसको मस्तिष्कमा गिदीको मात्रा अधिक हुन्छ। बुद्धि धेरै हुन्छ। त्यही बुद्धि खेलाएर मानिस आफूभन्दा ठूलो जीव हात्तीमाथि चढेर सयर गर्छ। ह्वेलको सिकार गर्छ। बाघ-भालुलाई खोरमा थुन्छ। गोमन सर्पलाई नचाउँछ। त्यसको विष दोहन गरेर औषधि बनाउँछ। आफैं पनि चरा जस्तै आकाशमा उड्छ। माछा जस्तै गहिरो समुद्रमा पौडी खेल्छ। हुँदाहुँदा चन्द्रमाको धरातलमा पाइला टेकेर पनि आइसक्यो। यो सबै बुद्धिकै खेल हो। त्यही बुद्धिलाई ज्योतिर्मय बनाउन सफल सिद्धार्थ गौतमलाई हामी बुद्ध भन्दछौं। बुद्ध मान्दछौं। मानिसको त्यही बुद्धि विकासमा शिक्षाको भूमिका उजागर हुन्छ।

आजको विश्वमा दिगो विकास तथा शान्ति र स्थायित्वका विषयमा चर्चा गर्दा शिक्षाको भूमिकालाई बिर्सन मिल्दैन। बरु शिक्षालाई अपरिहार्य साधनको रूपमा स्वीकार्नुपर्ने हुन्छ। सन् १९९२ को पृथ्वी शिखर सम्मेलन (अर्थ समिट) ले एक्काइसौं शताब्दीका लागि तय गरेको मार्गचित्र (एजेण्डा-२१) ले स्पष्टै भनेको "सबै उमेर समूहका व्यक्तिलाई वातावरण र विकास विषयको शिक्षा सुलभ गर्नुपर्छ।" त्यो दस्तावेजले स्कूले बालबालिकाहरूलाई स्थानीय एवं क्षेत्रीय अध्ययनहरूमा सहभागी गराउन विशेष आह्वान पनि गरेको छ। त्यस आह्वानमा विशेष गरेर स्वास्थ्यसँग सम्बन्धित वातावरणीय कुराहरू, जस्तै सफा एवं सुरक्षित पिउने पानी, वरपरको सरसफाई, शुद्ध एवं उपयोगी भोजन र खानपिनका विषयमा छात्रछात्रालाई बढी सजग बनाउने कुरालाई जोड दिइएको छ। त्यसका अतिरिक्त प्राकृतिक सम्पदाको उपभोग वा उपयोग गर्दा वातावरणसँगै आर्थिक, सामाजिक क्षेत्रमा पर्ने असरप्रति सजग हुनुपर्ने कुरा औंल्याएको छ।

अबको विकासलाई 'दिगो विकास'को दिशामा डोऱ्याएर

भोलिको भविष्यलाई सुरक्षित राख्नका लागि शिक्षा क्षेत्रलाई परिचालन गर्नुपर्छ भन्ने विश्व मान्यता स्थापित हुँदै गइरहेको छ। यस परिप्रेक्ष्यमा युनेस्को (UNESCO) लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाले दिगो विकाससम्बन्धी शिक्षाका कार्यक्रमको निर्माण र तिनको कार्यान्वयनमा शिक्षक वर्गलाई केन्द्रस्थलमा राखिनुपर्ने मान्यता अघि सारेका छन्। अर्थात् 'प्राथमिकताहरूको प्राथमिकता शिक्षकहरूको शिक्षा हो' भन्ने दृष्टिलाई विश्वले नै आत्मसात् गर्न थालेको छ। शिक्षकहरूको काँधमा दिगो विकाससम्बन्धी शिक्षाको बोझ थप्नुभन्दा पहिले शिक्षकहरूको बल र मनोबललाई सबल गर्नुपर्ने खाँचोलाई पनि उत्तिकै महत्त्व दिइएको छ। यही परिप्रेक्ष्यमा 'दिगो विकासका लागि शिक्षा' भन्नाले के बुझ्ने भन्ने कुराहरू प्रस्ट्याउन पनि आवश्यक हुन्छ।

दिगो विकासका लागि परिकल्पना गरिएको शिक्षाले वातावरण शिक्षालाई आधार मानेर त्यसलाई आर्थिक एवं सामाजिक क्षेत्रसँग समायोजन गर्नुपर्नेमा जोड दिन्छ। यो स्वयंमा वातावरण शिक्षा मात्र भने होइन। यसलाई स्पष्ट पार्न अङ्ग्रेजी वर्ण 'इ (E)' बाट शुरु हुने तीन शब्दहरू १. इन्भाइरोनमेन्ट (Environment) अर्थात् वातावरण, २. इकोनोमी (Economy) अर्थात् अर्थ व्यवस्था र ३. इक्विटी (Equity) अर्थात् समानतालाई आधार बनाएर तीन 'इ' (3E) को सिद्धान्त अगाडि सारिएको छ। यी तीन 'इ' आपसमा कसरी एक-अर्कामा आवद्ध रहन्छन् र तिनको आपसी समायोजन कसरी हुन्छ भन्ने पक्षमा 'दिगो विकास शिक्षा' (Sustainable Development Education) केन्द्रित रहन्छ। वातावरण, आर्थिक व्यवस्था र सामाजिक समानतालाई पृथक् दृष्टिले होइन समष्टिगत रूपमा बुझ्नु र बुझाउनुपर्ने यो शिक्षाको मर्म हो। पठनपाठनको सिलसिलामा ज्ञान र सीप मात्र होइन सामाजिक मूल्य र मान्यतालाई पनि उचित स्थान दिनुपर्ने हुन्छ। स्थानीय, क्षेत्रीय वा विश्वव्यापी- जुनसुकै स्तरमा विचार गर्दा पनि उपर्युक्त तीन 'इ' को सिद्धान्तलाई बिर्सन वा छोड्न मिल्दैन।

**सबै जाति, सबै धर्म, सबै वर्ग वा लिङ्गका मानिसलाई समान अवसर र समान पहुँचको व्यवस्था मिलाउने नेपालको सरकारी प्रतिबद्धताहरूलाई जनस्तरमा साकार तुल्याउन निश्छल व्यवहार, निश्चल कार्यक्रम र निस्वार्थ कार्यान्वयनको भने ठूलै खाँचो छ। यसप्रति जागरुक समाज खडा गर्न दिगो विकासका लागि प्रतिपादन गरिने शिक्षाले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।**

दिगो विकासको मूल सिद्धान्तलाई विद्यार्थी सामु पस्कँदा; 'प्राकृतिक सम्पदा खपत गर्दा प्रकृतिले दिन सक्नेभन्दा बढी खपत गर्नु वा दोहन गर्नुहुँदैन' भन्ने कुरामा जोड दिइनुपर्छ। एउटा कुखुरीले जति अण्डा दिन सक्छ त्योभन्दा बढी लोभ गरेर कुखुरीकै पेट चिर्नपट्टि लाग्नुहुँदैन। बरु कुखुरीलाई आवश्यक खुराक र सुविधा निरन्तर उपलब्ध गराउनुपर्दछ। यस्तै कथा र व्यथा दिगो विकासको अवधारणामा पनि लागू हुन्छ।

आजभोलिको प्रचलित कथन 'Think globally, act locally' अनुरुप सोच्दा विश्वलाई ध्यानमा राख्ने र गर्दा आफ्नै परिवेशलाई मध्यनजरमा राख्ने बानी बसाल्नुपर्दछ।

शिक्षाको लक्ष्य सक्षम समाज निर्माण गर्नु हो। समय र परिस्थितिलाई काबुमा राखेर अगाडि बढ्न सक्ने जमात खडा गर्नु शिक्षाको कर्तव्य हो। नेपालले सन् १९३४ तिर भित्र्याएको अङ्ग्रेजी ढाँचाको शिक्षा आजसम्म पनि कायम छ। भारतमा अङ्ग्रेजको सेवक बनाउन लागू गरिएको शिक्षाले नेपालमा पनि त्योभन्दा खासै भिन्न प्रतिफल दिएको छैन। आफ्नो परिवार, आफ्नो परिवेश, आफ्नो समाज, आफ्नो देश र विश्वलाई सेवा गर्ने जनशक्ति उत्पादन गर्न हाम्रो शिक्षा प्रणाली सफल हुनसकेको छैन। हाम्रा परीक्षा प्रणालीले कतिपय विद्यार्थीलाई 'फेल भयो' भन्ने मनोदशाको सिकार बनाइदिएर भविष्यको उज्यालोतिर जाने ढोका नै बन्द गरिदिने गरेको छ। यस्तो मनोदशा दिगो विकासका लागि दिइने शिक्षाका निम्ति पनि बाधक बन्न जान्छ। मुस्ताङ र डोल्पाका विद्यार्थी नेपालको राष्ट्रिय फूल गुराँस भन्न नसकेर फेल हुन्छन्। दाङका विद्यार्थी राष्ट्रिय चरा डाँफेको चित्र कोर्न नसकेर फेल हुन्छन्। यो राष्ट्रकै क्षति हो र दिगो विकासको निम्ति घातक पनि। तसर्थ दिगो विकासका लागि दिइने शिक्षामा स्थानीय परिवेशलाई पहिलो 'इ' (Environment) भित्र मनन गर्नु/गराउनु पर्दछ। दोस्रो 'इ' (Economy) मार्फत आर्थिक विकासलाई जोड दिने गरिन्छ। हाम्रो जल, जमिन, जङ्गल, जडिबुटी र जनशक्ति आदि सबैको आर्थिक पक्षलाई उजागर गर्न सक्नुपर्छ।

उपयुक्त भौतिक विकासका पूर्वाधार सञ्चालन गरेर स्थानीय, क्षेत्रीय, राष्ट्रिय विकासलाई परिपोषण गर्ने खालको शिक्षाको परिकल्पना गरिनुपर्दछ। स्थानीय स्रोत र साधनसम्बन्धी कुरालाई विद्यालयहरूले आफ्नो पाठ्यक्रमभित्र पार्न सक्नुपर्छ। स्थानीय पाठ्यक्रम निर्माण गराउने दिशामा नेपाल सरकारले चालेको कदम सराहनीय छ। उचित शिक्षा प्राप्त भएमा लेकमा यार्सागुम्बा सङ्कलन गर्ने केटाकेटी हिउँ पहिरोमा पर्दैनन्। आफ्नै कमाइले आफ्नो वर्षभरिको परिवार खर्च पनि टार्दछ। यसैगरी खेती किसानी र भू-उपयोगमा विशेष ज्ञान दिलाउन सक्यौं र त्यसबाट आय आर्जनमा उन्नति ल्याउने बाटो देखाउन सकियो भने विद्यालय शिक्षा युवा पलायनको कारण बन्दैन। राष्ट्र पलायनको कारण पनि बन्दैन।

तेस्रो 'इ' Equity अर्थात् समानताको सिद्धान्त हेर्दा संवेदनशील देखिन्छ तर वास्तवमा वर्तमान नेपालले परिकल्पना गरेको मूल लक्ष्य नै यही हो। सबै जाति, सबै धर्म, सबै वर्ग वा लिङ्गका मानिसलाई समान अवसर र समान पहुँचको व्यवस्था मिलाउने नेपालको सरकारी प्रतिबद्धता २०६० सालमा 'नेपालका लागि दिगो विकासको एजेण्डा' नामक राष्ट्रिय योजना आयोग र जनसङ्ख्या तथा वातावरण मन्त्रालयको प्रकाशनमार्फत सार्वजनिक पनि भएको छ। यसमा नेपाल गरिबी न्यूनीकरण रणनीति पत्र, सहस्राब्दी विकास लक्ष्यहरू तथा विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले व्यक्त गरेका प्रतिबद्धताहरू प्रतिबिम्बित गरिएको छ। यस्ता प्रतिबद्धताहरूलाई जनस्तरमा साकार तुल्याउन निश्छल व्यवहार, निश्चल कार्यक्रम र निस्वार्थ कार्यान्वयनको भने ठूलै खाँचो छ। यसप्रति जागरुक समाज खडा गर्न दिगो विकासका लागि प्रतिपादन गरिने शिक्षाले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

*(समाप्त)*

जीवन खड्का


# बालकको बौद्धिक विकास र गणित शिक्षण



**यान्त्रिक सिकाइ अर्थात् सूत्र रटाइ गरेका विद्यार्थीहरू नयाँ समस्या आइपर्ने वित्तिकै अलमलिन्छन्; सोचेर, खोजेर समाधान पहिल्याउन असफल हुन्छन् । अनि; 'गणित गाह्रो' भन्न थाल्छन् । यसैले सानो कक्षादेखि नै खोज विधिमा जोड दिनु आवश्यक छ ।**

नेपालका प्राय: विद्यालयहरूमा माथिल्लो कक्षा (खासगरी कक्षा ९ र १०) का केही विद्यार्थी हरेक वर्ष औसत तहभन्दा निकै कमजोर पाइने गर्दछन् । यसका पछाडि धेरै कारण हुनसक्छन् । जस्तै: अभिभावकको दबाब, विद्यार्थी सङ्ख्या, परीक्षा र मूल्याङ्कन प्रक्रियामा रहने कमजोरी आदिका कारण कक्षा चढाउँदै लैजाने गरेको पाइन्छ । यस्तै अवस्थाको अङ्ग्रेजी माध्यम अपनाएको एक विद्यालयबाट मैले विद्यार्थीको गणित सिकाइ सम्बन्धी समस्या पहिचान गर्न कक्षा ८ मा अध्ययनरत पाँच जना विद्यार्थी लिएँ । उनीहरुले गणितका पूर्व परीक्षाहरूमा न्यूनतम अङ्क प्राप्त गरेका थिए । मैले उनीहरूका कमजोरी पत्ता लगाउन उपचारात्मक अर्थात् अतिरिक्त कक्षा (Remedial Class) सञ्चालन गरेँ । यो कक्षामा विद्यार्थीले नियमित रूपमा पालना गर्नुपर्ने (जस्तै: अङ्ग्रेजी बोल्नै पर्ने, तोकिएको ठाउँमा बस्नै पर्ने, स्कूल ड्रेसमा हुनुपर्ने आदि) नियम पालना गर्नु जरुरी थिएन । उनीहरू भाषा, पोशाक आदि छान्न र शिक्षकसँग अन्तरक्रिया गर्न स्वतन्त्र थिए । अतिरिक्त कक्षाको शुरुमा विद्यार्थीलाई निम्न पाँचवटा प्रश्न हल गर्न दिइएको थियो:

i. The number of boys in a class IX is 60 which is 30% of the total number of students of the class. Find the total number of students.
ii. Find the total surface area of a cuboid whose length, breadth and height are 10 cm, 8 cm and 6 cm respectively.
iii. Factorize: $(x+y)^2$
iv. Solve: $x + 6 = 11$
v. Find the value of x in the adjoining figure in which $\angle A = 70^0$ and angle $\angle B = 50^0$.




माथिका प्रश्नहरू सामान्यतया तल्ला कक्षाहरूमा नै समाधान गरिसकिएको हुनुपर्छ । यस्ता प्रश्न समाधान गर्न सक्ने ज्ञान, सीप र प्रयोगलाई कक्षा ९ र १० का लागि पूर्वाधारको रूपमा लिइन्छ । विद्यार्थीहरूबाट उक्त प्रश्नहरूको समाधान गर्ने क्रममा निम्न परिणाम देखिए:

क) सबैले प्रश्नहरू समाधान गर्ने क्रममा केही न केही कमजोरी गरेको पाइयो । जस्तै:
   अ) 60 को 30% = 18 (गलत नतिजा) ।
   आ) $(x+y)^2 = x^2 + 2xy + y^2$ (गलत नतिजा) ।
   इ) $x+6=11$ मा 6 लाई हटाउने क्रममा विपरित क्रिया अपनाउन नसकेको
   ई) "The sum of angles of a triangle is two right angles' or A straight angle is of $180^0$ or An exterior angle of a triangle is equal to the sum of two non-adjacent interior angles of the triangle." जस्ता त्रिभुजका कोणहरूको सम्बन्ध (Relation of angles of a triangle) सम्बन्धी ज्ञानको अभाव ।
   उ) Solid को Total Surface Area/Volume सम्बन्धमा अस्पष्टता आदि ।

ख) आत्मविश्वासको अभाव, आफूले जानेको ज्ञान र सीपलाई प्रयोग गर्न हिचकिचाहट देखाउने वा डराउने (Fear of Mathematics) ।

ग) आफूलाई शिक्षक र साथीहरूका सामु जान्ने देखाउन अरूको नक्कल गरेर देखाउने ।

घ) केही विद्यार्थीहरूमा सिकाइमा अल्छीपना र न्यून उत्प्रेरणा (Motivation) रहेको ।

ङ) अर्थपूर्ण सिकाइ (Meaningful Learning) को सट्टा यान्त्रिक सिकाइ (Mechanical Learning) को प्रभाव ।

यी कमजोरी हुनुमा जिम्मेवार को त ? विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन वा अभिभावक ? कक्षा ९ र १० मा पढाउने गणित शिक्षक मात्र यसका निम्ति जिम्मेवार हुनसक्दैन । किनकि माथिका समस्या विद्यार्थीहरूले आधारभूत तहमा नै सिकेको हुनुपर्थ्यो ।

# कक्षाकोठा गणित

प्रश्न नं. १ को समाधान गर्ने क्रममा Base, Percentage र Percent बारे विद्यार्थीहरूमा ज्ञान नहुँदा 60 को 30% ले उत्तर 18 आउनु स्वाभाविक नै थियो। कुनै सिङ्गो वस्तुलाई आधार (Base), त्यसको केही अंशलाई प्रतिशत भार (Percentage) र सिङ्गो वस्तुलाई 100 भागको बराबर गर्दा प्रतिशत भारमा कति भाग पर्न जान्छ त्यो प्रतिशत (Percent) हो भनी विभिन्न उदाहरण प्रस्तुत गरी सिकाइएको खण्डमा यस्तो गल्ती हुने सम्भावना कम रहन्छ। प्रश्न हेर्दा Total No. of students लाई Base, No. of boys (= 60) लाई percentage र 70% (= 100 – 30) Boys ले ओगटेको प्रतिशतको रूपमा राखेर Percent of Base = Percentage अर्थात्, 70 % of $x$ ( total no. of students) = 60 गरेको भए $x$ को मान अर्थात् जम्मा विद्यार्थी सङ्ख्या निकाल्न सकिन्थ्यो।

प्रश्न नं. २ मा वस्तुको पूरा सतहको क्षेत्रफल (Total surface area) भनेको त्यस वस्तुको सम्पूर्ण सतह ढाक्न चाहिने कागजको सतहको क्षेत्रफल हो भन्ने धारणा नहुँदा उनीहरू सतहको क्षेत्रफल र आयतन जस्ता कुराहरूमा अलमलिए। यो समस्यालाई घनाकार वस्तु देखाई उनीहरूलाई नै अनुभव गर्न दिई आयामका सङ्ख्या, उस्तै (Congruent) आयामको सङ्ख्या र ती सबै आयामहरूको क्षेत्रफल निकालेर जोड देखाई यो नै पूरा सतहको क्षेत्रफल हो भनी शिक्षण गरिएको भए विद्यार्थीहरूमा यस्तो त्रुटि देखा पर्ने थिएन। अझ छोटो तरिकाबाट

T.S. क्षेत्रफल =2(lb+bh+lh) सूत्र प्रयोग गर्न लगाई सिकाइएको भए सिकाइमा विस्मरण आउने थिएन।

प्रश्न नं. ३ को सन्दर्भमा; सामान्यतया विद्यार्थीहरू formula को pattern मा कुनै expression देख्नासाथ त्यसको विस्तारित रुप सम्झन्छन्। जस्तैः $(a+b)^2 = a^2 +2ab+b^2$ or, $(a-b)^2 = a^2 -2ab+b^2$ तर factorise गर्नु भनेको कुनै expression लाई गुणनहरू ('$x$' चिन्हले जोडिएका) मा विभाजन गर्नु हो न कि विस्तारित रूपमा। यस्तो अवस्थामा अङ्क गणितीय उदाहरण जस्तैः 4 = 2 x 2 मा 2 and 2 factors हुन तर 4 = 2 + 2 मा 2 and 2 जोड सङ्ख्याहरू हुन्; factors होइनन् आदि उदाहरणहरू प्रस्तुत गरेर $(x+y)^2 = (x+y)(x+y)$ मा $(x+y)$ र $(x+y)$ factors हुन भनेर सिक्न सजिलो हुने थियो र $(x+y)^2 = x^2+2xy+y^2$ गरेर विस्तारित रूपमा लेख्ने थिएनन्।

प्रश्न नं. ४ मा समाधान गर्ने क्रममा $x+6=11$ or, $x=11-6$ र कसैले $x=11+6$ गरेको पाइयो। दुवै समूहलाई सोध्दा किन -6 or +6 गरियो भन्ने ज्ञान थिएन। यसको कारण उनीहरूलाई साधारण एक चलयुक्त प्रथम डिग्रीको समीकरण सिकाउँदा कमजोरी थियो।


यसलाई तराजुको प्रयोग गरी सिकाएको भए बढी अर्थपूर्ण हुन्थ्यो।

$x+6=11$
$x+6-6=11-6$
$\therefore x=5$

(बराबर परिमाणमा बराबर परिमाण घटाउँदा आउने परिमाण पनि बराबर हुन्छ।)

छोटो रुपमा लेख्दा +6 को विपरित मान -6 हो, यसले गर्दा +6 लाई हटाएर $x$ को value पत्ता लगाउन सकिन्छ र $x=5$ ले नै समीकरण मान्य हुन्छ। जस्तैः → $x+6=11$, $x=11-6$, $\therefore x=5$ → $x+6=11$, $5+6=11$, $\therefore 5=5$

प्रश्न नं. ५ मा एउटा त्रिभुजका कोणहरूको जोड र एउटा सीधारेखामा बन्ने कोणको मान बराबर हुन्छ भन्ने ज्ञान विभिन्न तरिकाबाट दिन सकिन्छ। जस्तैः प्रयोगात्मक परीक्षण, पेपर Folding Method आदि। त्यसमध्ये Paper Folding बाट यसलाई मनोरञ्जनात्मक तरिकाबाट सिकाउन सकिन्छ। जस्तैः तलका चित्र हेरौं:




पहिलो चित्रमा देखाएको त्रिभुजका कोणहरू A, B र C लाई चित्र (ii) देखाएर जस्तै गरी Fold गर्दा एउटै सिधा रेखा B'C' मा पर्दछन्। सीधारेखा $180^0$ हुने भएकाले $\angle A + \angle B + \angle C$ को मान पनि $180^0$ नै हुन्छ।

अब प्रश्न नं. ५ लाई हेर्दा एउटा Straight Line BD बिन्दु C मा दुई कोणहरूमा बाँडिएको छ जसलाई परिपूरक (Supplementary angles) कोण भनिन्छ। ती कोणहरू $\angle ACB$ र $\angle ACD$ हुन् जसको जोड पनि $180^0$ नै हुन्छ।

तब,

१. $\angle BAC + \angle ABC + \angle ACB = 180^\circ$ (त्रिभुजको तीनवटै कोणहरूको योग)

२. $\angle ACB + \angle ACD = 180^\circ$ (परिपूरक कोणहरूको योग)

३. $\angle BAC + \angle ABC + \angle ACB = \angle ACB + \angle ACD$ (तथ्य १ र २ बाट)

अब दुवैतर्फबाट विपरित क्रियाबाट $\angle ACB$ हटाउँदा र $\angle BAC=70^0$, $\angle BAC=50^0$ र $\angle ACD = x$ क्रमशः तथ्य ३ मा राख्दा

$70^0+50^0 = x$

$\therefore x= 120^0$

माथि प्रस्तुत गरिएका समस्याहरू साधारण प्रकृतिका भए तापनि जटिल सिकाइका लागि यी महत्वपूर्ण आधार हुन्। पूर्वाधार कमजोर भएमा सिकाइ स्वतः कमजोर हुन्छ। यहाँ यस्तै समस्याले गर्दा विद्यार्थीहरूको गणित सिकाइ कमजोर भएको देखिन्छ। सिकाइ प्रक्रियामा विद्यार्थी, शिक्षक र वातावरणको महत्वपूर्ण भूमिका हुने हुँदा कुनै एक पक्ष मात्र कमजोर हुँदा अपेक्षित उद्देश्य पूरा हुनसक्दैन।

बालकले वातावरणमा गर्ने सक्रिय अन्तरक्रियाबाट सिकाइ सम्भव हुन्छ (Upadhaya, 2061), जहाँ वातावरण निर्माण गर्ने काम विद्यालय, शिक्षक र अभिभावकको हुनुपर्दछ। बालकलाई कुन कुरा सिक्न कहिले र कस्तो वातावरण उपयुक्त हुन्छ भन्ने

कुरा माथिका चारवटै पक्ष र खासगरी शिक्षकको मुख्य भूमिका रहन्छ किनकि हाम्रो जस्तो देशमा शिक्षक नै विद्यार्थीको नजिक रहेर औपचारिक रूपमा शिक्षण गरिरहेको हुन्छ ।

बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न वातावरणले महत्वपूर्ण सहयोग गर्ने भएकाले कस्तो बालकलाई कस्तो वातावरण आवश्यक छ भन्ने कुरा शिक्षकले जान्नु आवश्यक हुन्छ । हरेक बालबालिकाको सिकाइ प्रक्रिया फरक फरक हुन्छ । त्यसमा पनि उमेर र अवस्थाअनुसार सिकाइ प्रक्रिया फरक हुनु स्वाभाविक नै हो । गणित सिकाइमा संज्ञानी पक्ष (Cognitive Domain) अर्थात् बौद्धिक पक्ष नै बढी सक्रिय हुने भएकाले गणित शिक्षकमा बालकको बौद्धिक विकासबारे ज्ञान हुनु आवश्यक हुन्छ ।

बाल मनोवैज्ञानिक Jean Piaget ले Phenomenological Method प्रयोग गरी मानवको ज्ञानात्मक विकासका चार वटा चरणहरू उल्लेख गरेका छन्:

१. इन्द्रीय चालावस्था (Sensory motor period: birth to 2 year old): यस अवस्थामा बालकले वातावरणलाई इन्द्रियद्वारा अनुभव गर्छ । उसमा चिन्तन गर्न सक्ने क्षमताको विकास भएको हुँदैन । शब्द भण्डारको कमी हुन्छ तापनि अवलोकनद्वारा वस्तुबारे धारणा बनाउन थाल्दछ । यस अवस्थामा गणितीय क्रियाकलाप न्यून रहन्छ ।

२. पूर्व क्रियात्मक अवस्था (Pre-operational stage: 2 to 7 years): यस अवस्थादेखि बालकले विस्तारै गणितीय धारणाहरू सिक्दै जान्छ । जस्तैः सानो, ठूलो, लामो, छोटो आदि । यो उमेर अवस्थामा पनि प्राप्त धारणालाई बौद्धिक रूपमा रूपान्तरण गर्न नसक्ने हुनाले वस्तुहरूको प्रयोगद्वारा यस्ता धारणाहरू बनाउन शिक्षक अभिभावकले उसलाई मद्दत गर्नुपर्दछ । बालकले अन्तरक्रिया गर्ने वस्तु वा क्रियाका गणितीय शब्दावली जस्तैः Triangle, Rectangle, Add, Subtract etc. सही उच्चारण गरिदिनु नै त्यस्तो मद्दत हुनसक्छ; जसले गर्दा बालकको गणितीय शब्दभण्डार बढ्दै जान्छ ।

३. मूर्त क्रियात्मक अवस्था (Concrete operational stage: 7 to 12 years): यस अवस्थामा बालकमा सङ्ख्या, लम्बाइ, पिण्ड र आयतनको संरक्षण सम्बन्धी धारणा विकास हुन थाल्दछ । उनीहरू ठोस वस्तुहरूको आफैं प्रयोग गरेर (Learning by doing) कारण र परिणामबारे सोच्न थाल्दछन् । अंकगणित सम्बन्धी सवाल बुझ्न थाले पनि बीजगणितीय धारणा बसाउन भने अझै गाह्रो हुन्छ । जस्तैः $x+6=1$ मा $x$ ले के जनाउँछ भनी बताउन सक्दैनन् । यसका लागि अंक गणितको सहायता र अन्य परिचित संकेतको प्रयोगबाट बीजगणितीय धारणाहरू दिँदै जानुपर्छ ।

माथि दिइएका गणितीय समस्याहरू यसै अवस्थाको उत्तरार्द्धतिर सिकाइने भएकाले ठोस वस्तुको प्रयोगबाट शिक्षण गरी क्रमशः अर्धठोस र अमूर्त तरिकाबाट सिक्ने बानीको विकास गर्दै जानुपर्छ । यस अवस्थामा गणितलाई सही तरिकाले शिक्षण नगरिँदिएकै कारण हाम्रा नानीहरू गणितमा कमजोर हुने र यो विषयप्रति नकारात्मक सोच बन्दै जाने गरेको छ ।

४. औपचारिक अवस्था (Formal operations stage: age 12 onward): किशोरावस्थामा प्रवेश गरेको बालकले जाँच गरेर (By Testing), कल्पना गरेर (By Imagination), सामान्यीकरण गरेर (By Generalization), निगमन गरेर (By Induction), चिन्तन गरेर (By Thinking) र प्रमाणित गरेर (By Proving) सिक्ने क्षमताको विकास गर्दछ । त्यसैले कक्षा ९ र १० अथवा कक्षा ८ देखि नै गणितमा प्रमाणित गर्ने, सूत्र निकाल्ने, दिइएका तथ्यहरूबाट नयाँ तथ्यहरू पत्ता लगाउने जस्ता समस्याहरू राखिएका हुन्छन् ।

शिक्षकले औपचारिक अवस्थामा प्रवेश गरेका बालबालिकालाई जटिल गणितीय क्रियाहरू मात्र सिकाउने हो भने त्यसबाट कक्षामा भएका उच्च कोटिका विद्यार्थीहरू मात्र लाभान्वित हुन्छन् । तसर्थ शिक्षकले सिकाइ प्रक्रिया अघि बढाउनुअघि कक्षाका छात्रछात्राले मूर्त क्रियात्मक अवस्था (Concrete Operational Stage) वा तल्लो अवस्थामा पर्याप्त सिकेर आएका छन्/छैनन् भन्ने कुरा यकिन गर्नु जरूरी हुन्छ । वृद्धि वा विकास Stage Specific हुन्छ तर Age Specific हुँदैन । बच्चा बामे नसरिकन हिँड्ने हुन सक्दैन भन्ने तर्क गणित शिक्षणमा पनि लागू गर्न सकिन्छ । कक्षा ९ मा पढ्ने विद्यार्थी हो; जसरी पनि सिक्न सक्छ भनेर सूत्र मात्र प्रयोग गरी सिकाउँदा वा व्याख्यान विधिबाट मात्र सिकाएको खण्डमा कमजोर विद्यार्थीहरू सिक्नबाट वञ्चित हुन्छन् । त्यस्ता विद्यार्थीलाई मूर्त क्रियात्मक अवस्थाको शिक्षण विधि अर्थात् ठोस वस्तुको प्रयोगबाट 'गरेर सिक्ने' वातावरण बनाउनै पर्दछ । तल्लो कक्षामा विभिन्न गणितीय धारणा बनाउन नसकेका विद्यार्थीलाई पर्याप्त समय दिएर उनीहरूकै सिकाइ गतिअनुसार सिकाउनुपर्दछ ।

सिकाइमा देखिएको अर्को कमजोर पक्ष हो- यान्त्रिक सिकाइ (Mechanical Learning) । यान्त्रिक सिकाइ अर्थात् सूत्र रटाइ गरेका विद्यार्थीहरू नयाँ समस्या आइपर्ने वित्तिकै अलमलिन्छन्; आफैंले सोचेर, खोजेर समाधान पहिल्याउन असफल हुन्छन् र अनि; 'गणित गाह्रो' भन्न थाल्छन् । यसैले सानो कक्षादेखि नै खोज विधि (Discovery Learning) मा जोड दिनु आवश्यक छ । Jerome Bruner ले विकास गरेको यो विधिलाई Constructivist Learning पनि भनिन्छ । यस विधिअनुसार विद्यार्थीले आफ्ना विगतका अनुभव र ज्ञानको सहायताबाट नयाँ तथ्य वा सम्बन्ध पत्ता लगाउँछन् । यो विधिको प्रयोग गरी सिकाउँदा विद्यार्थीहरूलाई सिकाइमा सक्रिय सहभागी हुने बानी लाग्छ ।

सिकाइ प्रक्रियामा कुनै एउटा विधि नै उपयुक्त हुन्छ भनेर सिफारिस गर्नु अल्पज्ञान हुन्छ । बालकको अवस्था, विषयवस्तुको प्रकृति, उपलब्ध वातावरण, साधन र स्रोतलाई सन्तुलनमा राखेर शिक्षण विधिको छनोट गर्नु पर्दछ । बालबालिकालाई केन्द्रमा राखी गरिएको शिक्षणले मात्र उनीहरूमा अपेक्षित परिवर्तन आउन सक्छ । यसका लागि शिक्षकसँग कुशलता, धैर्य, समन्वय, सङ्गठन र नेतृत्व गर्न सक्ने क्षमता जस्ता गुणहरू हुनु नितान्त आवश्यक हुन्छ ।

**सन्दर्भ सामग्रीः**

*Stage Theory of cognitive development(Piaget).* Learning-theories.com/piagets-stage-thaf of cognitive development.html. Retrieved on 20 January, 2011.


*Discovering Learning (Bruner).* Scribd.com/doc/278846629. Retrieved on 27 January, 2011.

Upadhyaya, H. P. (2061 B. S.). *Ganit Shikshan* (1st ed). Kathmandu: Ratna Pustak Bhandar.

*(खड्का ग्रामर कलेज, कोटेश्वर, काठमाडौंका अध्यापक हुन् ।)*

Classroom English

Ram Hari Rijal




# Teach Idioms Using

Applicable Grades: 9 -12, also useful for B.Ed. Level Major English.

Objectives: On completion of this lesson, the students will be enabled to:

- Find the idioms in the Oxford Advanced Learners Dictionary(OALD)
- Use idioms in their day to day life
- Synthesize their knowledge of idioms by presenting the figurative interpretation of idioms.

Warm up: Brainstorm the students by writing a Nepali idiom " dandamathiko joon" and ask them to give the meaning of it and use it in a sentence.

Teaching learning activities: Ask the students: On the basis of the Nepali idiom, can you give the meaning of an idiom?


Elicit answers from them and if they cannot figure out the meaning, explain to them the following points.

- An idiom is a group of words whose meaning cannot be deduced form the individual words used in it and should be learnt as a whole.
- The word 'idiom' originates from a Latin word 'idi-oma' meaning 'special property.
- An idiom conveys a figurative meaning rather than a literal meaning.
- An estimated number of 25,000 idioms are presumed have existed in the English language.
- They have their special entity in any language.
- Native English speakers use a number of idiomatic ex-pressions in their daily life, which may cause problems to a non-native English speaker.
- Idioms add to the beauty of English and play an effec-tive role in getting our message across.
- Idioms are culture specific rather than language specific.

Divide the students into 4 groups and distribute them the posters with 5 sentences each on which the idioms are underlined. In order to facilitate better un-derstanding, the idioms can be categorized into weather idioms, colour idioms, animal/bird idioms and body part idioms.

## Weather Idioms (group A)

1. When the Finance Minister announced a pay rise by 25%, all the employees were on cloud nine.
2. I thought I could rely on Mohan but when I was in trouble, I came to know that he was only a fair-weather friend.
3. Just before an attack by the Maoist rebels during the armed conflict, everything would go quiet but we knew that it was the lull before the storm.
4. The youths in Nepal used to sing modern songs but




# the Dictionary

the tide has turned and they are now fond of pop songs.

5. He came from a long journey but he is a bit under the weather. He is lying in bed.

Colour Idioms (Group B)

6. The secretary was given a golden handshake when he left the job.
7. Mrs. Vishnu KC's garden is full of exotic blooms round the year. She really has green fingers.
8. When Rajesh Hamal arrived in Dang, his fans rolled out the red carpet for him.
9. No more drinks for me, please. Otherwise I will be seeing pink elephants.
10. The Prime Minister's resignation came as a bolt from the blue.

Animals/Birds Idioms( Group C)

11. It is a holiday today. So, we'll play chess till the cows come home.
12. Bhaktapur is no more a mile from Kathmandu as the crow flies.
13. He is so weak in Maths that he does not have a dog's chance of passing the exam.
14. Junu always looks so active among her friends. She thinks herself to be the cat's whiskers.
15. "Will you ever go to London?" she asked me. "I'll go there when pigs fly", I retorted.

Body Parts Idioms

16. Buying a piece of land in Kathmandu costs an arm and a leg.
17. The two candidates are running neck and neck in the presidential election.
18. The actress fell head over heels in love with her director and married him at last.
19. Jack made no bones about saying that he wanted a divorce with his wife.
20. After the tragic death of her husband, she looks down in the mouth.

Ask the groups to deduce the meaning of the idioms written in italics from the context in which the sentences are written.

The students try to guess the meaning of the idioms and write them in their notebooks.

Students read the sentences to the whole class and try to deduce the meaning collectively.

Distribute Oxford Dictionaries to each of the groups to find out the meaning of the given idioms.

Say that the meaning of an idiom should be looked up from the head entry. For instance, in order to find the meaning of under the weather, we should look up the entry 'weather'. There may be cross references under which entry an idiom can be found.

Ask the students work with the meanings and move around the class and provide help in case they

are struggling or in confusion.

When students have finished, write the idioms with their meanings on the board.

### Weather idioms

1. on cloud nine = extremely happy and excited.
2. fair-weather friend = somebody who stops being a friend when you are in trouble.
3. the lull before the storm = a quiet period before a violent activity.
4. the tide has turned = a trend has changed from one thing another.
5. under the weather = not feeling well.

### Colour idioms

6. golden handshake = a large sum of money that is given to someone when they leave their job
7. green fingers = good at growing plants
8. roll out the red carpet = to honour somebody or treat somebody in a special manner
9. pink elephants = hallucinations or strange imaginary things seen by a drunkard as a result of intoxication
10. a bolt from the blue= sudden and unexpected.

### Animal/ bird idioms

11. till the cows come home = for a long time
12. as the crow flies = in a straight line
13. not have a dog's chance = to have no chance at all
14. the cat's whiskers = to be a best person
15. when pigs fly = never

### Body parts idioms

16. cost an arm and a leg = very expensive
17. neck and neck with somebody = go parallel in a competition.
18. head over heels in love = madly in love
19. made no bones about saying = not hesitate to say
20. down in the mouth = unhappy and depressed

## Evaluation

### Speaking in pairs

Display all the four posters on the board and have the students to have a short conversation using the idioms just practised.

## Homework

Find the following idioms in the dictionary and use them in a meaningful sentence.

i. a lame duck
ii. alive and kicking
iii. spill the beans
iv. hold your horses
v. full steam ahead

*(The auther teaches English at Shree Higher Secondary School, Rajhena Dang.)*



जिज्ञासा जवाफ

## के हो अनुपयुक्त उपसमूह ?

कक्षा ७ को गणित पाठ्यपुस्तकमा 'अनुपयुक्त उपसमूह' दुई वटा हुन्छन् भन्ने लेखिएको छ। तर, कक्षा आठमा अनुपयुक्त उपसमूह एक वटा हुन्छ भनी लेखिएको छ। उपयुक्त र अनुपयुक्त उपसमूहको परिभाषालाई उदाहरणसहित प्रस्ट पारिदिए आभारी हुनेथिएँ।

**मिलन वली**
**नेरा मावि, डाँडाखाली–२, सुर्खेत**

*कुनै पनि समूहको एउटा मात्रै अनुपयुक्त उपसमूह (Improper Subset) हुन्छ। कुनै सर्वव्यापक समूह 'U' वा अन्य समूहहरूबाट केही सदस्यहरू मात्रै लिएर बनाइने उपसमूहलाई उपयुक्त उपसमूह र सबै सदस्यलाई लिएर बनाइने उपसमूहलाई अनुपयुक्त उपसमूह (Improper Subset) भनिन्छ। जस्तै:*

*U = {1, 2, 3, 4} एउटा सर्वव्यापक समूह हो।*

*यसका केही उपसमूहहरू :*

*A = {1, 2}*

*B = {1, 2,3}*

*C = {1, 2,3,4}*

*यहाँ सर्वव्यापक समूह 'U' का उपसमूहहरू A र B मा सर्वव्यापक समूह 'U' का सबै सदस्यहरू छैनन्। तर, उपसमूह C मा सबै सदस्यहरू छन्। त्यसैले A र B लाई सर्वव्यापक समूह 'U' को उपयुक्त उमसमूह र उपसमूह C लाई अनुपयुक्त उपसमूह भनिन्छ। उपयुक्त उपसमूहलाई '$\subset$' र अनुपयुक्त उपसमूहलाई '$\subseteq$' सङ्केतले जनाइन्छ।*

***डण्डपाणि शर्मा***
***पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र***

## प्रसूति स्याहार बिदाः दुई पटक मात्रै

संशोधित शिक्षा नियमावलीमा शिक्षकका लागि प्रसूति स्याहार बिदाको सुविधा थपिएको रहेछ। कति वटा सन्तानको हकमा यो बिदा पाइने हो ?

मैले अस्थायी सेवामा रहँदा ४५ दिन बिरामी बिदा सञ्चित थियो। सञ्चित बिदा बापतको रकमका लागि मैले सम्पूर्ण कागजात जिशिकामा बुझाइसकेको छु। तर, यसको डेढ वर्ष बितिसक्दा पनि सञ्चित रकम पाउनसकेको छैन। के मैले उक्त रकम पाउँदिनँ ?

**नरबहादुर विश्वकर्मा**
**भीम मावि, देवीस्थान– ३, म्याग्दी**

*पुरुष शिक्षकले पत्नी सुत्केरी हुँदा सुत्केरीको अघि वा पछि १५ दिन स्याहार बिदा पाउनेछ। यस्तो बिदा सेवा अवधिमा दुई पटक मात्रै पाइन्छ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

*अस्थायी शिक्षकले पनि सञ्चित बिदाको रकम पाउँछन्। त्यसका लागि आवश्यक बजेट नभएकाले निकास पठाउन नसकिएको हो। अर्थ मन्त्रालयसँग बजेट मागिएको छ। अर्थबाट बजेट स्वीकृत हुनासाथ जिशिकामार्फत त्यस्तो रकम उपलब्ध गराइनेछ।*

***कृपाराम रिज्याल***
***लेखा अधिकृत, विद्यालय शिक्षक किताबखाना***

## विज्ञान शिक्षक नपाए के गर्ने ?

कतिपय विकट क्षेत्रका स्कूलमा अझै पनि शिक्षण अनुमतिपत्र प्राप्त विज्ञान शिक्षकको अभाव देखिन्छ। त्यसो हुँदा अनुमतिपत्र नपाएका तर विज्ञान विषय लिई बी.एड. र बी.एस्सी. उत्तीर्ण गरेका शिक्षकलाई पछि अनुमतिपत्र दिने शर्तमा विद्यालयमा नियुक्ति दिने गरिएको छ। दक्ष विज्ञान शिक्षकको अभाव खट्किन नदिनका लागि तिनको सहज पदपूर्तिका लागि शिक्षक सेवा आयोगले केही सोचेको छ कि छैन ?

**भीम खड्का, रुकुम**

*शिक्षक सेवा आयोग नियमावलीमा विज्ञान, गणित र अङ्ग्रेजी विषयमा अनुमतिपत्र व्यक्ति नभएर दुर्गम क्षेत्रका विद्यालयमा पठनपाठन हुन नसक्ने अवस्था आएमा न्यूनतम योग्यता पुगेका व्यक्तिहरू मध्येबाट अस्थायी अध्यापन अनुमतिपत्रका लागि अन्तर्वार्ता लिएर अनुमतिपत्र दिनसक्ने व्यवस्था छ। तर, 'दुर्गम क्षेत्र' जनाउने गरी शिक्षा मन्त्रालयबाट कुनै जिल्ला, गाविस र विद्यालय क्षेत्र नतोकिइसकेको हुँदा यो व्यवस्था कार्यान्वयनमा आउनसकेको छैन।*

***विष्णुप्रसाद नेपाल***
***सहसचिव, शिक्षक सेवा आयोग***

## स्थायीलाई उमेर हद लाग्दैन

प्राथमिक तहमा कार्यरत र ४० वर्ष नाघेका शिक्षकले माथिल्लो तहका लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको खण्डमा माथिल्लो तहकै शिक्षण अनुमतिपत्र र खुला विज्ञापनमा आफू कार्यरत रहेको जिल्लाबाट आवेदन दिन पाउँछन् कि पाउँदैनन् ?

**शोभाराम वली**
**गणेश निमावि, धौलाबाङ, दुवीडाँडा रोल्पा**

*स्थायी दरबन्दीमा कार्यरत शिक्षकसँग माथिल्लो तहको शैक्षिक योग्यता छ भने उसले पहिले शिक्षण अनुमतिपत्र र अनुमतिपत्र पाएपछि खुला विज्ञापनमा समेत आवेदन दिन पाउँछ। त्यस्ता शिक्षकको हकमा उमेरको हद लाग्दैन।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## आफैं आउनुपर्दैन

म अपाङ्गता भएको शिक्षक हुँ। अपाङ्गताको सिफारिस बनाउनका लागि स्वीकृत चिकित्सकको प्रमाणपत्र लिई समाज कल्याण परिषद्मा म स्वयं जानुपर्छ कि सहयोगी व्यक्ति जाँदा पनि हुन्छ ?

**रमेशकुमार केसी**
**कालिका मावि, लालीकाँडा–१, दैलेख**

*अपाङ्गताको सिफारिसका लागि सम्बन्धित व्यक्ति आफैं समाज कल्याण परिषद्मा आउनुपर्दैन। सिफारिस आवश्यक परेका व्यक्तिले आफूले हस्ताक्षर गरेको निवेदनसँगै चिकित्सकको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रसहित अन्य व्यक्तिलाई पठाउन सक्छन्।*

***उमा बस्नेत***
***नासु, समाज कल्याण परिषद्***

## तपाईंले पाउनुहुन्छ

म बी.एस्सी. अन्तर्गत भौतिक विज्ञान, गणित र तथ्याङ्कशास्त्रको विद्यार्थी हुँ र तेस्रो वर्षको मुख्य विषय तथ्याङ्कशास्त्र हो। हाल बी.एस्सी. उत्तीर्ण भइसकेको छु। साथै, शैक्षिक प्रशासन तथा सुपरीवेक्षण विषयमा एकवर्षे बी.एड. पनि गर्दैछु। अब मैले यो विषयमा बी.एड. सकेपछि शिक्षण अनुमतिपत्रका लागि आवेदन दिन पाउँछु कि पाउँदिनँ? अनुमतिपत्र पाएपछि मैले कुन-कुन विषयको खुला विज्ञापनमा आवेदन दिन पाउँछु?

***प्रयास शर्मा***
***पञ्चासे मावि, दुईपीपल-८, नुवाकोट***

*जुन विषयमा एकवर्षे बी.एड. उत्तीर्ण गरे तापनि शिक्षण अनुमतिपत्रका लागि आवेदन दिन पाइन्छ। तपाईंले अनुमतिपत्र लिएपछि विज्ञान र गणित दुवै विषयको खुला विज्ञापनमा आवेदन दिन सक्नुहुन्छ।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## विद्यार्थी घटे के गर्ने ?

कुनै पनि सरकारी वा निजी विद्यालयले कक्षा सञ्चालन गर्दा कुनै कक्षामा विद्यार्थी नभए सोभन्दा माथिल्लो कक्षा सञ्चालन गर्न मिल्छ कि मिल्दैन? (जस्तैः कक्षा १, २ र ३ लाई छोडी कक्षा ४ र ५ सञ्चालन गर्न)। यदि मिल्दैन भने त्यस्ता विद्यालयलाई कुनै कारबाही हुन्छ कि हुँदैन?

**शशिधर पौडेल**
**जनता मावि, पाही राङखानी, बाग्लुङ**

*विद्यार्थी नभएका कारण त्यसरी तल्लो कक्षामा पठनपाठन नभई माथिल्लो कक्षामा मात्रै पठनपाठन भएको पाइएमा त्यस्ता विद्यालयलाई निरन्तरता दिन जिशिकाले सक्दैन। विद्यार्थी घटेको खण्डमा त्यस्ता विद्यालयलाई अर्को विद्यालयमा गाभ्न सकिन्छ। निजी विद्यालयको हकमा भने यसबारे कुनै नीतिगत व्यवस्था छैन।*

***हरि गौतम***
***जिशिअ, बाग्लुङ***

## अस्थायीले के गर्ने ?

हाले संशोधित शिक्षक सेवा नियमावली अनुसार प्राथमिक तहका लागि सबै व्यक्तिले प्रमाणपत्र तह वा सो सरहको परीक्षा पास गर्नुपर्ने हो कि कार्यरत अस्थायी शिक्षकको हकमा एसएलसी मात्रै भए पुग्ने हो?

**सिधुलाल राजवंशी**
**प्रअ, रामजानकी निमावि, माथिगाछ, मोरङ**

*प्रचलित नियमावली अनुसार, स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षक बाहेक अन्य उम्मेदवारले कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्छ।*

***मेघबहादुर केसी***
***उपसचिव, शिक्षक सेवा आयोग***

## तीन प्रश्न

म २०४५ मा प्राथमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाई २०६२/०२/१३ मा द्वितीय श्रेणीमा बढुवा भएको शिक्षक (जन्ममिति २०१८/०५/०६) हुँ। मैले नेपाली विषयमा बी.एड. उत्तीर्ण गरेको छु। मेरा प्रश्नहरू देहायबमोजिम छन्।

१. नियमले का.स.मु.को आधारमा मलाई कति वर्षमा प्रथम श्रेणीमा बढुवा हुन दिन्छ?
२. मलाई माध्यमिक तहमा स्थायी वा अस्थायी बढुवा हुन नियमले दिन्छ वा दिँदैन?
३. मैले शिक्षक सेवा आयोगबाट खुल्ने माध्यमिक तहको खुला प्रतियोगितामा आवेदन दिन पाउँछु कि पाउँदिनँ?

**खनाल मेघनाथ 'बन्धु'**
**जनकल्याण मावि, जुगेडा, धनगढी, कैलाली**

*१. पाँच शैक्षिक सत्र पूरा गरेको शिक्षक माथिल्लो श्रेणीको बढुवाको लागि उम्मेदवार बन्न योग्य हुन्छ।*
*२. अस्थायी बढुवाको प्रावधान नै छैन। स्थायीको हकमा पनि तहगत बढुवा हुँदैन, श्रेणीगत बढुवा मात्रै पाइन्छ। माध्यमिकका लागि सोही तहको खुला विज्ञापनमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ।*
*३. तपाईंसँग शिक्षण अनुमतिपत्र छ भने खुला प्रतियोगितामा आवेदन दिन पाउनुहुन्छ।*

***मेघबहादुर केसी***
***उपसचिव, शिक्षक सेवा आयोग***

## राहतले पाउँछन् ?

स्थायी र अस्थायी दरबन्दीका शिक्षकले सेवाको अवकाशपछि सञ्चित बिरामी बिदाको रकम पाए जस्तै राहत अनुदानका शिक्षकले त्यस्तो रकम पाउँछन् कि पाउँदैनन्?

**डम्बर थापा मगर, रौता-८, उदयपुर**
**रामजी राउत, रिस्कु-४, उदयपुर**
**लालबहादुर डीसी, मावि सिमघाट, सुर्खेत**

*राहत-अनुदानका शिक्षकले सञ्चित बिदाको रकम पाउने/नपाउने विषयमा अहिलेसम्म नीतिगत व्यवस्था भइसकेको छैन।*

***महाश्रम शर्मा***
***सहसचिव, शिक्षा मन्त्रालय***

## २५ हजार शिक्षक स्थायी हुन्छन्



"शिक्षा सेवा आयोगको नियमावली छैटौं पटक परिमार्जन गर्ने काम सम्पन्न भएको छ। अब रुण्डै ४० देखि ४५ हजार शिक्षक स्वतः एक तह बढुवा हुन्छन्। शिक्षकको उत्साह जगाउन यो महत्त्वपूर्ण काम हो। शिक्षा ऐन पनि संशोधन गर्न लागिएको छ। ऐन संशोधनपछि अस्थायी शिक्षक प्रक्रिया पुऱ्याएर स्थायी गरिन्छन्। १०-१५ वर्ष सेवा गरेका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाद्वारा स्थायी गर्ने खोजिएको हो। शिक्षा सेवा आयोगले लिने आन्तरिक प्रतिस्पर्धामा सामेल गराएर योग्यलाई स्थायी गर्ने हो। केही पदमा खुला प्रतिस्पर्धा पनि हुन्छ। त्यसपछि २५ हजार जति रिक्त शिक्षक दरबन्दी स्थायी ढङ्गले पूर्ति हुन्छ।"


– **गङ्गालाल तुलाधर**, शिक्षा मन्त्री

जनआस्था, २४ जेठ २०६८

# फुर्सद



## शब्द खेल-३३



नामः — — — — — — —


ठेगानाः — — — — — — —

### तेर्सो
१) सजिलोसित बुझ्न सकिने/सजिलैसँग पुग्न सकिने
३) एक महादेश
५) परन्तु/किन्तु/त्यसो हो तापनि
६) देवदेवीको वीजस्वरूप कुनै मन्त्र आदि कसैले नसुन्ने गरी गरिएको पाठ
८) जालो बुन्ने एक प्रकारको आठखुट्टे कीरो
९) अनुभव वा बोध भएको/आवश्यकताबोध
११) चैत्र महिना/वसन्त याम
१३) आधार नभएको/विना प्रमाणको
१५) प्रयोजन/वास्ता/चासो
१७) महात्म्य/प्रशंसा/ख्याति
१८) साँध/सिमाना
२०) प्रौढ/अनुभवी/परिपक्व
२१) आफ्नो भन्नु केही नभएको/कङ्गाल
२२) सिंचाइका निम्ति बनाइएका नदीजस्तो पानीको स्रोत/ठूलो कुलो

### ठाडो
१) गानाबजानाको स्वरस ध्वनि/धुन
२) अधिकमास/पुरूषोत्तम महिना
३) नरोकिएको/निरन्तर/बिराम नभएको
४) कार्य/काम
५) भएजति सबै/सम्पूर्ण
७) बोट-बिरूवाका पात/पलास
१०) सुबिस्ता/सजिलोपना
१२) आगोको झरझराउँदो कोइला राखेर धूप हाल्ने भाँडो/धूप पात्र
१३) कुनै पनि वस्तु देशबाट विदेश पठाउने काम
१४) झिलिमिली/सजधज/रमकझमक
१५) कुनै कठिन प्रश्न वा समस्याको टुङ्ग्याउनी/निराकरण
१६) परस्परमा हुने झै-झगडा/होहल्ला
१९) लागू पदार्थ सेवनबाट हुने उन्मादको असर
२०) नदी/समुद्र आदिको पल्लो किनारा

---

## अन्ताक्षरी-३३




नामः — — — — — — — — —

ठेगानाः — — — — — — — —

१) आफ्ना शत्रुलाई त्रस्त बनाउन सक्ने शक्ति (३)
२) प्रहरी आदिद्वारा गरिएको पक्राइ (३)
३) उकुसमुकुस/उकुसपुकुस (६)
४) सबैभन्दा उत्तम (४)
५) केहीमात्र तातो (४)
६) बिगार्ने र भत्काउने जस्ता विध्वंसकारी कार्य (४)
७) डराउने स्वभावको/साह्रै काँतर (४)
८) काल्पनिक वा मिथ्याभन्दा भिन्न/सत्य/साँचो (४)
९) अदालतमा न्यायाधीशसमक्ष बयान दिंदा अभियुक्त उभिने काठको बार लागेको ठाउँ (४)
१०) हिसाब आदिको फछ्र्यौट वा चुक्ताचुक्ती (४)
११) ह्याकुलो वा फिलाको मासु (४)
१२) चकमन्न/सन्नाटा (४)
१३) मानिस भएर पनि पशु भन्न सुहाउने व्यक्ति (४)
१४) भलाइको चाहना/शुभेच्छा (५)
१५) नाउँ चलेका/नामी (३)

**अन्ताक्षरी-३१ को सही उत्तर**
१) मुखामुख २) खसोखास ३) सदुपयोग ४) गतिछाडा
५) डाबर ६) रसायनविज्ञान ७) नकचरो ८) रोगाहा
९) हारालुछ १०) छटपटाहट ११) टन्टलापुर १२) रमणीय
१३) यश १४) शल्यचिकित्सा

सूचनाः शब्दखेल, अन्ताक्षरी र सुडोकुका सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन । -सं.

# फुर्सद



## सुडोकु-३३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | २ | | ५ | | ८ |
| | २ | | ८ | | | | १ | |
| ३ | | | | १ | ६ | | | |
| | | २ | | | | | ५ | |
| ८ | | ७ | | ६ | | ४ | | ९ |
| | १ | | | | | ३ | | |
| | | | ४ | ५ | | | | ३ |
| | ८ | | | | ३ | | ९ | |
| २ | | ३ | | ८ | | | | ६ |

नाम: _ _ _ _ _ _ _ _

ठेगाना: _ _ _ _ _ _ _ _

## सुडोकु-३१ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | १ | ८ | ४ | २ | ९ | ३ | ७ | ५ |
| ७ | २ | ९ | ८ | ३ | ५ | ४ | १ | ६ |
| ३ | ५ | ४ | १ | ६ | ७ | २ | ८ | ९ |
| २ | ७ | ५ | ६ | ८ | १ | ९ | ४ | ३ |
| ९ | ३ | १ | ५ | ४ | २ | ७ | ६ | ८ |
| ४ | ८ | ६ | ९ | ७ | ३ | १ | ५ | २ |
| १ | ४ | २ | ३ | ५ | ६ | ८ | ९ | ७ |
| ८ | ६ | ३ | ७ | ९ | ४ | ५ | २ | १ |
| ५ | ९ | ७ | २ | १ | ८ | ६ | ३ | ४ |

## सामान्यज्ञान-३३

१. पृथ्वीको सबैभन्दा अग्लो ठाउँ हिमालयमा अवस्थित सगरमाथाको टुप्पो हो भने सबैभन्दा होचो वा गहिरो भू-भाग कहाँ पर्छ ?
(क) अन्टार्कटिका (ख) मृतसागर (डेड-सी)
(ग) दक्षिण अमेरिका (घ) आन्ध्र महासागर

२. महाभारत कसले लेखेको मानिन्छ ?
(क) वाल्मीकि (ख) श्रीकृष्ण
(ग) द्रोणाचार्य (घ) वेदव्यास

३. तलको कुन एउटा देशको मुद्रा रूपैयाँ (अङ्ग्रेजीमा Rupee) होइन ?
(क) बङ्गलादेश (ख) माल्दिभ्स
(ग) सिसिलिस (घ) भारत

४. अफ्रिकन हात्ती कति महिनामा ब्याउँछ ?
(क) १२ महिना (ख) २१ महिना
(ग) ६ महिना (घ) ९ महिना

५. कुन चराको मस्तिष्कभन्दा आँखा ठूला हुन्छन् ?
(क) गिद्ध (ख) लाटोकोसेरो
(ग) अष्ट्रिच (घ) सुगा

## सामान्यज्ञान-३१ को सही उत्तर

१. विश्व सम्पदा सूचीमा परेका नेपालका आठ प्रसिद्ध स्थल हुन्– लुम्बिनी, बौद्ध, चाँगुनारायण, स्वयम्भू, पशुपतिनाथ, हनुमानढोका दरबार, पाटन दरबार र भक्तपुर दरबार क्षेत्र ।

२. एउटा पुतलीको जीवनचक्र फुल, लार्भा, प्युपा र वयस्क गरी चार चरणको हुन्छ । पुतलीको लार्भालाई बोलीचालीको भाषामा झुसिलकीरा भनिन्छ ।

३. रतन्धो रोग भएको बिरामीलाई साँझ र मिर्मिरे उज्यालोमा आँखा देख्न मुश्किल पर्छ । यो रोग भिटामिन 'ए' को कमिका कारण हुने गर्छ ।

४. बरफ तताउँदा पानी र बाफ बने जस्तै बाफ चिस्याउँदा पानी वा पानी र बरफ बन्छ ।

५. कम्प्युटरको मस्तिष्क मानिने सी.पी.यु. को पूरा रूप हो– सेन्ट्रल प्रोसेसिङ युनिट (Central Processing Unit).

# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**अन्ताक्षरी-३१ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *मीनकुमार दाहाल,* खार्मी-५, खोटाङ**

**सही समाधान पठाउने अन्य सहभागी**

- गोविन्द प्र. आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- गणेश कु. ओली, सरस्वती मावि, चेपाङ, सुर्खेत
- बुद्धिलाल तामाङ, हिमचुली इ. बो. स्कूल, खुदी-१, लमजुङ
- रामगोपाल यादव, उमावि, श्रीपुर-३, महोत्तरी
- साधना अमात्य, जालपादेवी उमावि, सिन्धुपाल्चोक
- चन्द्र ब. वि.क., रा. सरस्वती मावि, गौरीबास-७, महोत्तरी
- महेश प्र. चापागाई, पीताम्बर उमावि, क्यामी-९, स्याङ्जा
- प्रेमकृष्ण श्रेष्ठ, प्रगतिशील उमावि, झा.रा.-२, सिन्धुली
- लेखनाथ भट्टराई, इन्द्रेश्वरी उमावि, मेलम्ची, सिन्धुपाल्चोक
- रामचन्द्र अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- गोविन्द प्र. अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- काजी ब. थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- कमला थापा, सरस्वती प्रावि, पेलाकोट-२, स्याङ्जा
- गंगा भुसाल, नुवाकोट मावि, नुवाकोट, अर्घाखाँची
- रामजी राउत, जनज्योति प्रावि, माकुरे रिस्कु-४, उदयपुर
- शत्रुधन साह, ज्ञानोदय निमावि, कटुञ्जे-९, धादिङ
- तीर्थराज गौली, सप्तधारा मावि, जीता-८, लमजुङ
- चन्द्र प्र. ओली, भैरव मावि, धुपिदुस्का-५, जुम्ला
- शंकर/वीरेन्द्र/रोजन, महेन्द्र मावि, पोखरी-२, उदयपुर
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ-१, मकवानपुर
- नवराज सापकोटा, सुन्तलाचौर उमावि, दमेक, बाग्लुङ
- लालप्रसाद भट्टराई, कटुञ्जे-८, ओखलढुङ्गा
- वैदेहीशरण यादव, उमावि, बसविट्टी, वसन्तपुर-३, महोत्तरी
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट इ.बो. स्कूल, झलारी-७, कञ्चनपुर
- पवनसिंह गुरूङ, छतिवन-४, मकवानपुर
- उद्धव सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- शान्तिराम पौडेल, खुँगा मावि, खाल्डे, एकतिन, पाँचथर
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- निर्मला श्रेष्ठ, भानुमोरङ, विराटनगर-१३, मोरङ
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, चुल्ठापानी -४, रामेछाप
- कौशलकुमार यादव, मधेशी शिक्षक फोरम नेपाल, महोत्तरी
- घनश्याम डल्लाकोटी, कीर्तिपुर, काठमाडौं
- मीठू डल्लाकोटी, निमावि, बरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- माधव प्र. ज्ञवाली, संस्कृत तथा साधारण मावि, रिडी गुल्मी
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ-६, दार्चुला
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, चारघरे, सोलुखुम्बु
- माधव प्र. पौड्याल, वीरेन्द्र न.पा.-८, इत्राम, सुर्खेत
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- मुना कु. श्रेष्ठ, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- कोषराज निरौला, सरस्वती उमावि, खानी भञ्ज्याङ, ओखलढुङ्गा
- राजु प्र. संजेल, अमरसिंह प्रावि, आमभञ्ज्याङ-४, मकवानपुर
- शेर ब. दाहाल, गंगोदय, मावि, खोटाङ
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, धादिङ
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- हीरा/शान्ता केप्छाकी, जनता मावि, रौता-५, उदयपुर
- राम प्र. देवकोटा, मित्रता उमावि, आबु-१, तनहुँ
- डिल्लीराम पौडेल, बहादुरे मावि, भदौरे-१, कास्की
- खगेन्द्रनाथ वियोगी, भैरव उमावि, झोता, बझाङ
- सरिता तिमल्सेना, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- ओम ब. भण्डारी, बघौडा-९, रमाइलोडाँडा, चितवन
- राम प्र. शर्मा 'पौडेल', बालजागृति प्रावि, बगुवा, म्याग्दी
- अरूणा खतिवडा, कान्तिपुर विद्यासदन, बुधबारे-७, झापा
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- हरिनारायण खतिवडा, शारदा स.मावि, रामेछाप-३, रामेछाप
- बल ब. थापा मगर, सरस्वती प्रावि, पालकोट-५, करिना, बाग्लुङ
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- लाल ब. कार्की, हिमाल पौड्याल/हरि ओली, सुर्खेत क्याम्पस
- गोविन्द प्र. ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल, काभ्रे
- लीला प्र. शर्मा 'पौडेल', भीम मावि, राजदाङ, म्याग्दी
- पदम प्र. न्यौपाने, सेतीदेवी निमावि, साँघुटार, रामेछाप

**सुडोकु-३१ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *लाल ब. डि.सी.,* सरस्वती मावि, सिमघाट-८, सुर्खेत**

**सही समाधान पठाउने अन्य सहभागी**

- बल ब. थापा मगर, सरस्वती प्रावि, पालकोट-५, बागलुङ
- वैदेहीशरण यादव, उमावि, बसबिट्टी, महोत्तरी
- निरञ्जन के.सी., विश्वज्योति मावि, पाखापानी-४, पर्वत
- कामेश्वर मण्डल, भूमेस्थान उमावि, बिर्ता देउराली-१, काभ्रे
- प्रमोद कु. दास, दीपेन्द्र निमावि, जोगिडाँडा रिस्कु-६, उदयपुर
- सानुमैया (जानुका) श्रेष्ठ, भीमेश्वर-१, खुर्कोट, सिन्धुली
- जयन्ती राई, शंखरानी निमावि, रानीबास-२, भोजपुर
- प्रकाश खड्का, हत्पते-७, सिन्धुली
- कैलाश ढकाल, जनता मावि, डुम्रे-१, उदयपुर
- बरूण गिरी, गोल्मादेवी मावि, कदमबास-३, सिन्धुपाल्चोक
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- पवित्रा बुढा, पृथ्वीनारायण क्याम्पस, पोखरा, कास्की
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, धादिङ
- चन्द्र प्र. ओली, भैरव मावि, धुपीढुस्का, तलिउम, जुम्ला
- ओम प्र. अधिकारी, जनता उमावि, मनरी, नवलपरासी
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया-५, भोजपुर
- ओम प्र. श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- काशीन्द्र यादव, जनता निमावि, पाङ्चा-६, धारापानी, भोजपुर
- लाल ब. कार्की/सन्तोष खड्का, चौरजहारी, रूकुम
- हिमाल पौडेल/हरि ब. ओली, चौरजहारी, रूकुम
- रमेश शर्मा, राजकुलेश्वर आधारभूत वि., भीमेश्वर-२, दोलखा
- कृष्ण कु. नगरकोटी 'श्रेष्ठ', बालमन्दिर प्रावि, खोटाङबजार-९, खोटाङ
- पवनसिंह गुरूङ, छतिवन-४, रानीदमार, मकवानपुर
- कविन्द्र प्रकाश पुन, जनकल्याण निमावि, पूर्तिमकाँडा-१, रूकुम
- शिवजी राना मगर, कठजोर-६, रामेछाप
- शम्भु ब. आले मगर, नीलकष्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- मनिष अधिकारी, नेपाल राष्ट्रिय उमावि, सिमरा-३, बारा
- शिव कलेल, महन्यालेश्वर निमावि, बर्छैन-६, डोटी
- गोविन्द प्र. ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल, काभ्रे
- यादव प्र. पौड्याल, वीरेन्द्र न.पा.-८, ईत्राम, सुर्खेत
- गणेश ब. बोहरा, भैरव उमावि, झोता, बझाङ
- लीला प्र. शर्मा 'पौडेल', भीम मावि, राजदाङ, म्याग्दी
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी मझुवा-४, रामेछाप
- हीरा सिंह बोहरा, महन्यालेश्वर निमावि, बर्छैन-६, डोटी
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- काशीन्द्र यादव, जनता निमावि, पाङचा-६, भोजपुर
- सन्त श्रेष्ठ, महेन्द्र न.उमावि, खलंगा, प्यूठान
- राजन भुजेल, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- पदम प्र. न्यौपाने, सेतीदेवी निमावि, साँघुटार, रामेछाप
- माधव प्र. ज्ञवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- ओम ब. भण्डारी, बघौडा-९, रमाइलोडाँडा, चितवन
- जनक प्र. आचार्य, प्रभात मावि, पालुङ मैनादी-२, पाल्पा
- राम प्र. शर्मा 'पौडेल', बालजागृति प्रावि, बगुवा, म्याग्दी
- धनञ्जय श्रेष्ठ, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- भुवन अधिकारी, खैरहनी-२, चितवन
- रण ब. बराम, अन्तरज्योति मावि, ताकुकोट-८, गोरखा
- सदिच्छा डल्लाकोटी, राराहिल मेमोरियल स्कूल, कीर्तिपुर, काठमाडौ
- मीठू डल्लाकोटी, निमावि, बरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- मिलन शर्मा, नमुना आ. मावि, कुश्मा, पर्वत
- कौशल कु. यादव, मधेशी शिक्षक फोरम नेपाल, महोत्तरी
- रूद्र प्र. न्यौपाने, खुँगा मावि, खाल्डे, एकतिन, पाँचथर
- ध्रुव पन्थी, प्र. अमवा-१, रूपन्देही
- सत्यनारायण मण्डल, प्रावि निग्लेनी, सहोर-१, सुर्खेत
- रूद्र ब. श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, सिन्धुपाल्चोक
- कृष्णहरि थापा, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- निरमाया श्रेष्ठ, सातकन्या कालिका देवी प्रावि, कदमबास-१, सि.पा.
- चेतराज मिश्र, कालिका निमावि, पाराकाट्ने-६, दिपिल, बझाङ
- दिल कु. राई, का.प्र. गण 'इ', एयरपोर्ट, काठमाडौं
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श ब.क्या., नेपालटार, काठमाडौं
- ध्रुव प्र. न्यौपाने, इथुङ्ग उमावि, रानीटार-६, पाँचथर
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी-१२, कैलाली
- जमन ब. भण्डारी, पद्मासना निमावि, सेरा, अछाम
- हेमन्त प्र. खतिवडा, पद्मासना निमावि, सेरा, अछाम
- अरूणा खतिवडा, कान्तिपुर विद्यासदन, बुधबारे-७, झापा
- कमल सुब्बा, कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- हरिनारायण खतिवडा, शारदा स.मावि, रामेछाप-३, रामेछाप
- राज कु. कार्की, गणेश मावि, शिखरपुर, भीमखोरी-८, काभ्रे
- नन्दलाल वली, कालिका मावि, लालीकाँडा-१, दैलेख
- प्रिन्स कु. चौरसिया, अल्पाइन सेकेन्डरी स्कूल, वीरगंज
- प्रेम कु. आले, मधुगंगा निमावि, हत्पते-१, सिन्धुली
- टेक ब. चौहान, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- भीमकान्त यादव, शंकर निमावि, खरदरिया, दाङ
- हर्क ब. थापा मगर, तितौरे मावि, पालाकोट-७, बाग्लुङ
- तुल ब. पुन, भृकुटी प्रावि, भलाका राङ्सी, रोल्पा
- सुवास भट्टराई, कटुञ्जे-८, ओखलढुङ्गा
- दीपेन्द्र कु. झा, भीमेश्वर निमावि, रामपुर, रामेछाप
- चन्द्रकान्त पहाडी, दुधौली-९, सिन्धुली
- मीनादेवी सिंह 'वली', ने.रा. मावि, माझखर्क-६, सुर्खेत
- वीर ब. डाँगी, ने.रा. प्रावि, पोखरा, सहारे-४, सुर्खेत
- लीलाराम थापा मगर, जनसेवा उमावि, सहारे-७, सुर्खेत
- थानेश्वर पाण्डे, जनसेवा उमावि, सहारे-७, सुर्खेत
- जग ब. वली, प्रावि, भालुखोला, सहारे-७, सुर्खेत
- मान ब. वि.ड., प्रावि सहारे-४, सुर्खेत
- शुकदेव पौडेल, लक्ष्मी प्रावि, सहारे-३, सुर्खेत
- टेक ब. झेडी मगर, प्रावि फाँटबेतेनी, सहारे-३, सुर्खेत
- पतिराम घर्ती मगर, प्रावि भुल्के, सुहारे-९, सुर्खेत
- यदु प्र. शर्मा 'जैसी', निमावि, थग्लेनी, सहारे-२, सुर्खेत
- दुर्ग ब. खत्री, प्रावि सौर, सहारे-२, सुर्खेत
- दिपक ब. थापा क्षेत्री, सरस्वती प्रावि, मेहलकुना-१, सुर्खेत
- कृष्ण ब. भण्डारी, मष्टा प्रावि, मालुमेला-८, बझाङ
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी
- केशव सिंह तिकरी, धारीपाटा मावि, धारी, दार्चुला
- रामजी राउत, जनज्योति प्रावि, माकुरे रिस्कु-४, उदयपुर
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट इ.बो.स्कूल, झलारी-७, कञ्चनपुर
- लीलाधर जोशी, मालिकार्जुन मावि, रिठाचौपाता-६, दार्चुला
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप

**सामान्यज्ञान-३१ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *मोहनदेव जोशी,* रिठाचौपाता-८, मैखोली, दार्चुला**

**सही समाधान पठाउने अन्य सहभागी**

- कृष्णहरि थापा, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- घनश्याम डल्लाकोटी, कीर्तिपुर, काठमाडौं
- सदिच्छा डल्लाकोटी, राराहिल मेमोरियल स्कूल, कीर्तिपुर
- धनञ्जय श्रेष्ठ, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- ओम ब. भण्डारी, बघौडा-९, माडी, चितवन
- माधव प्र. ज्ञवाली, संस्कृत तथा साधरण मावि, रिडी, गुल्मी
- माधव प्र. पौडेल/आश ब. गुरूङ, बहादुरे मावि, भदौरे -१, कास्की
- चन्द्र प्र. वली, भैरव मावि, धुपीढुस्का, जुम्ला
- शिव कु. अधिकारी, सप्तधारा मावि, जीता-८, लमजुङ
- लंकामान राई, शंखरानी निमावि, रानीबास-२, भोजपुर
- पुष्पराज रेग्मी, सप्तधारा मावि, जीता-८, लमजुङ
- रामचन्द्र अधिकारी/सविता भण्डारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।

यस अंकका प्रश्नको जवाफ/समाधान **२० साउन २०६८** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।

**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

# पृथ्वीले कति मानिस पाल्न सक्ला ?

**विश्व जनसङ्ख्या: कहिले कति पुग्यो/पुग्ला ?**

| | | |
|---|---|---|
| १ अर्ब | - | सन् १८०४ |
| २ अर्ब | - | सन् १९२७ |
| ३ अर्ब | - | सन् १९६० |
| ४ अर्ब | - | सन् १९७४ |
| ५ अर्ब | - | सन् १९८७ |
| ६ अर्ब | - | सन् १९९९ |
| ७ अर्ब | - | सन् २०१२ |
| ८ अर्ब | - | सन् २०२७ |
| ९ अर्ब | - | सन् २०४२ |

स्रोत: डेविड ग्राडोल/इइलिस नेक्स्ट

संयुक्त राष्ट्रसंघले अहिलेको विश्व जनसङ्ख्या वृद्धिदर (१.५ प्रतिशत) सन् २०२० सम्ममा १ प्रतिशतमा र सन् २०५० मा ०.५ प्रतिशतमा झर्ने अनुमान गरेको छ। यस अनुसार ८९ वर्षपछि अर्थात् सन् २१०० मा विश्व जनसङ्ख्या १० अर्बको हाराहारीमा स्थिर होला भन्ने ठानिएको छ। तर विश्व जनसङ्ख्याको भविष्य ढुङ्गामै कुँदिएको भने छैन।

जनसङ्ख्याको आकार अनुमान गर्ने कुरा कति संवेदनशील छ भने, विश्वका महिलाले राष्ट्रसंघले गरेको अनुमान भन्दा औसतमा आधा (०.५) बच्चा मात्रै बढी जन्माइदिए भने सन् २१०० मा विश्व जनसङ्ख्या १६ अर्बको नजिक पुग्छ। अनि, विश्वका महिलाहरूले एउटा होइन, आधा बच्चा मात्रै कम जन्माए भने सन् २१०० मा विश्व जनसङ्ख्या ६.२ अर्बमा सीमित हुनेछ। यो भनेको १० वर्षअघि (सन् २००१) को विश्व जनसङ्ख्या हो।

### खानेकुरा

सन् २००९-२०१० मा विश्वले २ अर्ब २६ करोड टन खाद्यान्न उत्पादन गऱ्यो। एउटा मानिसलाई वर्षभरिका निम्ति औसत २०० केजी (०.२ टन) अन्न चाहिन्छ। प्रतिव्यक्ति खपत ०.२ टनले कुल उत्पादन २.२६ अर्ब टनलाई भाग गर्दा विश्वको अहिलेको अन्न उत्पादन ११ अर्ब जनसङ्ख्या पाल्न पर्याप्त देखिन्छ।

तर, आज बाँचिरहेका करिब ७ अर्बमध्ये झण्डै १ अर्ब मानिसले पेटभरी खान पाइरहेका छैनन्। ती भोकमरीबाट पीडित छन्। किन त ? किनभने पृथ्वीमा उत्पादित अन्नको करिब एकतिहाई अंश मासु, दूध र अण्डा आदिका निम्ति पालिने पशुको दानामा खर्च हुन्छ। कुल उत्पादनको षष्ठांश (करिब १७ प्रतिशत) भन्दा बढी अन्न बीउविजन र जैविक इन्धन (इथानोल आदि) लगायतका औद्योगिक प्रयोगमा खपत हुन्छ। यसरी विश्वमा उत्पादित अन्नमध्ये आधा मात्र मानिसको प्रत्यक्ष भोजनका निम्ति उपलब्ध हुने गरेको छ।

नेपालको स्थिति पनि विश्वको भन्दा खासै भिन्न छैन। नेपालमा हाल वार्षिक ८५ लाख टनको हाराहारीमा अन्न उत्पादन हुने गरेको छ। नेपालको जनसङ्ख्या ३ करोड पुगेको मान्दा पनि हरेक नेपालीको भागमा २८३ केजी अन्न पर्न आउँछ। एउटा मानिसलाई वर्षभरिको निम्ति २०० केजी अन्न पर्याप्त हुन्छ भन्ने विश्वव्यापी मान्यता अनुसार हिसाब गर्ने हो भने नेपालको अहिलेको उत्पादन ४ करोड २५ लाख जनसङ्ख्या पाल्न पर्याप्त देखिन्छ।

तर, हिसाबले देखाए जस्तो वास्तविकता कहाँ हुन्थ्यो र! नेपाल अहिले पनि भोकमरीबाट पीडित देशमै गनिन्छ। झण्डै आधा जनसङ्ख्या आधा पेट मात्रै खाएर कुपोषणको सिकार भएर बाँचिरहेको छ। धनी मुलुकमा जस्तो हामीकहाँ अन्नको ठूलो अंश मासुका लागि पालिने पशु तथा औद्योगिक प्रयोजनमा खपत त हुँदैन तर चरा, मुसा, घुन, पुतली, ढुसी र घरेलु जाँड, रक्सी आदिका कारण लगभग त्यति नै अन्न बर्बाद हुने गरेको चाहिँ छ।

माथिको आँकडा र तथ्यलाई अनेक कोणबाट व्याख्या/विश्लेषण गरी धेरै किसिमका निष्कर्ष निकाल्न सकिन्छ। त्यसमध्ये एउटा निष्कर्ष हुनसक्छ, "पृथ्वी आफ्ना जति पनि सन्तानलाई पाल्न सक्षम छ तर तिनले अन्न नै खाइदिनुपर्छ।"

(९ मे, २०११ को *न्यूयोर्क टाइम्स* मा प्रकाशित प्रा. जोएल ई. कोहेनको लेखमा आधारित)

**राजेन्द्र दाहाल**

**श्रम गर्न विदेशतर्फ जाँदा तत्काल फाइदा भए पनि दीर्घकालीन रूपमा सामाजिक र आर्थिक विचलन आइपर्ने हुँदा मुलुकभित्रै परिश्रम गर्नु पसिना बगाउनुमा नै सबैको भलो छ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**



जहाँ नागरिक
त्यहाँ नागरिक
दैनिक
epaper
www.nagariknews.com
Nepal Republic Media
República
नागरिक


YAMAHA
म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८
बल्ल चित्त बुझ्यो !
Mileage 72 Kmpl
125cc
पिकअप र पावर यति राम्रो
उकालोमा पनि चित्त बुझ्यो !
YBR 125
MAW
Morang Auto Works, Tripureshwor, Kathmandu : 01-4261160, 4261847